# वार्षिक प्रतिवेदन, २०८१/०८२




## प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

सानोठिमी, भक्तपुर

मंसिर २०८२

# वार्षिक प्रतिवेदन, २०८१/०८२

## सल्लाहकार
ई. महेश भट्टराई

## सम्पादक मण्डल
टैलेन्द्र आचार्य
एकराज अधिकारी
सीमा कुमारी श्रेष्ठ

## तथ्याङ्क संकलन तथा व्यवस्थापन
पूर्ण भक्त डंगोल
मदन कुमार शाह
देव दत्त बडू

## कम्प्युटर
ई. संगम गौतम
नागेन्द्र कुमार यादव

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
सूचना तथा अनुसन्धान महाशाखा
सानोठिमी, भक्तपुर

प्रकाशन
वार्षिक प्रतिवेदन, २०८१/०८२

प्रकाशक
प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्,
मध्यपुर थिमि नगरपालिका - ०२, सानोठिमी, भक्तपुर, नेपाल

सर्वाधिकार
प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

मुद्रित संस्करण
एघारौं

प्रकाशन मिति
२०८२/०८/१०

# मन्तव्य



श्रम बजारको मागलाई सम्बोधन गर्न आधारभूत, मध्यम तथा उच्चस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्ने, औपचारिक र अनौपचारिक पद्धतिबाट हासिल गरेका सीपको स्तर निर्धारण एवं प्रमाणीकरण गर्ने, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमका सरोकारवालाहरूसँग समन्वय गरी प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमलाई सुव्यवस्थित गर्ने उद्देश्यका साथ प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५ बमोजिम प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को स्थापना भएको हो । स्थापनाकालदेखि परिषद्ले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमको विकास, विस्तार, समतामूलक पहुँच, गुणस्तरको प्रत्याभूति, श्रम बजारको माग र पाठ्यक्रम विकास तथा परिमार्जन, सीपको स्तर निर्धारण एवं प्रमाणीकरण, प्रशिक्षकहरूको क्षमता विकास, अध्ययन तथा अनुसन्धान, अनुगमन तथा मूल्याङ्कन र सरोकारवालाहरूसँग समन्वय र सहकार्य गर्दै आएको छ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गत ९ वटा महाशाखा सहितको केन्द्रीय कार्यालय तथा केन्द्रीय स्तरमा प्राविधिक प्रशिक्षण प्रतिष्ठान, राष्ट्रिय सीप परीक्षण समिति र परीक्षा नियन्त्रण कार्यालय रहेका छन्। त्यसैगरी ७ वटै प्रदेशमा परिषद्का प्रदेश कार्यालयहरू र विभिन्न जिल्लामा ६७ वटा आङ्गिक शिक्षालयहरू रहेका छन्। यसका साथै परिषद् अन्तर्गत ५८ वटा साझेदारी शिक्षालय, ६३९ टेक्स विद्यालय र ४३९ वटा सम्बन्धन प्राप्त निजी शिक्षण संस्थाहरू सञ्चालनमा रहेका छन्। यी संस्थाहरूमा डिप्लोमा/प्रमाणपत्र तह र प्रि-डिप्लोमा तहमा कृषि तथा वन, इन्जिनियरिङ, स्वास्थ्य, होटल व्यवस्थापन र अन्य क्षेत्रमा विविध कार्यक्रमहरू सञ्चालित छन्। जीविकोपार्जन र उद्यमशीलता विकास गर्न आवश्यक पर्ने सीपको लागि निजीस्तरमा देशभर १,८५० वटा तालीम प्रदायक संस्थाहरूले छोटो अवधिको व्यावसायिक सीपमूलक तालीम सञ्चालन गर्न परिषद्बाट सम्बन्धन/स्वीकृति प्राप्त गरेका छन्।

नेपाल सरकारको "सुशासन, सामाजिक न्याय र समृद्धि" को राष्ट्रिय आकांक्षालाई मूर्तरूप दिन परिषद्ले आफ्ना गतिविधिहरू सञ्चालन गर्दै आएको छ। गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीममा सबै नागरिकको समावेशी एवं समतामूलक पहुँच पुऱ्याउन परिषद् क्रियाशील छ। शैक्षिक संस्था वा कार्यक्रमको विस्तार गर्दा भौगोलिक अवस्था, जनसंख्याको चाप, विकासको अवस्था र विशिष्ट सामाजिक एवं साँस्कृतिक अवस्थालाई मध्यनजर गर्दै उत्पादित जनशक्तिको रोजगारीको सुनिश्चितता हुने गरी परिषद्ले आफ्ना कार्यक्रमहरूलाई कार्यस्थलको सिकाइसँग जोड्ने गरी सञ्चालन गर्न, गराउन प्रयासरत छ। प्रशिक्षार्थीहरूलाई बढी भन्दा बढी प्रयोगात्मक अभ्यासमा संलग्न गराउने र अध्ययनको क्रममा उत्पादन भएका वस्तु तथा सेवालाई व्यवस्थित गर्दै आय आर्जन र दिगो विकासमा सहयोग

पुऱ्याउने उद्देश्यले हरेक शिक्षालयहरूमा “सिक्दै-कमाउँदै” को अवधारणा लागू गरी उत्पादन इकाइ स्थापना मार्फत स्वरोजगार र उद्यमशीलता विकासमा जोड दिइएको छ।

आर्थिक वर्ष **२०८१/८२** मा सम्पादन भएका कार्यक्रमहरूबाट प्राप्त मुख्य उपलब्धी र हालसम्मको अवस्थालाई समेटेर प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को वार्षिक प्रतिवेदन, **२०८२** (एघारौं संस्करण) प्रकाशन गरिएको छ। यस प्रतिवेदनले परिषद्बाट विगतमा भए गरेका कार्यक्रमहरूको पुनरावलोकन गरी भावी कार्यदिशा निर्धारणमा सहयोग पुऱ्याउनुका साथै प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमका सरोकारवालाहरूलाई परिषद्ले सञ्चालन गरेका कार्यक्रमहरूको बारेमा जानकारी प्रदान गर्नेछ। यो प्रतिवेदन तयार गर्न खटिनु भएका परिषद्का सम्पूर्ण कर्मचारी र सरोकारवाला व्यक्तिहरूलाई धन्यवाद दिन चाहन्छु। यस प्रकृतिका प्रतिवेदनहरू प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमको क्षेत्रमा क्रियाशील संघ-संस्था तथा सरोकारवालाहरू सबैलाई उपयोगी हुने विश्वास सहित आगामी संस्करण थप परिस्कृत र सूचनामूलक बनाउन यहाँहरू सबैको सल्लाह, सुझाव र सहयोगको अपेक्षा गर्दछु।

ई. महेश भट्टराई
सदस्य सचिव

# कार्यकारी सारांश

प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमलाई सुव्यवस्थित र स्तरयुक्त गर्न एवं त्यस्ता तालीम दिने निकायहरूका बीच समन्वय कायम गर्न तथा सीपको स्तर निर्धारण प्रमाणीकरण गर्नका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को स्थापना भएको हो। प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५ ले देशका लागि आवश्यक आधारभूत, मध्यम तथा उच्चस्तरीय प्राविधिक जनशक्ति तयार गर्ने जिम्मेवारी परिषद्लाई प्रदान गरेको छ। यसका साथै परिषद्ले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमको नीति निर्धारण, सीपको वर्गीकरण, परीक्षण र प्रमाणीकरण, पाठ्यक्रम निर्माण, प्राविधिक शिक्षालयको सम्बन्धन, कार्यक्रम सञ्चालन, प्रशिक्षकको क्षमता विकास, अनुगमन तथा मूल्याङ्कन र अध्ययन-अनुसन्धान लगायतका कार्यहरू गर्दछ । परिषद्ले श्रम बजारको माग अनुसार विभिन्न पेशा/व्यवसायमा छोटो अवधिको सीपमूलक तालीम कार्यक्रमहरू समेत सञ्चालन गर्ने गर्दछ । यस्ता तालीम कार्यक्रमहरू ४० घण्टादेखि १६९६ घण्टा (१ हप्तादेखि १ वर्ष) सम्मका हुने गर्दछन् । साथै परिषद्ले प्राविधिक तथा व्यावसायिक शिक्षा तर्फ १८ महिने प्रि-डिप्लोमा तह र ३ वर्षे डिप्लोमा/प्रमाणपत्र तहका कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ । यस बाहेक परिषद्ले कार्यस्थलको सिकाइमा आधारित प्रि-डिप्लोमा तहको २४ महिने औद्योगिक प्रशिक्षार्थी तालीम (Apprenticeship) समेत सञ्चालन गरिरहेको छ । परिषद् सम्बन्धी आधारभूत विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १: परिषद् सम्बन्धी आधारभूत विवरण**

| | |
|---|---|
| परिषद्को स्थापना | २०४५/११/१२ |
| केन्द्रीय कार्यालय | सानोठिमी, भक्तपुर |
| परिषद् कार्यालयमा रहेका महाशाखा | ९ |
| परिषद् अन्तर्गत अर्ध-स्वायत्त रुपमा सञ्चालित कार्यालय/प्रतिष्ठान/समिति | ३ |
| प्रदेश कार्यालय | ७ |
| आङ्गिक शिक्षालय | ६७ |
| सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (टेक्स) विद्यालय | ६३९ |
| साझेदारी स्वरूपमा सञ्चालित शिक्षालय | ५८ |
| प्रि-डिप्लोमा र डिप्लोमा/प्रमाणपत्र तहका कार्यक्रम सञ्चालनका लागि सम्बन्धन लिएका निजी शिक्षालय | ४३९ |
| छोटो अवधिको सीपमूलक तालीम सञ्चालनका लागि सम्बन्धन लिएका निजी संस्था | १,८५० |
| डिप्लोमा/प्रमाणपत्र तहका पाठ्यक्रम | ५० |
| प्रि-डिप्लोमा तहका पाठ्यक्रम (औद्योगिक प्रशिक्षार्थी तालीम सहित) | ३४ |
| छोटो अवधिको व्यावसायिक तालीमका पाठ्यक्रम | २८५ |
| इलेक्ट्रोनिक शिक्षण सिकाइ सामग्री (e-TLMs) | २९८ |
| सीप परीक्षण गरिने व्यावसायिक क्षेत्र | २७ |

| | |
|---|---|
| सीप परीक्षण गरिने पेशा/व्यवसायको राष्ट्रिय सीप प्रमाणिका | ३१४ |
| सीप परीक्षण उत्तीर्ण गर्नेको संख्या* | ५,११,५६६ |
| पूर्व सिकाइको मान्यता विधिबाट एकाइगत सीप परीक्षण उत्तीर्ण गर्नेको संख्या* | ४,०५९ |
| प्रि-डिप्लोमा तह उत्तीर्ण गर्नेको संख्या* | २,८०,१५० |
| डिप्लोमा/प्रमाणपत्र तह उत्तीर्ण गर्नेको संख्या* | १,८२,४५७ |

* २०८२ असार मसान्तसम्मको विवरण

**परिषद् कार्यालयबाट आ.व. २०८१/८२ मा सम्पादन भएका मुख्य कार्यहरू**

- प्रि-डिप्लोमा तहमा २४ महिने औद्योगिक प्रशिक्षार्थी तालीम (अप्रेन्टिसिप) ८ वटा तथा १८ महिने कार्यक्रमहरू १६ वटा गरी २४ वटा र ३ वर्षे डिप्लोमा/प्रमाणपत्र तहमा ३२ वटा प्राविधिक शिक्षाका कार्यक्रमहरू सञ्चालन गरिएको थियो । प्रि-डिप्लोमा तहमा कुल भर्ना क्षमता २२,३८२ र प्रशिक्षार्थी भर्ना संख्या ४,८९३ तथा डिप्लोमा/प्रमाणपत्र तहमा कुल भर्ना क्षमाता ५३,३४२ र प्रशिक्षार्थी भर्ना संख्या २४,६७८ रहेको थियो । त्यसैगरी प्रि-डिप्लोमा तहको अप्रेन्टिसिप कार्यक्रम तर्फ २,५८५ कोटामा २,४२९ जना भर्ना भएका थिए ।
- शैक्षिक सत्र २०८१/८२ मा प्रि-डिप्लोमा तहमा ७८२ कोटामा १५१ जना र डिप्लोमा/प्रमाणपत्र तहमा २,९२७ कोटामा २,१११ जनाले वर्गीकृत (निःशुल्क) छात्रवृत्तिमा छनौट भई निःशुल्क प्राविधिक शिक्षाको अध्ययन गर्ने अवसर प्राप्त गरेका थिए । त्यसैगरी प्रि-डिप्लोमा तहमा २६४ जना र डिप्लोमा/प्रमाणपत्र तहको पहिलो सेमेष्टर/वर्षमा ९३७ जना गरी १,२०१ जना प्रशिक्षार्थीहरूले जेहेन्दार छात्रवृत्ति प्राप्त गरेका थिए ।
- राष्ट्रिय सीप परीक्षण समितिबाट विभिन्न पेशा व्यवसायमा तह १ देखि ४ सम्म भएको सीप परीक्षणमा १८,५८४ जना सहभागी भएका थिए । सहभागीहरूमध्ये १३,६०५ जना सीप परीक्षणमा उत्तीर्ण भएका थिए ।
- प्राविधिक शिक्षाको पहुँच नपुगेका ७८ पालिकाका १२० र दलित, मुस्लिम, विपन्न तथा सीमान्तकृत वर्गका ३६० गरी ४८० जना विद्यार्थीहरूका लागि प्रि-डिप्लोमा र डिप्लोमा/प्रमाणपत्र तहका कार्यक्रमहरूमा आवासीय सुविधा सहितको निःशुल्क छात्रवृत्तिका लागि सूचना प्रकाशन गरिएकोमा प्रि-डिप्लोमा तहका कार्यक्रममा ३५ जना र डिप्लोमा/प्रमाणपत्र तहका कार्यक्रममा ३६२ जना गरी जम्मा ३९७ जना प्रशिक्षार्थी भर्ना भएका थिए ।
- श्रम बजारको माग बमोजिम उच्च रोजगारीको सम्भावना भएका पेशा/व्यवसायमा ५,१६० युवालाई सीप मूलक तालीम सञ्चालन गरिएको थियो ।
- परिषद्का आङ्गिक शिक्षालयहरूमा सिक्दै-कमाउँदै अवधारणा अनुसार प्रयोगात्मक अभ्यास मार्फत वस्तु तथा सेवाको उत्पादन र बजारीकरणलाई निरन्तरता प्रदान गरिएको थियो ।
- बाल सुधार गृहका १२० जना बालबालिकाका लागि सीपमूलक तालीम सञ्चालन गरिएको थियो ।

- पूर्व सिकाइको मान्यता विधिबाट गरिने इकाइगत सीप परीक्षणमा २,६२१ जना सहभागीमध्ये २,२२९ जना उत्तीर्ण भएका थिए । राष्ट्रिय सीप परीक्षण समितिबाट सञ्चालन गरिने विभिन्न पेशा/व्यवसायको सीप परीक्षणमा १८,५८४ सहभागी भएका थिए । सहभागीहरूमध्ये १३,६०५ जना सीप परीक्षणमा उत्तीर्ण भएका थिए ।
- छोटो अवधिको Training with OJT कार्यक्रममा १,३२० जना सहभागी भएका थिए ।
- परिषद्‌का ७ वटा आङ्गिक शिक्षालयहरूको भौतिक पूर्वाधार निर्माण तथा स्तरोन्नति गरिएको थियो ।
- प्राविधिक प्रशिक्षण प्रतिष्ठान (TITI) मार्फत प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम क्षेत्रका १,८५२ जना प्रशिक्षक, कर्मचारी तथा व्यवस्थापकहरूका लागि विभिन्न विषयमा पेशागत क्षमता विकास तालीम कार्यक्रम सञ्चालन गरिएको थियो ।
- स्वदेशी तथा विदेशी शैक्षिक संस्थाबाट प्रि-डिप्लोमा तथा डिप्लोमा प्रमाणपत्र तह उत्तीर्ण गरेका ६,८९० जना विद्यार्थीहरूलाई समकक्षता प्रदान गरिएको थियो ।
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्‌द्वारा मिति २०८१/०३/२८ गते पदपुर्ति सम्बन्धी प्रकाशित सूचना बमोजिम लोक सेवा आयोगद्वारा लिखित परीक्षामा सफल भई अन्तरवार्ताबाट खुल्ला तथा समावेशी तर्फ १०८ जना र आन्तरिक प्रतियोगिता तर्फ ७ जना कर्मचारीलाई विभिन्न पदमा छनौट गरिएको थियो । त्यसै गरी कार्यक्षमताका आधारमा १९ जना र जेष्ठता तथा कार्यसम्पादनका आधारमा ३७ जना कर्मचारीहरू माथिल्लो पदमा बढुवा भएका थिए ।
- श्रम बजारको माग बमोजिम हुने गरी पाठचक्रम विकास तथा समकक्षता निर्धारण महाशाखाबाट ७ वटा नयाँ पाठचक्रम विकास गरिएको र ६ वटा पाठचक्रम परिमार्जन गरी लागू गरिएको थियो ।
- परिषद् कार्यालयको आ.व. २०८१/८२ मा भौतिक प्रगति ७९.६५% र वित्तीय प्रगति ७१.१५% रहेको थियो ।

परिषद्‌ले आ.व. २०८१/८२ मा कार्यसम्पादन सुधारका लागि विभिन्न प्रयासहरू र नवप्रवर्तनात्मक कार्यहरू गरेको थियो । यस्ता कार्यहरूमा समुदायसँगको सहकार्यमा प्राविधिक शिक्षाका कार्यक्रम सञ्चालन, सिक्दै-कमाउँदै अवधारणाको कार्यान्वयन, कार्यस्थलको सिकाइमा जोड, गुणस्तर सुनिश्चितता, सेवा प्रवाहमा पारदर्शिता र सहभागिता, पूर्व सिकाइको मान्यता विधिको अवलम्बन र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँगको सहकार्य रहेका छन् ।

परिषद्‌ले सामना गरिरहेका प्रमुख समस्या तथा चुनौतीहरूमा देशको शासकीय प्रणालीसँग मेल खाने गरी संरचनागत र कार्यक्रमगत पुनर्संरचना, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम सम्बन्धी संघीय ऐनको अभाव, मानव संसाधनको समुचित व्यवस्थापन, सीमित स्रोत साधनको परिचालन गरी अधिकतम लक्ष्य प्राप्ति, सीप नक्शांकनका आधारमा प्राविधिक शिक्षाका कार्यक्रमको विस्तार, प्रशिक्षार्थीको भर्ना, टिकाउ र रोजगारी दरमा अभिवृद्धि, श्रम बजारको माग बमोजिमका पाठचक्रमको विकास तथा कार्यान्वयन, गुणस्तर सुनिश्चितता, डिजिटल रूपान्तरण लगायतका विषयसँग सम्बन्धित रहेका छन् ।

परिषद्को भावी कार्यक्रममा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम सम्बन्धी संघीय ऐन निर्माण र परिषद्को पुनर्संरचनामा सहजीकरण गर्ने, श्रम बजारको लागि दक्ष जनशक्ति तयारीका साथै उच्च प्राविधिक तथा व्यावसायिक शिक्षाको आधारशीलाको रूपमा राष्ट्रिय व्यावसायिक योग्यता प्रारूपसँग तादाम्यता मिलाई कार्यान्वयन गर्ने, राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको कार्यान्वयन गर्ने, पाठ्यक्रममा समय सापेक्ष परिमार्जन गरी उद्योग/व्यवसायमा कार्यगत अभ्यास (Work-based learning) को सुनिश्चितता गर्ने, उद्योगमा कार्यरत प्राविधिकलाई प्रशिक्षक तथा गुणस्तर परीक्षकको रूपमा तयार गर्ने, उद्योगसँगको लागत साझेदारीमा व्यावसायिक तालीम कार्यक्रमहरू सञ्चालन गर्ने, औद्योगिक प्रशिक्षार्थी तालीम कार्यक्रमलाई विस्तार गर्ने, उत्पादक क्षेत्र (Productive Sector) समेतको सहभागितामा सिक्दै-कमाउँदै कार्यक्रम कार्यान्वयन गर्ने, TVET को राष्ट्रिय पाठ्यक्रम प्रारूप (National TVET Curriculum Framework - NCF) स्वीकृत गरी कार्यान्वयन गर्ने, TMIS/MIS लाई एकीकृत र स्तरोन्नति गर्ने र प्राविधिक तथा व्यावसायिक शिक्षाको १० वर्षे रणनीतिक योजना कार्यान्वयन गर्ने लगायतका कार्यक्रमहरू रहेका छन् ।

# विषयसूची


परिच्छेद एक

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को संक्षिप्त परिचय.................................१

१.१ ऐतिहासिक पृष्ठभूमि.................................................................. १

१.२ प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को उद्देश्य ............................................. ४

१.३ प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम सभाको गठन............................................... ५

१.४ सभाको काम, कर्तव्य र अधिकार...................................................................... ५

१.५ प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को गठन ................................................ ६

१.६ परिषद्को काम, कर्तव्य र अधिकार ................................................................. ६

१.७ कानुनी प्रबन्ध .............................................................................. ७

परिच्छेद दुई

प्रशासनिक तथा वित्तीय स्थिति................................................................ ८

२.१ परिषद्को संगठन संरचना.................................................................. ८

२.१.१ महाशाखाको कार्यविवरण......................................................................... ८

२.१.२ अर्ध-स्वायत्त निकायहरूको कार्य विवरण..................................................................११

२.१.३ परिषद्का प्रदेश कार्यालयहरूको कार्यविवरण..............................................................१२

२.२ शिक्षालयको विकास तथा विस्तार.....................................................................१३

२.२.१ आङ्गिक शिक्षालय र सञ्चालित कार्यक्रम .......................................................................१५

२.२.२ साझेदारी शिक्षालय र सञ्चालित कार्यक्रम ...................................................................१५

२.२.३ सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम...................................................१५

२.२.४ निजी प्राविधिक शिक्षालय र सञ्चालित कार्यक्रम ...................................................१५

२.२.५ छोटो अवधिको सीपमूलक तालीम प्रदायक संस्थाहरू...................................................१६

२.३ उत्पादित जनशक्ति र रोजगारीको अवस्था...................................................................१७

२.३.१ प्राविधिक शिक्षाका कार्यक्रमबाट उत्पादित जनशक्तिको विवरण..............................................१७

२.३.२ सीप परीक्षणबाट उत्पादित जनशक्तिको विवरण...................................................१७

२.३.३ प्राविधिक शिक्षा उत्तीर्ण गरेकाहरूको रोजगारीको अवस्था ............................................१८

२.३.४ सीप परीक्षण उत्तीर्ण गरेकाहरूको रोजगारीको अवस्था............................................१८

२.४ परिषद्को आय, व्यय र बेरुजुको अवस्था......................................................... २०

२.४.१ बजेट र खर्च.............................................................................२०

२.४.२ परिषद् कोष ............................................................................... २१

२.४.३ बेरुजुको अवस्था........................................................................... २२

परिच्छेद तीन

परिषद्बाट सम्पादित कार्यहरू........................................................... २३

३.१ शैक्षिक कार्यक्रम र तालीम.............................................................................२३

३.१.१ शैक्षिक कार्यक्रमहरूमा प्रशिक्षार्थी भर्नाको अवस्था ............................................... २३

३.१.२ छात्रवृत्ति कार्यक्रम.............................................................................२७

**३.१.३** प्रशिक्षण शुल्क ........ २९
**३.१.४** छोटो अवधिका तालीम कार्यक्रम सञ्चालन ........ २९
**३.२** पाठ्यक्रम विकास तथा समकक्षता निर्धारण ........ ३०
**३.२.१** पाठ्यक्रम निर्माण र परिमार्जन ........ ३०
**३.२.२** समकक्षता निर्धारण ........ ३१
**३.३** परीक्षा सञ्चालन तथा व्यवस्थापन ........ ३१
**३.४** सीप परीक्षण तथा प्रमाणीकरण ........ ३२
**३.५** अध्ययन तथा अनुसन्धान ........ ३४
**३.६** मानव संशाधनको व्यवस्थापन तथा विकास ........ ३७
**३.६.१** कर्मचारी पदपूर्ति ........ ३७
**३.६.२** प्राविधिक प्रशिक्षण प्रतिष्ठानबाट सञ्चालित क्षमता विकास तालीम ........ ३८
परिच्छेद चार
कार्यसम्पादन सुधार र नवप्रवर्तनात्मक कार्य ........ ४०
**४.१** समुदायसँगको सहकार्यमा प्राविधिक शिक्षाका कार्यक्रम सञ्चालन ........ ४०
**४.२** सिक्दै-कमाउँदै अवधारणाको कार्यान्वयन ........ ४०
**४.३** कार्यस्थलको सिकाइमा जोड ........ ४१
**४.४** गुणस्तर सुनिश्चितता ........ ४१
**४.५** पारदर्शिता र सहभागिता ........ ४२
**४.६** पूर्व सिकाइको मान्यता ........ ४२
**४.७** राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्थासँग सहकार्य ........ ४२
परिच्छेद पाँच
समस्या, चुनौती तथा भावी कार्यक्रम ........ ४३
**५.१** समस्या तथा चुनौतीहरू ........ ४३
**५.२** भावी कार्यक्रम ........ ४४
अनुसूची **१**: परिषद्का कानुनी दस्तावेजहरू ........ ४६
अनुसूची **२**: परिषद्का प्रदेश कार्यालयहरू ........ ४८
अनुसूची **३**: परिषद्का आङ्गिक शिक्षालय र कार्यक्रम ........ ४९
अनुसूची **४**: साझेदारी स्वरूपमा सञ्चालित शिक्षालय र कार्यक्रम ........ ५९
अनुसूची **५**: शै.स. **२०८१/८२** मा प्राविधिक शिक्षाका कार्यक्रमहरूमा प्रशिक्षार्थी भर्नाको अवस्था ........ ६६
अनुसूची **६**: प्रशिक्षण शुल्क ........ ६९
अनुसूची **७**: प्राविधिक शिक्षाका पाठ्यक्रमको विवरण ........ ७२
अनुसूची **८**: आ.व. **२०८१/८२** सम्म उत्पादित जनशक्ति ........ ७६
अनुसूची **९**: आ.व. **२०८१/८२** मा भएको सीप परीक्षणको विवरण ........ ७८
अनुसूची **१०**: पूर्व सिकाइको मान्यता सम्बन्धी विवरण ........ ८१
अनुसूची **११**: आ.व. **२०८१/८२** मा अनिवार्य अवकाश भएका कर्मचारीको विवरण ........ ८२

# तालिका सूची


तालिका नं. १: परिषद् सम्बन्धी आधारभूत विवरण ........ i
तालिका नं. २: परिषद्को स्थापनाकालदेखि हालसम्म भएका महत्वपूर्ण घटनाक्रम ........ २
तालिका नं. ३: प्राविधिक शिक्षालयहरूको विकास तथा विस्तार ........ १३
तालिका नं. ४: शिक्षालयहरूको प्रदेशगत विवरण ........ १४
तालिका नं. ५: निजी स्तरमा सम्बन्धन स्वीकृति प्राप्त संस्था र कार्यक्रमको विवरण ........ १६
तालिका नं. ६: छोटो अवधिको सीपमूलक तालीम सञ्चालनका लागि सम्बन्धन प्राप्त निजी संस्थाहरू ........ १६
तालिका नं. ७: प्राविधिक शिक्षाका कार्यक्रमहरूबाट उत्पादित जनशक्तिको विधागत विवरण ........ १७
तालिका नं. ८: सीप परीक्षण प्रमाणीकृत जनशक्तिको तहगत विवरण ........ १७
तालिका नं. ९: सीप परीक्षण प्रमाणपत्र प्राप्त गरेकाहरूको रोजगारीको अवस्था ........ १९
तालिका नं. १०: आ.व. २०७७/७८ देखि २०८२/८३ सम्मको परिषद्को बजेट विवरण ........ २०
तालिका नं. ११: आ.व. २०७७/७८ देखि २०८२/८३ सम्मको परिषद्को प्रदेशगत बजेट ........ २०
तालिका नं. १२: आ.व. २०७७/७८ देखि २०८१/८२ सम्म परिषद्को आय, व्यय तथा प्रगति विवरण ........ २१
तालिका नं. १३: परिषद् केन्द्रीय कार्यालय र अन्तर्गतका निकायहरूको बेरुजुको अवस्था ........ २२
तालिका नं. १४: शै.स. २०८१/८२ मा वर्गीकृत (निःशुल्क) छात्रवृत्ति वितरण ........ २७
तालिका नं. १५: शै.स. २०८१/८२ मा जेहेन्दार छात्रवृत्ति वितरण ........ २८
तालिका नं. १६: शैक्षिक सत्र २०८१/८२ मा विशेष छात्रृत्ति प्राप्त गर्ने प्रशिक्षार्थीको विवरण ........ २८
तालिका नं. १७: परिषद्मा विद्यमान पाठ्यक्रमको क्षेत्रगत विवरण ........ ३०
तालिका नं. १८: आ.व. २०८१/८२ मा निर्माण तथा परिमार्जन गरिएका पाठ्यक्रमको विवरण ........ ३१
तालिका नं. १९: परिषद्बाट समकक्षता प्राप्त गर्ने प्रशिक्षार्थीको विवरण ........ ३१
तालिका नं. २०: राष्ट्रिय पेशागत सीप प्रमाणीका सम्बन्धी विवरण ........ ३२
तालिका नं. २१: आ.व. २०८१/८२ मा सञ्चालित सीप परीक्षण सम्बन्धी तहगत विवरण ........ ३३
तालिका नं. २२: आ.व. २०८१/८२ सम्मको सीप परीक्षणको विवरण ........ ३४
तालिका नं. २३: परिषद्बाट भएका अनुसन्धानात्मक कार्यको संक्षिप्त विवरण ........ ३५
तालिका नं. २४: परिषद्को दरबन्दी संख्या तथा सेवा करार सम्बन्धी विवरण ........ ३७
तालिका नं. २५: कर्मचारीको स्थायी पदपूर्तिका लागि विज्ञापन गरिएको संख्या ........ ३८
तालिका नं. २६: TITI बाट आ.व. २०८१/८२ मा सञ्चालित तालीम कार्यक्रमको विवरण ........ ३९
तालिका नं. २७: TITI बाट आ.व. २०८१/८२ सम्म सञ्चालन भएका तालीम कार्यक्रमको विवरण ........ ३९

# रेखाचित्र सूची


रेखाचित्र नं. १: परिषद्को वर्तमान सांगठनिक संरचना ........ ८
रेखाचित्र नं. २: प्राविधिक शिक्षालय विस्तारको तुलनात्मक विवरण ........ १४
रेखाचित्र नं. ३: परिषद्बाट उत्पादित जनशक्तिको रोजगारीको अवस्था ........ १८
रेखाचित्र नं. ४: सीप परीक्षणका ग्र्याजुएटहरूको रोजगारीको अवस्था ........ १९
रेखाचित्र नं. ५: डिप्लोमा तहको नियमित कार्यक्रममा भर्ना क्षमता र प्रशिक्षार्थी भर्नाको अवस्था ........ २३
रेखाचित्र नं. ६: शिक्षण संस्थाको प्रकार अनुसार डिप्लोमा तहमा प्रशिक्षार्थी भर्नाको अवस्था ........ २४
रेखाचित्र नं. ७: प्रि-डिप्लोमा तहको नियमित कार्यक्रममा भर्ना क्षमता र प्रशिक्षार्थी भर्नाको अवस्था ........ २५
रेखाचित्र नं. ८: प्रि-डिप्लोमा तहमा प्रशिक्षार्थी भर्नाको अवस्था ........ २५
रेखाचित्र नं. ९: प्रि-डिप्लोमा तहको अप्रेन्टिसिप कार्यक्रममा प्रशिक्षार्थी भर्नाको अवस्था ........ २६


# वृत्तचित्र सूची


वृत्तचित्र नं. १: डिप्लोमा तहमा भर्ना भएका प्रशिक्षार्थीहरूको लैङ्गिक विवरण ........ २४
वृत्तचित्र नं. २: प्रि-डिप्लोमा तहमा भर्ना भएका प्रशिक्षार्थीहरूको लैङ्गिक विवरण ........ २६
वृत्तचित्र नं. ३: अप्रेन्टिसिप कार्यक्रमका प्रशिक्षार्थीहरूको लैङ्गिक स्थिति ........ २७

# परिच्छेद एक

## प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को संक्षिप्त परिचय

### १.१ ऐतिहासिक पृष्ठभूमि

नेपालमा परापूर्वकालदेखि नै सीप विकासका लागि शिक्षा र तालीम प्रदान हुँदै आएको पाइन्छ । नेपालको आफ्नै मौलिक तथा परम्परागत सीप विकासको इतिहास छ । लिच्छवीकाल तथा मल्लकालमा हस्तकला, वास्तुकला, मूर्तिकला, धातुकलाको प्रबर्द्धन गरी व्यावसायिक शिक्षा र तालीमलाई आय आर्जनको एक महत्वपूर्ण आधार मानिएको देखिन्छ । मल्लकालमा अरनिकोले मूर्ति बनाउने र प्यागोडा शैलीका मन्दिरहरू निर्माण गर्ने एक कुशल कालिगडको रूपमा देश तथा विदेशमा ख्याती कमाएका थिए । अरनिको नेपालका राष्ट्रिय विभूति समेत हुन् । औद्योगिक विकासको प्रभावसँगै राणाकालमा पनि प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमको विकासका लागि केही प्रयासहरू भएको देखिन्छ । गेहेन्द्र शमशेर लगायतका विद्यार्थीहरूलाई इन्जिनियरिङ विषयमा छात्रवृत्तिमा अध्ययन गर्न जापान पठाइएको दृष्टान्तबाट यस कुराको पुष्टि हुन्छ ।

नेपालमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमको आधारशीलाको रूपमा वि.सं. १९८७ (सन् १९३०) मा स्थापना भएको इन्जिनियरिङ स्कुल (हालको पुल्चोक क्याम्पस) लाई लिन सकिन्छ । वि.सं. २०१३ सालमा नेपालमा पहिलो नर्सिङ स्कुलको स्थापना भयो । त्यसैगरी वि.सं. २०१८ मा मेकानिकल प्रशिक्षण केन्द्र (हालको बालाजु स्कुल अफ इन्जिनियरिङ एन्ड टेक्नोलोजी) र वि.सं. २०१९ मा बुटवल टेक्निकल इन्स्टिच्युटको स्थापना पश्चात् औद्योगिक क्षेत्रका लागि आवश्यक आधारभूत तहका प्राविधिक जनशक्ति नेपालमै उत्पादन गर्न शुरु गरेको पाइन्छ ।

सीपयुक्त जनशक्ति नै देश विकासका आधार हुन् भन्ने मान्यतालाई मनन् गर्दै आधारभूत तथा मध्यमस्तरका दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्न वि.सं. २०३७ मा प्राविधिक शिक्षालय योजना लागू भई जुम्लामा सर्वप्रथम कर्णाली प्राविधिक शिक्षालयको स्थापना भएको थियो । त्यस पश्चात् लहान प्राविधिक शिक्षालय, सिरहा, उत्तरपानी प्राविधिक शिक्षालय, धनकुटा, जिरी प्राविधिक शिक्षालय, दोलखा जस्ता प्राविधिक शिक्षालयहरू क्रमशः स्थापना हुदै आएको पाइन्छ । प्राविधिक शिक्षालय योजना कार्यान्वयन सम्बन्धी नीतिगत मार्गदर्शनका लागि वि.सं. २०३९ मा राष्ट्रिय शिक्षा समिति अन्तर्गत रहने गरी प्राविधिक तथा व्यावसायिक शिक्षा समिति गठन भयो । देशका विभिन्न स्थानमा स्थापना भएका प्राविधिक शिक्षालयहरूको व्यवस्थापन एवं प्रशासनिक कामकाजका लागि प्राविधिक तथा व्यावसायिक शिक्षा निर्देशनालय गठन भयो । वि.सं. २०३९ सालमा सीपको स्तर निर्धारण, परीक्षण तथा प्रमाणीकरण गर्ने उद्देश्यले सीप परीक्षण परिषद् (Skill Testing Authority) नामक छुट्टै निकायको व्यवस्था गरियो ।

प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमलाई सुव्यवस्थित र स्तरयुक्त गर्न तथा यस्ता कार्यक्रम सञ्चालन गर्ने निकायहरूका बीचमा समन्वय कायम गर्न तथा सीपको स्तर निर्धारण गरी प्रमाणीकरण गर्नका लागि एउटा छुट्टै निकायको आवश्यकता महसुस भई प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५ मार्फत एक स्वशासित र संगठित संस्थाको रूपमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को स्थापना भयो । परिषद्को स्थापनाकालदेखि भएका महत्वपूर्ण घटनाक्रमहरूलाई तलको तालिकामा दर्शाइएको छ ।

तालिका नं. २: परिषद्को स्थापनाकालदेखि हालसम्म भएका महत्वपूर्ण घटनाक्रम

| क्र.सं. | साल | महत्वपूर्ण घटनाक्रम | विवरण |
|---|---|---|---|
| १. | २०४५ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५ | वि.सं. २०४५ कार्तिक २७ गते प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन जारी |
| २. | २०४५ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को स्थापना | २०४५ साल फागुन १२ गते १४ औँ शिक्षा दिवसको अवसरमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को स्थापना भएको । परिषद्को स्थापना भए पश्चात् निम्न शिक्षालयहरू परिषद् मातहतमा आएका[1]:<br>• कर्णाली प्राविधिक शिक्षालय, जुम्ला<br>• जिरी प्राविधिक शिक्षालय, दोलखा<br>• मेकानिकल प्रशिक्षण केन्द्र, बालाजु, काठमाण्डौ<br>• लहान प्राविधिक शिक्षालय, सिरहा<br>• उत्तरपानी प्राविधिक शिक्षालय, धनकुटा<br>• ललितपुर प्राविधिक शिक्षालय, ललितपुर<br>• कुम्भेश्वर प्राविधिक शिक्षालय, ललितपुर<br>• पूर्वाञ्चल प्राविधिक शिक्षालय, धरान<br>• सानोठिमी प्राविधिक शिक्षालय, भक्तपुर |
| ३. | २०४६ | सीप परीक्षण महाशाखा | सीप परीक्षण परिषद् CTEVT को सीप परीक्षण महाशाखामा रूपान्तरण |
| ४. | २०४८ | TITI को स्थापना | Training Institute for Technical Instruction (TITI) को स्थापना (स्थापनाकालमा यसको नाम Technical Instructor's Training Institute (TITI) रहेको) |
| ५. | २०५१ | प्राविधिक शिक्षा तथा व्यावसायिक परिषद् नियमावली | प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् नियमावली २०४६ लाई खारेज गरी नयाँ नियमावली जारी |
| ६. | २०५१ | निजी प्राविधिक शिक्षालयलाई सम्बन्धन/स्वीकृति | परिषद्बाट निजी स्तरमा प्राविधिक शिक्षालयलाई सम्बन्धन/स्वीकृति दिने कार्यको शुरुवात |
| ७. | २०५४ | प्राविधिक शिक्षा सम्बन्धी नीति | सन् १९९७ मा प्राविधिक शिक्षा सम्बन्धी नीति जारी |

[1] शर्मा, गोपीनाथ (२०६९), नेपालमा शिक्षाको इतिहास भाग २, काठमाण्डौः मकालु प्रकाशन गृह, पृ. २८७-२८९ ।

| | | | |
|---|---|---|---|
| ८. | २०५६ | साझेदारी शिक्षालय | तानसेन नर्सिङ स्कुल, पाल्पालाई पहिलो पटक साझेदारी स्वरूपमा कार्यक्रम सञ्चालनका लागि सम्बन्धन/स्वीकृति प्रदान |
| ९. | २०५६ | डिप्लोमा/प्रमाणपत्र तह | त्रिभुवन विश्वविद्यालयमा सञ्चालित पाठ्यक्रममा आधारित भएर परिषद् अन्तर्गत डिप्लोमा/प्रमाणपत्र तहका कार्यक्रमहरूको शुरुवात |
| १०. | २०५७ | ANNEX कार्यक्रम | प्रत्येक विकास क्षेत्रबाट ३ वटाका दरले १५ वटा सामुदायिक विद्यालयहरूको भौतिक पूर्वाधार उपयोग गर्नेगरी एनेक्स स्कुल (ANNEX कार्यक्रम, हालको Technical Education in Community Schools - TECS) शुरुवात |
| ११. | २०५८ | त्रि.वि. बाट डिप्लोमा तहका कार्यक्रमहरू फेज आउट | त्रिभुवन विश्वविद्यालय अन्तर्गतका इन्जिनियरिङ अध्ययन संस्थान, कृषि तथा पशु विज्ञान अध्ययन संस्थान र वन विज्ञान अध्ययन संस्थानबाट डिप्लोमा तहका कार्यक्रम फेज आउट भएको |
| १२. | २०६३ | TVET मा उच्च तहसम्मको प्रावधान | प्राविधिक तथा व्यावसायिक शिक्षा ऐन, २०४५ मा दोश्रो संशोधन मार्फत उच्चस्तरीय प्राविधिक जनशक्ति उत्पादनको व्यवस्था |
| १३. | २०६४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम सीप विकास सम्बन्धी नीति | मन्त्रिपरिषद्को २०६४/०६/०३ को निर्णयबाट प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम सीप विकास सम्बन्धी नीति, २०६४ स्वीकृत । उक्त नीतिले विस्तार (expansion), पहुँच र समावेशीकरण (access and inclusion), वृत्तिमार्गको एकीकरण (integration of pathways), सान्दर्भिकता (relevancy) र दिगो लगानी (sustainable funding) मा जोड दिएको |
| १४. | २०६५ | क्षेत्रीय कार्यालय | परिषद् अन्तर्गत पूर्व क्षेत्र, मध्य क्षेत्र र पश्चिम क्षेत्र गरी ३ वटा क्षेत्रीय कार्यालयहरूको स्थापना |
| १५. | २०६९ | प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालीम नीति | मन्त्रिपरिषद्को २०६६/१०/१३ गतेको निर्णयानुसार वि.सं. २०६४ को नीतिमा परिमार्जन गरी प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालीम नीति, २०६९ जारी |
| १६. | २०७० | सामुदायिक विद्यालयमा प्राविधिक धार | शिक्षा तथा मानव स्रोत विकास केन्द्र (साविकको शिक्षा विभाग) ले सामुदायिक विद्यालयमा कक्षा ९ देखि प्राविधिक धार अन्तर्गत इन्जिनियरिङमा सिभिल, कम्प्युटर र इलेक्ट्रिकल र कृषिमा बाली विज्ञान र पशु विज्ञान गरी ५ वटा कार्यक्रमको शुरुवात |

| | | | |
|---|---|---|---|
| १७. | २०७५ | राष्ट्रिय चिकित्सा शिक्षा ऐन | राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ मा विश्वविद्यालयहरूले चिकित्सा शिक्षा तर्फ प्रमाणपत्र तह वा सो भन्दा मुनिका कार्यक्रम सञ्चालन गर्न नपाउने र प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्ले सञ्चालन गरेका प्रमाणपत्र तह मुनिका स्वास्थ्य शिक्षाका कार्यक्रमहरू फेज आउट गरी मापदण्ड बमोजिम स्तरोन्नति गर्ने व्यवस्था |
| १८. | २०७६ | राष्ट्रिय शिक्षा नीति | नेपाल सरकार मन्त्रिपरिषद्को २०७६/०७/१८ को निर्णयबाट प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालीम नीति, २०६९ लगायत शिक्षा क्षेत्रका ५ वटा नीतिहरू खारेज गरी एकीकृत राष्ट्रिय शिक्षा नीति २०७६ जारी |
| १९. | २०७७ | प्रि-डिप्लोमा तहका स्वास्थ्य सम्बन्धी कार्यक्रमहरू फेज आउट | राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ जारी भएको २ वर्ष भित्र प्रमाणपत्र तहभन्दा मुनिका कार्यक्रमहरू फेज आउट हुने प्रावधान बमोजिम परिषद् अन्तर्गत सञ्चालित प्रि-डिप्लोमा तहका स्वास्थ्य तर्फका कार्यक्रमहरू बन्द भई ऐ. नियमावली, २०७७ अनुसार स्तरोन्नतिको व्यवस्था |
| २०. | २०७७ | राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप | २०७७ वैशाख २१ गते नेपाल सरकार, मन्त्रिपरिषद्बाट राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप सहितको राष्ट्रिय योग्यता प्रारूप स्वीकृत |
| २१. | २०७९ | प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम क्षेत्रको रणनीतिक योजना | प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम क्षेत्रको दश वर्षे रणनीतिक योजना (TVET Sector Strategic Plan - TSSP, 2023-2032) स्वीकृत । योजना तीन चरणमा कार्यान्वयन गरिने - शुरुका २ वर्षमा समन्वय, सुदृढीकरण र संस्थागत क्षमता विकासमा जोड दिइने, त्यसपछिका ५ वर्ष लाभदायक परिणाममा केन्द्रित हुने र बाँकी ३ वर्षमा टीभीईटीको विकास एवं विस्तार गर्ने योजना । |

## १.२ प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को उद्देश्य

आधारभूत, मध्यम तथा उच्चस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्न सुनियोजित रूपमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको व्यवस्था तथा सीपको स्तर निर्धारण एवं प्रमाणीकरण गर्ने, प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालीम प्रदायक निकायहरूसँग समन्वय गरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमका कार्यक्रमहरूको विस्तार गर्ने मूल उद्देश्यका साथ प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५ बमोजिम स्वायत्त निकायको रुपमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को स्थापना भएको हो । परिषद्ले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम सम्बन्धी नीति निर्धारण, कार्यक्रमहरूको कार्यान्वयन र समन्वय, गुणस्तरको प्रत्याभूति, पाठ्यक्रम निर्माण तथा परिमार्जन, प्रशिक्षकको क्षमता अभिवृद्धि, अध्ययन अनुसन्धान, छोटो अवधिको सीपमूलक तालीम सञ्चालन, औपचारिक तथा अनौपचारिक रुपमा सिकेका सीपको प्रमाणीकरण, प्रि-डिप्लोमा र डिप्लोमा/प्रमाणपत्र तहको प्रशिक्षण, परीक्षा सञ्चालन, व्यवस्थापन र प्रमाणपत्र वितरण लगायतका कामहरू गर्दै आएको छ ।

## १.३ प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम सभाको गठन

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐनमा परिषद्का काम कारवाहीलाई मार्गदर्शन प्रदान गरी सुव्यवस्थित ढंगले सञ्चालन गर्नका लागि माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीज्यूको अध्यक्षतामा २३ सदस्यीय सभाको व्यवस्था गरिएको छ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम सभा देहाय बमोजिम हुने व्यवस्था रहेको छ ।

१. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री वा राज्यमन्त्री - अध्यक्ष
२. सदस्य, राष्ट्रिय योजना आयोग (जनशक्ति हेर्ने) - सदस्य
३. सदस्य, लोकसेवा आयोग - सदस्य
४. सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय - सदस्य
५. सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय - सदस्य
६. सचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय - सदस्य
७. सचिव, संस्कृती, पर्यटन तथा नागरिक उड्ड्यन मन्त्रालय - सदस्य
८. उपाध्यक्ष, प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् - सदस्य
९. शिक्षाध्यक्ष, त्रिभुवन विश्वविद्यालय - सदस्य
१०. अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ - सदस्य
११. विश्वविद्यालयहरूका प्राविधिक डीनहरूमध्येबाट अध्यक्षले मनोनीत गरेका पाँच जना - सदस्य
१२. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीममा विशेष योगदान पु¥याएका व्यक्तिहरूमध्येबाट अध्यक्षले मनोनीत गरेका तीन जना - सदस्य
१३. औद्योगिक प्रतिष्ठानहरूका व्यक्तिहरू मध्ये अध्यक्षबाट मनोनीत तीन जना - सदस्य
१४. प्रतिनिधि, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान - सदस्य
१५. परिषद्का कर्मचारीहरू मध्येबाट नेपाल सरकारले तोकेको व्यक्ति - सदस्य सचिव

## १.४ सभाको काम, कर्तव्य र अधिकार

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५ को दफा २(क) मा सभाको गठन र दफा ५ (क) मा उल्लेख गरिएको सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ ।

१. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्लाई मार्गदर्शन दिने ।
२. परिषद्को नीति निर्धारण गर्ने र त्यसको प्रभावकारी कार्यान्वयनको व्यवस्था गर्ने गराउने ।
३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको विकास र विस्तार समयानुकूल भए नभएको मूल्याङ्कन गर्ने गराउने ।
४. परिषद्को वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने ।
५. दीर्घकालीन योजना तयार गर्न लगाउने र त्यसको कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिलाउन लगाउने ।
५. आवश्यकतानुसार समिति, उपसमिति वा अध्ययन अनुसन्धान टोली गठन गर्ने गराउने ।
७. परिषद् अन्तर्गतका कुनै निकाय वा अधिकारीलाई आवश्यक निर्देशन दिने ।
८. यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिएका अन्य कामहरू गर्ने गराउने ।

## १.५ प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को गठन

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमलाई सुव्यवस्थित र स्तरयुक्त गर्न एवं त्यस्ता तालीम दिने विभिन्न निकायहरूका बीच समन्वय कायम गर्न तथा सीपको स्तर निर्धारण एवं प्रमाणीकरण गर्नको लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को स्थापना भएको हो । प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५ मा व्यवस्था भए अनुसार माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीज्यूको अध्यक्षतामा देहाय बमोजिमको ९ सदस्यीय परिषद् हुने व्यवस्था रहेको छ ।

१. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री वा राज्यमन्त्री - अध्यक्ष
२. नेपाल सरकारबाट मनोनीत व्यक्ति - उपाध्यक्ष
३. सदस्य, राष्ट्रिय योजना आयोग (जनशक्ति हेर्ने) - सदस्य
४. सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय - सदस्य
५. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको क्षेत्रमा विशेष योगदान पुऱ्याएका व्यक्तिहरूमध्येबाट अध्यक्षले मनोनीत गरेका दुईजना - सदस्य
६. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमसँग सम्बन्धित विभिन्न संघ संस्थाबाट अध्यक्षले मनोनीत गरेका दुईजना - सदस्य
७. परिषद्का कर्मचारीहरू मध्येबाट नेपाल सरकारले तोकेको व्यक्ति - सदस्य सचिव

## १.६ परिषद्को काम, कर्तव्य र अधिकार

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५ मा परिषद्को काम, कर्तव्य र अधिकार निम्नानुसार तोकिएको छ ।

१. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको विकास गर्नको लागि तोकिए बमोजिमका विभिन्न शिक्षण प्रशिक्षण र अनुसन्धानको व्यवस्था गर्ने र त्यसको सञ्चालनको व्यवस्था मिलाउने ।
२. निजी एवं गैर सरकारी क्षेत्रमा स्थापना वा सञ्चालन हुने प्राविधिक शिक्षा एवं व्यावसायिक तालीमको अध्यापन वा सञ्चालन स्वीकृति दिने र तिनीहरूले पाउने सुविधा र सहयोग सम्बन्धी व्यवस्था गर्ने ।
३. प्राविधिक शिक्षा एवं व्यावसायिक तालीमको सम्बन्धमा स्वदेशी विश्वविद्यालय वा शैक्षिक संस्थासँग सम्बन्ध कायम गर्ने र स्तरयुक्त शिक्षा वा तालीममा जोड दिने ।
४. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम सम्बन्धी नीति निर्धारण गरी सभामा स्वीकृतिको लागि पेश गर्ने ।
५. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम कार्यक्रमहरूको क्षेत्र र स्तर निर्धारण गर्ने ।
६. आधारभूत तहको सीप तथा तालीम सञ्चालन गर्ने र मध्यम स्तरीय जनशक्ति उत्पादन गर्ने ।
७. बहुप्राविधिक (पोलिटेक्निक) शिक्षालय स्थापना एवं सञ्चालन गर्ने गराउने ।
८. नेपाल सरकारको स्वामित्वमा रहेका संगठित संस्था तथा गैर सरकारी संगठित संस्थाद्वारा सीप विकासको निमित्त दिइने व्यावसायिक तालीमको पाठ्यक्रम र पाठ्यपुस्तक निर्धारण समितिले निर्धारण गरे बमोजिम लागू गर्ने गराउने ।

९. विभिन्न तालीम सम्बन्धी कार्यक्रमहरू बीच समन्वय कायम गर्ने गराउने ।

१०. प्राविधिक प्रशिक्षक सम्बन्धी तालीम सञ्चालन गर्ने ।

११. अप्रेन्टिसिप तालीम सम्बन्धी आवश्यक व्यवस्था मिलाउने ।

१२. प्राविधिक शिक्षालयको क्षेत्रभित्र विभिन्न स्थानमा अल्पकालीन वा घुम्ती तालीम कार्यक्रम सञ्चालन गर्न प्रशिक्षण केन्द्रहरू पाठ्य विषय (ट्रेनिङ्ग प्याकेज) तथा तालीम दिने शिक्षक सम्बन्धी आवश्यक व्यवस्था मिलाउने ।

१३. सीपको वर्गीकरण, परीक्षण तथा प्रमाणीकरण सम्बन्धी व्यवस्था गर्ने गराउने ।

१४. सीप प्रमाणीका बनाउने र सीपको स्तर निर्धारण गर्ने ।

१५. सरकारी तथा गैर सरकारी निकायहरूले सञ्चालन गरी आएका सेवाकालीन तथा पूर्व सेवाकालीन, प्राविधिक तथा व्यावसायिक तालीम पाठ्यक्रममा सामञ्जस्य ल्याई त्यस्ता तालीमहरूको राष्ट्रिय स्तरमा मूल्याङ्कन गरी स्तर निर्धारण गर्ने र मान्यता प्रदान गर्ने ।

१६. आधारभूत, मध्यमस्तरीय तथा उच्चस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्न आवश्यक कार्य गर्ने गराउने ।

१७. सभाले पारित गरेको कार्यक्रमको कार्यान्वयन गर्ने गराउने ।

१८. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रबाट सहयोग जुटाउने र प्राप्त सहयोगको सुव्यवस्थित रूपले परिचालन गर्ने गराउने ।

१९. नेपाल सरकारलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमका लागि आवश्यक परामर्श दिने ।

२०. नेपाल सरकारको पूर्व स्वीकृति लिई स्वदेशी, विदेशी वा अन्तर्राष्ट्रिय संघ संस्थासँग सम्झौता वा करार गर्ने ।

२१. परिषद्को वार्षिक बजेट, प्रगति प्रतिवेदन, लेखा परीक्षण प्रतिवेदन र अन्य प्रतिवेदन स्वीकृत वा अनुमोदन वा जानकारीको लागि सभामा पेश गर्ने ।

२२. यस ऐनको उद्देश्य कार्यान्वयनको लागि आवश्यक अन्य कार्यहरू गर्ने गराउने ।

## १.७ कानुनी प्रबन्ध

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को कानुनी आधारका रूपमा ऐन, नियम, विनियम, निर्देशिका, कार्यविधि तथा मापदण्डहरू रहेका छन् । प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, **२०४५** र नियमावली, **२०५१** ले परिषद्को संरचना, कार्यक्षेत्र तथा भूमिकालाई स्पष्ट मार्गनिर्देश गरेका छन् । ऐन तथा नियमावलीमा तोकिएको भूमिकालाई कार्यसम्पादन गर्न सहजीकरण गर्ने उद्देश्यले विभिन्न विनियमावली, निर्देशिका, कार्यविधि तथा मापदण्डहरू तय गरिएको छ । परिषद्का कानुनी दस्तावेजहरूको विवरण अनुसूची **१** मा दिइएको छ ।

# परिच्छेद दुई

## प्रशासनिक तथा वित्तीय स्थिति

### २.१ परिषद्को संगठन संरचना

माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीज्यूको अध्यक्षतामा २३ सदस्यीय सभा र ९ सदस्यीय परिषद् रहने व्यवस्था प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५ मा रहेको छ । परिषद्मा नेपाल सरकारबाट नियुक्त एक जना पूर्णकालीन उपाध्यक्ष र कार्यकारी प्रमुखको रूपमा एक जना सदस्य सचिव हुने व्यवस्था गरिएको छ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को हालको सांगठनिक संरचना रेखाचित्र १ मा दर्शाइएको छ ।

**रेखाचित्र नं. १: परिषद्को वर्तमान सांगठनिक संरचना**




परिषद् अन्तर्गत ९ वटा महाशाखा भएको केन्द्रीय कार्यालय रहेको छ भने अर्ध-स्वायत्त निकायको रूपमा प्राविधिक प्रशिक्षण प्रतिष्ठान, राष्ट्रिय सीप परीक्षण समिति र परीक्षा नियन्त्रण कार्यालय रहेका छन् । सातै प्रदेशमा रहेका प्रदेश कार्यालयहरू मार्फत परिषद्ले सेवा प्रदान गरिरहेको छ । परिषद्को प्रदेश कार्यालयको मातहत रहने गरी बहुप्राविधिक शिक्षालय तथा व्यावसायिक तालीम केन्द्रहरू सञ्चालनमा रहेका छन् ।

### २.१.१ महाशाखाको कार्यविवरण

परिषद्को केन्द्रीय कार्यालयमा रहेका ९ वटा महाशाखाहरूको कार्य विवरण यहाँ प्रस्तुत गरिएको छ ।

(१) प्रशासन महाशाखा

- प्रशासन तथा आर्थिक व्यवस्थासम्बन्धी दैनिक काम गर्ने ।
- मानव संसाधनको व्यवस्थापन गर्ने ।
- परिषद् तथा यस अन्तर्गतका शिक्षालयहरूमा कर्मचारीहरूको व्यवस्था तथा सुपरीवेक्षण गर्ने ।
- सम्पत्ति व्यवस्थापन तथा अन्य व्यवस्थापकीय कामहरू गर्ने ।

(२) प्राविधिक महाशाखा

- नेपाल सरकारबाट स्वीकृत कार्यक्रम अनुरूप पिछडिएका वर्गको उत्थानका लागि विशेष छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्ने ।
- शिक्षालय/संस्थाहरूको गुणस्तर कायम राख्न अनुगमन गर्ने ।
- गुणस्तरयुक्त प्रशिक्षणका लागि प्राविधिक शिक्षालयको निरीक्षण गर्ने ।
- प्राविधिक सरसल्लाह तथा सुझाव उपलब्ध गराउने ।
- अनुगमन मापदण्ड तयार गरी लागू गर्ने ।
- तालीम कार्यक्रमहरूको मूल्याङ्कन गर्ने ।
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको गुणस्तर अभिवृद्धिका लागि प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालीम सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँग समन्वयन गर्ने ।

(३) पाठ्यक्रम विकास तथा समकक्षता निर्धारण महाशाखा

- प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमका सम्पूर्ण पाठ्यक्रम श्रम बजारको माग अनुसार निर्माण तथा परिमार्जन गर्ने ।
- पाठ्यक्रम तथा शैक्षिक सामग्री सम्बन्धी तथ्याङ्कलाई सुरक्षित राख्ने ।
- आवश्यकता पहिचान गरी प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम सम्बन्धी पाठ्यक्रम तयार गर्ने ।
- पाठ्यक्रम अनुसारका पाठ्यपुस्तक तयार गर्ने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम प्रदान गर्ने अन्य संस्थाहरूको पाठ्यक्रमको खाका (रूपरेखा) तथा मापदण्ड तयार पार्न प्राविधिक सल्लाहको निम्ति सहजीकरण र समन्वयन गर्ने ।
- देश बाहिर प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम हासिल गरेका व्यक्तिहरूलाई समकक्षता उपलब्ध गराउने ।
- पाठ्यक्रम विकासका लागि अन्य संस्था वा निकायहरूलाई सरसल्लाह वा सहयोग प्रदान गर्ने ।
- परिषद्बाट हालसम्म निर्माण भई अध्ययन अध्यापन भई रहेका विभिन्न तह तथा कार्यक्रमहरूको (प्रमाणपत्र/डिप्लोमा तह, प्रि-डिप्लोमा र छोटो अवधि) पाठ्यक्रमहरू परिमार्जन गर्ने ।

(४) सूचना तथा अनुसन्धान महाशाखा

- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम प्राप्त गरिसकेका ग्र्याजुएटहरूको रोजगारीको अवस्थाका बारेमा अध्ययन गर्ने ।
- नयाँ प्राविधिक शिक्षालयहरू स्थापना गर्नको लागि संभाव्यता अध्ययनमा सहयोग पुर्‍याउने ।
- तालीम आवश्यकता सर्भेक्षण/अध्ययन गर्ने ।
- तथ्याङ्कमा आधारित सूचना प्रणालीको विकास गर्ने ।

- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम कार्यक्रमको उपलब्धि र प्रगति विवरण संकलन गरी प्रचार प्रसार गर्ने ।
- सरोकारवालाहरूलाई प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम सम्बन्धी सूचनाहरू उपलब्ध गराउने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम सम्बन्धी परामर्श सेवा उपलब्ध गराउने ।
- सचेतनामूलक कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालीम क्षेत्रमा सूचनाको आधार स्थापित गर्न रोजगार श्रम बजार र प्राविधिक शिक्षा बीच समन्वयन गर्ने गराउने ।
- परिषद्को वार्षिक प्रगति प्रतिवेदन तथा अनुसन्धानमूलक जर्नल प्रकाशन गर्ने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमका बारेमा सचेतनामूलक सामग्री विकास गरी प्रसारण गर्ने, गराउने ।

**(५) पोलिटेक्निक महाशाखा**

- आङ्गिक तथा साझेदारी स्वरूपमा सञ्चालन हुने शिक्षण संस्थाहरूको विकास र विस्तारका लागि सञ्चालन/सम्बन्धन सम्बन्धी कार्य गर्ने ।
- परिषद् अन्तर्गत तथा परिषद्बाट सम्बन्धन प्राप्त गरी सञ्चालन भएका प्रमाणपत्र तह/डिप्लोमा तहका प्राविधिक संस्थाहरूको गुणस्तर कायम गर्न अनुगमन र सुपरिवेक्षण तथा पूर्वाधार निर्देशिका तयार गर्ने ।
- डिप्लोमा तहका नयाँ कार्यक्रमहरूको विकास गर्ने र हाल सञ्चालन भैरहेका संस्थाहरूलाई निर्धारित मापदण्डमा पुऱ्याउन सहयोग गर्ने ।
- परिषद् अन्तर्गतका शिक्षालयहरूलाई नमुना बहुप्राविधिक शिक्षालयमा स्तरोन्नति गर्ने ।

**(६) नीति निर्माण तथा योजना महाशाखा**

- परिषद्को कार्यक्रमको योजना बनाउने तथा समग्र नीति तर्जुमा गर्ने ।
- दीर्घकालीन रणनीतिक योजना निर्माण गर्ने तथा ती योजनाहरूलाई परिचालन गर्न अल्पकालीन योजना तयार गर्ने ।
- परिषद् अन्तर्गतका क्रियाकलापहरू तथा कार्यक्रमहरूको मूल्याङ्कन र अनुगमन गर्ने ।
- नेपाल सरकारलाई प्राविधिक तथा व्यावसायिक तालीम सम्बन्धी आवश्यक सरसल्लाह उपलब्ध गराउने ।

**(७) तालीम विकास महाशाखा**

- परिषद् अन्तर्गतका तालीम केन्द्रको मूल्याङ्कन र अनुगमन गर्ने र निजी स्तरका संस्थाहरूद्वारा सञ्चालित छोटो अवधिका तालीममा गुणस्तर सुनिश्चितताका लागि समन्वय गर्ने ।
- आवश्यकता पहिचान गरी महिला तथा पिछडिएका वर्गको निम्ति सीपयुक्त छोटो अवधीको तालीम सञ्चालन गर्न सहजीकरण गर्ने ।
- तालीम केन्द्रलाई आर्थिक सहयोग प्रदान गर्ने गरी कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन दिने ।
- स्थानीय निकायहरू एवं गैरसरकारी संस्थाको व्यावसायिक तालीम तथा सामुदायिक विकास क्षेत्रमा क्षमता अभिवृद्धि सम्बन्धी कार्य गर्ने ।
- देशभर व्यावसायिक तालीम तथा सामुदायिक विकासका कार्यक्रमहरू क्रमबद्ध रूपमा विस्तार गर्दै लैजाने ।
- सम्बन्धन प्राप्त छोटो अवधिको तालीम प्रदायक संस्थाहरूको निरीक्षण तथा अनुगमन गर्ने ।

### (८) स्तर निर्धारण तथा सम्बन्धन महाशाखा

- निजी क्षेत्रमा प्राविधिक शिक्षाका कार्यक्रम सञ्चालनका लागि आवश्यक योजना तयार गर्ने ।
- तालीम कार्यक्रम सञ्चालनको लागि अस्थायी/स्थायी सम्बन्धन उपलब्ध गराउने ।
- निजी संस्थाहरूको नवीकरण गर्ने ।

### (९) सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (TECS) महाशाखा

- परिषद् अन्तर्गतका सामुदायिक विद्यालयहरूको गुणस्तर कायम राख्न अनुगमन तथा निरीक्षण गर्ने ।
- सामुदायिक विद्यालयमा कार्यक्रम सञ्चालनका लागि योजना बनाई कार्यान्वयन गर्ने ।
- सामुदायिक विद्यालयहरूमा सञ्चालित कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने ।

## २.१.२ अर्ध-स्वायत्त निकायहरूको कार्य विवरण

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गत केन्द्रीय स्तरमा ३ वटा कार्यालयहरू अर्ध-स्वायत्त रूपमा सञ्चालित छन् । ती निकायहरूबाट सम्पादन गरिने कार्यको विवरण यहाँ प्रस्तुत गरिएको छ ।

### (१) परीक्षा नियन्त्रण कार्यालय

- प्रि-डिप्लोमा, डिप्लोमा/प्रमाणपत्र तहका विभिन्न परीक्षाहरू सञ्चालन गर्ने/गराउने ।
- प्रवेश परीक्षा सञ्चालन, भर्नाका लागि सिफारिस तथा छात्रवृत्ति वितरण सम्बन्धी कार्य गर्ने/गराउने ।
- प्रशिक्षार्थीहरूको रजिष्ट्रेशन कायम गर्ने ।
- परिषद्सँग आबद्ध संस्थाहरूबाट सञ्चालन हुने कार्यक्रमको परीक्षाको प्रश्नपत्र निर्माण तथा मोडरेसन गर्ने ।
- उत्तरपुस्तिका परीक्षण तथा सम्परीक्षण गराई नतिजा प्रकाशन गर्ने/गराउने ।
- परीक्षामा सफल भएका प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण गर्ने/गराउने ।
- प्रमाणपत्र प्रमाणीकरण (Verification) गर्ने/गराउने ।
- प्रश्नपत्र बैंकको स्थापना गरी प्रयोगमा ल्याउने ।
- परिषद् अन्तर्गत सञ्चालित शिक्षालयहरूलाई परीक्षा प्रणाली तथा Online ITMS सम्बन्धी अभिमुखीकरण कार्यशाला सञ्चालन गर्ने/गराउने ।

### (२) राष्ट्रिय सीप परीक्षण समिति

- सीपको तह निर्धारण, प्रमाणीकरण र सीप परीक्षण सञ्चालन गरी प्रमाणपत्र वितरण गर्ने ।
- पेशागत सीपका मापदण्ड/सीप प्रमाणीकाहरू निर्माण तथा परिमार्जन गर्ने ।
- परम्परागत सीपयुक्त जनशक्तिको स्तर पहिचान गर्ने ।

### (३) प्राविधिक प्रशिक्षण प्रतिष्ठान

- प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम क्षेत्रका प्रशिक्षक र व्यवस्थापकहरूलाई प्रशिक्षण, व्यवस्थापन तथा अन्य विविध विषयहरूमा क्षमता अभिवृद्धिका लागि आवश्यकता अनुसार तालीम प्रदान गर्ने ।
- प्रशिक्षण, पाठ्क्रम निर्माण, सामुदायिक विकास र व्यवस्थापन जस्ता विषयमा स्वदेश तथा विदेशमा तालीम कार्यक्रमहरू सञ्चालन गर्ने ।

### २.१.३ परिषद्का प्रदेश कार्यालयहरूको कार्यविवरण

संघीयताको मर्म र भावना अनुरूप परिषद्को केन्द्रीय कार्यालयले सम्पादन गर्ने कार्यहरू प्रदेश तथा स्थानीय स्तरमा सरल, सहज रूपमा सेवा प्रवाह गर्न परिषद् कार्यालय अन्तर्गत ७ वटै प्रदेशमा परिषद् प्रदेश कार्यालयहरू स्थापना भई सञ्चालनमा रहेका छन् । परिषद्का प्रदेश कार्यालयहरूबाट सम्पादन हुने मुख्य कार्यहरू निम्नानुसार रहेका छन् ।

- प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको प्रादेशिक आवश्यकता पहिचान, सम्भाव्यता अध्ययन, विकास विस्तार, नीति योजना तयार गर्न सहयोग गर्ने/गराउने ।
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम सञ्चालनका लागि प्रादेशिक रणनीति र अल्पकालीन तथा दीर्घकालीन योजनाहरू तर्जुमा गर्ने ।
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमका कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक सहयोग गर्ने/गराउने ।
- औद्योगिक तथा कार्यस्थलको तालीम सञ्चालन गर्ने/गराउने कार्यमा आवश्यक सहयोग गर्ने ।
- परिषद्को परीक्षा नियन्त्रण कार्यालयको नीति, निर्देशन तथा समन्वयमा परीक्षा व्यवस्थापन तथा सञ्चालन गर्ने/गराउने ।
- राष्ट्रिय सीप परीक्षण समितिको नीति, निर्देशन तथा समन्वयमा सीप परीक्षण व्यवस्थापन तथा सञ्चालन गर्ने/गराउने ।
- प्रदेश अन्तर्गतका कार्यक्रमहरूको गुणस्तर सुनिश्चितताका लागि प्रभावकारी सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने/गराउने ।
- प्रभावकारी तथा रोजगारमूलक तालीम व्यवस्थापन तथा सञ्चालनका लागि स्रोत साधन जुटाई परिचालन गर्ने/गराउने ।
- प्रदेश तहमा गरिब तथा जेहेन्दार, सीमन्तकृत समुदाय, महिला, जनजाति, दलित, मधेशी, शहीद परिवारका बालबालिकाहरूलाई प्राविधिक शिक्षाको सरल र सहज पहुँचका साथै निरन्तरताका लागि आवश्यक छात्रवृत्तिको व्यवस्था गरी कार्यान्वयन गर्ने/गराउने ।
- प्रदेश सामाजिक विकास मन्त्रालयमा विनियोजित बजेट निकासा लिने र कार्यक्रममा उल्लेख भए अनुसार कार्यक्रम कार्यान्वयन गर्नुका साथै शिक्षालय र तालीम केन्द्रका लागि तोकिएको बजेट निकासा पठाउने ।
- शिक्षालय र तालीम केन्द्रबाट आवधिक रूपमा कार्य प्रगति विवरण लिई प्रदेश सरकार र प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् कार्यालयमा पठाउने ।
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको विकास र विस्तारका लागि प्रदेश सरकारलाई परामर्श एवं आवश्यक सहयोग उपलब्ध गराउने ।
- परिषद् केन्द्रीय कार्यालय र प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय वा शिक्षा सम्बद्ध मन्त्रालयको निर्देशन अनुसार तोकिएका तथा अन्य कार्यहरू गर्ने/गराउने ।

परिषद्का प्रदेश कार्यालयहरूको विवरण अनुसूची २ मा दिइएको छ ।

## २.२ शिक्षालयको विकास तथा विस्तार

प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम कार्यक्रमहरूमा सर्वसुलभ पहुँच सुनिश्चित गर्न आवश्यकताका आधारमा परिषद्ले शिक्षालयहरूको विस्तार गर्दै आइरहेको छ । हाल परिषद् अन्तर्गत ४ किसिमका प्राविधिक शिक्षालयहरू सञ्चालनमा रहेका छन्: आङ्गिक शिक्षालय, परिषद्सँगको साझेदारीमा सञ्चालित शिक्षालय, प्राविधिक शिक्षा सञ्चालन गर्ने सामुदायिक विद्यालय (टेक्स विद्यालय) र निजीस्तरमा सम्बन्धन प्राप्त शिक्षालय । परिषद् आफैले स्थापना, व्यवस्थापन तथा सञ्चालन गर्ने शिक्षालयहरू आङ्गिक शिक्षालय हुन् । स्थानीय पालिका वा गैर नाफामूलक प्रतिष्ठानले परिषद्सँगको साझेदारीमा सञ्चालन गर्ने शिक्षालयलाई साझेदारी स्वरूपको शिक्षालय भनिन्छ । परिषद्बाट अनुमति लिई प्राविधिक शिक्षाका कार्यक्रम सञ्चालन गर्ने सामुदायिक विद्यालयलाई टेक्स विद्यालयको नामले चिनिन्छ । परिषद्बाट सम्बन्धन स्वीकृति लिई निजी स्तरमा खुलेका शिक्षालयहरू निजी प्राविधिक शिक्षालयहरू हुन् ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गत ६७ वटा आङ्गिक शिक्षालय, ५८ वटा साझेदारी स्वरुपमा सञ्चालित शिक्षालय, ६३९ वटा सामुदायिक विद्यालय (टेक्स विद्यालय) र ४३९ वटा निजी शिक्षालय गरी जम्मा १,२०३ वटा प्राविधिक शिक्षालयहरूले प्रि-डिप्लोमा तथा डिप्लोमा/प्रमाणपत्र तहका कार्यक्रमहरू सञ्चालनका लागि सम्बन्धन/स्वीकृति पाएका छन् । परिषद् अन्तर्गत सञ्चालित शिक्षालयहरूको विकास तथा विस्तारलाई तालिका नं. ३ र रेखाचित्र नं. २ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३: प्राविधिक शिक्षालयहरूको विकास तथा विस्तार**

| शिक्षालयको स्वरुप | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|
| | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| आङ्गिक | ६१ | ६३ | ६५ | ६५ | ६७ |
| साझेदारी | ३८ | ४२ | ५२ | ५८ | ५८ |
| टेक्स | ५७२ | ५७२ | ६३६ | ६३९ | ६३९ |
| निजी | ४२९ | ४२९ | ४२२ | ४०७ | ४३९ |
| कुल शिक्षालय संख्या | १,१०० | १,१०६ | १,१७६ | १,१७० | १,२०३ |
| कुल भर्ना क्षमता | ७१,३१४ | ६८,७१६ | ७४,९०४ | ७७,१३६ | ७५,७२४ |

### रेखाचित्र नं. २: प्राविधिक शिक्षालय विस्तारको तुलनात्मक विवरण




प्रि-डिप्लोमा र डिप्लोमा/प्रमाणपत्र तहमा प्राविधिक शिक्षाका कार्यक्रम सञ्चालनका लागि परिषद्बाट अनुमति प्राप्त गरेका शिक्षालयहरूको प्रदेशगत विवरण तालिका नं ३ मा प्रस्तुत गरिएको छ ।

### तालिका नं. ४: शिक्षालयहरूको प्रदेशगत विवरण

| क्र.सं. | प्रदेश | आङ्गिक | साझेदारी | सामुदायिक | निजी | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | कोशी प्रदेश | ७ | १६ | ४५ | ६० | १२८ |
| २. | मधेश प्रदेश | ८ | १५ | ९२ | ६४ | १७९ |
| ३. | बागमती प्रदेश | १८ | ९ | ११८ | १३८ | २८३ |
| ४. | गण्डकी प्रदेश | १२ | ७ | ६० | ३५ | ११४ |
| ५. | लुम्बिनी प्रदेश | ११ | ६ | ८८ | ८२ | १८७ |
| ६. | कर्णाली प्रदेश | ५ | २ | १०७ | २२ | १३६ |
| ७. | सुदूरपश्चिम प्रदेश | ६ | ३ | १२९ | ३८ | १७६ |
| जम्मा | | ६७ | ५८ | ६३९ | ४३९ | १,२०३ |

माथिको तालिकामा उल्लेख भए अनुसार बागमती प्रदेश सबै भन्दा धेरै शिक्षालयहरू भएको प्रदेश हो भने सबैभन्दा कम शिक्षालयहरू गण्डकी प्रदेशमा रहेका छन् ।

### २.२.१ आङ्गिक शिक्षालय र सञ्चालित कार्यक्रम

परिषद्ले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमको विकास, विस्तार, समतामूलक पहुँच, गुणस्तरको प्रत्याभूति, श्रम बजारको माग र प्रविधि अनुरूपको पाठ्यक्रम विकास तथा परिमार्जन, सीपको स्तर निर्धारण एवं प्रमाणीकरण, प्रशिक्षकहरूको क्षमता विकास, अध्ययन तथा अनुसन्धान, अनुगमन तथा मूल्याङ्कन र सरोकारवालाहरूसँग समन्वय र सहकार्य गर्दै विभिन्न जिल्लामा ६७ वटा आङ्गिक शिक्षालयहरूमा डिप्लोमा/प्रमाणपत्र र प्रि-डिप्लोमा तहमा कृषि तथा वन, इन्जिनियरिङ, स्वास्थ्य, होटल व्यवस्थापन र अन्य क्षेत्रमा विविध कार्यक्रमहरू सञ्चालन गरिरहेको छ । आङ्गिक शिक्षालय र सञ्चालित कार्यक्रमहरूको विवरण अनुसूची ३ मा दिइएको छ ।

### २.२.२ साझेदारी शिक्षालय र सञ्चालित कार्यक्रम

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् र स्थानीय तह तथा गैर नाफामूलक प्रतिष्ठानसँग सम्झौता गरी साझेदारी स्वरूपमा प्राविधिक शिक्षा सञ्चालन गर्ने ५८ वटा शिक्षालयहरू रहेका छन् । साझेदारी स्वरुपमा सञ्चालन भएका शिक्षालय र कार्यक्रमहरूको विवरण अनुसूची ४ मा दिइएको छ ।

### २.२.३ सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट सामुदायिक विद्यालयमा रहेका भौतिक पूर्वाधार, जनशक्ति तथा प्रशासनिक संरचनाको उपयोग गरी प्राविधिक शिक्षाका कार्यक्रमहरूलाई सर्वसुलभ बनाउन र स्थानीय प्राविधिक शैक्षिक आवश्यकतालाई परिपूर्ति गरी लक्षित वर्गको पहुँच बढाउने उद्देश्यले वि. सं. २०५७ सालदेखि सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (टेक्स) कार्यक्रमको शुरुवात भएको हो । शुरुका वर्षमा यस्ता विद्यालयमा प्राविधिक एसएलसी तहका कार्यक्रम मात्र सञ्चालन भएकोमा आर्थिक वर्ष २०६९/७० बाट डिप्लोमा/प्रमाणपत्र तहका कार्यक्रम समेत सञ्चालन भएका छन् । जम्मा ६३९ वटा सामुदायिक विद्यालयलाई प्राविधिक शिक्षा कार्यक्रम सञ्चालनका लागि स्वीकृति प्रदान गरे तापनि शैक्षिक सत्र २०८१/८२ मा २५३ वटा विद्यालयहरूमा मात्र कार्यक्रम सञ्चालनमा रहेको थियो ।

### २.२.४ निजी प्राविधिक शिक्षालय र सञ्चालित कार्यक्रम

प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमका कार्यक्रमहरूको विकास र विस्तारका लागि निजी क्षेत्रलाई सहभागी गराउने नीति अनुरुप वि.सं. २०५१ सालदेखि परिषद्सँग सम्बन्धन/स्वीकृति लिई निजी शिक्षण संस्थाहरू सञ्चालनमा रहेका छन् । शुरुमा निजी शिक्षण संस्थाहरूलाई प्राविधिक एसएलसी (प्रि-डिप्लोमा) तहका कार्यक्रम सञ्चालनका लागि मात्र सम्बन्धन स्वीकृति दिइएकोमा वि.स. २०५७ साल पछि डिप्लोमा/प्रमाणपत्र तहका कार्यक्रमहरू सञ्चालन गर्न सम्बन्धन/स्वीकृति दिन शुरु गरियो । परिषद् अन्तर्गत आ.व. २०८१/८२ सम्ममा निजी स्तरमा सम्बन्धन स्वीकृति प्राप्त संस्थाहरूको संख्या ४३९ रहेको छ ।

**तालिका नं. ५: निजी स्तरमा सम्बन्धन स्वीकृति प्राप्त संस्था र कार्यक्रमको विवरण**

| क्र.सं. | प्रदेश | सम्बन्धन प्राप्त शिक्षण संस्था | २०८१/८२ मा कार्यक्रम सञ्चालनका लागि अनुमति पाएका | कार्यक्रम | | जम्मा कार्यक्रम |
|---|---|---|---|---|---|---|
| | | | | प्रि- डिप्लोमा | डिप्लोमा | |
| १. | कोशी | ६० | ४७ | २९ | १०९ | १३८ |
| २. | मधेश | ६४ | ५८ | ३५ | १०६ | १४१ |
| ३. | बागमती | १३८ | ९९ | ३६ | १९४ | २३० |
| ४. | गण्डकी | ३५ | २१ | १५ | ४४ | ५९ |
| ५. | लुम्बिनी | ८२ | ६२ | ४२ | ९३ | १३५ |
| ६. | कर्णाली | २२ | १७ | २७ | ११ | ३८ |
| ७. | सुदूरपश्चिम | ३८ | ३० | २८ | २४ | ५२ |
| जम्मा | | ४३९ | ३३४ | २१२ | ५८१ | ७९३ |

स्रोत: स्तर निर्धारण तथा सम्बन्धन महाशाखा

## २.२.५ छोटो अवधिको सीपमूलक तालीम प्रदायक संस्थाहरू

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्ले छोटो अवधिको सीपमूलक तालीम सञ्चालन गर्नका लागि तोकिएको मापदण्ड पूरा गरेका निजी संस्थाहरूलाई सम्बन्धन/स्वीकृति प्रदान गर्दै आइरहेको छ । परिषद्बाट छोटो अवधिको व्यावसायिक सीपमूलक तालीम सञ्चालन गर्न आर्थिक वर्ष २०८१/८२ सम्म सम्बन्धन प्राप्त निजी तालीम प्रदायक संस्थाहरूको संख्या १८५० रहेको छ । यस्ता संस्थाहरूको प्रदेशगत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ६: छोटो अवधिको सीपमूलक तालीम सञ्चालनका लागि सम्बन्धन प्राप्त निजी संस्थाहरू**

| क्र.सं. | प्रदेश | संस्था संख्या |
|---|---|---|
| १. | कोशी | २२८ |
| २. | मधेश | १४३ |
| ३. | बागमती | ८५९ |
| ४. | गण्डकी | १४० |
| ५. | लुम्बिनी | २५३ |
| ६. | कर्णाली | ८७ |
| ७. | सुदूरपश्चिम | १४० |
| जम्मा | | १८५० |

स्रोत: स्तर निर्धारण तथा सम्बन्धन महाशाखा

## २.३ उत्पादित जनशक्ति र रोजगारीको अवस्था

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्ले विभिन्न विधामा आधारभूत तथा मध्यमस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्दै आइरहेको छ । परिषद्बाट उत्पादन भएका जनशक्ति र तिनको रोजगारीको अवस्थालाई तल संक्षेपमा प्रस्तुत गरिएको छ ।

### २.३.१ प्राविधिक शिक्षाका कार्यक्रमबाट उत्पादित जनशक्तिको विवरण

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट प्रि-डिप्लोमा र डिप्लोमा/प्रमाणपत्र तहका कार्यक्रमहरूबाट २०८२ असार मसान्तसम्म उत्पादित जनशक्तिको विवरण तलको तालिकामा दिइएको छ ।

**तालिका नं. ७: प्राविधिक शिक्षाका कार्यक्रमहरूबाट उत्पादित जनशक्तिको विधागत विवरण**

| क्र.सं. | कार्यक्रम | प्रि-डिप्लोमा | डिप्लोमा | जम्मा |
|---|---|---|---|---|
| १. | स्वास्थ्य | १,०७,४२९ | १,०९,३२१ | २,१६,७५० |
| २. | इन्जिनियरिङ | ८३,३१९ | ४४,७४९ | १,२८,०६८ |
| ३. | कृषि तथा वन | ८२,७१२ | २७,४७३ | १,१०,१८५ |
| ४. | होटल व्यवस्थापन र अन्य | ६,६९० | ९१४ | ७,६०४ |
| कुल जम्मा | | २,८०,१५० | १,८२,४५७ | ४,६२,६०७ |

स्रोत: परीक्षा नियन्त्रण कार्यालय

### २.३.२ सीप परीक्षणबाट उत्पादित जनशक्तिको विवरण

राष्ट्रिय सीप परीक्षण समितिबाट विभिन्न पेशा/व्यवसायमा २०८२ असार मसान्तसम्ममा सीप परीक्षण प्रमाणीकरण भएका जनशक्तिको विवरण तलको तालिकामा दिइएको छ ।

**तालिका नं. ८: सीप परीक्षण प्रमाणीकृत जनशक्तिको तहगत विवरण**

| तह | प्रमाणीकृत |
|---|---|
| प्रारम्भिक | ६,७८८ |
| १ | ४,६२,६०२ |
| २ | ३९,३५५ |
| ३ | २,७५६ |
| ४ | ६५ |
| जम्मा | ५,११,५६६ |

स्रोत: राष्ट्रिय सीप परीक्षण समिति

### २.३.३ प्राविधिक शिक्षा उत्तीर्ण गरेकाहरूको रोजगारीको अवस्था

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट उत्पादित जनशक्तिको रोजगारीको अवस्थालाई विभिन्न समयमा भएका अनुसन्धानहरूले दर्शाएका छन् । वि.सं. २०७९ (सन् २०२२) मा त्रिभुवन विश्वविद्यालयले गरेको Impact Assessment of Technical and Vocational Education and Training शीर्षकको अनुसन्धानले प्रि-डिप्लोमा र डिप्लोमा/प्रमाणपत्र तहका ग्र्याजुएटहरूको रोजगारीको अवस्था समग्रमा ५८.२ प्रतिशत देखाएको छ । परिषद्बाट प्राविधिक शिक्षा उत्तीर्ण गरेकाहरूको रोजगारीको अवस्था तलको रेखाचित्रमा प्रस्तुत गरिएको छ ।

**रेखाचित्र नं. ३: परिषद्बाट उत्पादित जनशक्तिको रोजगारीको अवस्था**




प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्ले प्राविधिक शिक्षाका ग्र्याजुएटहरूको रोजगारीको अवस्था पहिचान गर्न २०८१ सालमा "ट्रेसर स्टडीको एकीकृत अनलाइन प्रणाली" विकास गरेको छ । यो प्रणालीमा परिषद्बाट उत्पादित प्राविधिक शिक्षाका ग्र्याजुएटहरू स्वयंले अनलाइन फाराम भरी रोजगारीको अवस्था उल्लेख गर्ने व्यवस्था गरिएको छ । यही अनलाइन प्रणालीमार्फत दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजनाको सहयोगमा परिषद् तालीम विकास महाशाखाले आ.व. २०८१/८२ मा प्रि-डिप्लोमा तहको औद्योगिक प्रशिक्षार्थी तालीम (अप्रेन्टिसिप) सम्पन्न गरेका ग्र्याजुएटहरूको सर्वेक्षण गरेको थियो । उक्त सर्वेक्षणमा प्रि-डिप्लोमा तहको अप्रेन्टिसिप कार्यक्रमका ४१८ ग्र्याजुएटहरूमध्ये १८६ सहभागीले उपलब्ध गराएको विवरण अनुसार ७५% रोजगारीमा रहेको र तिनीहरूमध्ये २२% स्वरोजगारमा रहेको पाइएको छ । रोजगारीमा आबद्ध भएका अप्रेन्टिसिप ग्र्याजुएटहरूको मासिक औसत आम्दानी रु. २७,००० रहेको पाइएको छ ।

### २.३.४ सीप परीक्षण उत्तीर्ण गरेकाहरूको रोजगारीको अवस्था

यसका साथै औपचारिक, अनौपचारिक तथा अरीतिक विधि र प्रक्रियाबाट सिकेका सीपको परीक्षण तथा प्रमाणीकरण भएका तह १ देखि तह ३ सम्मका ग्र्याजुएटहरूको रोजगारीको अवस्था पहिचान गर्ने उद्देश्यले

राष्ट्रिय सीप परीक्षण समितिले तेस्रो पक्षबाट अध्ययन तथा अनुसन्धान गराएको थियो । वि.सं. २०८० (सन् २०२३) मा सम्पन्न भएको उक्त अध्ययनले सीप परीक्षण प्रमाणपत्र प्राप्त गरेकाहरूको रोजगारीको अवस्था देहाय अनुसार रहेको उल्लेख गरेको छ ।

**तालिका नं. ९: सीप परीक्षण प्रमाणपत्र प्राप्त गरेकाहरूको रोजगारीको अवस्था**

| क्षेत्र | रोजगारी प्रतिशत |
|---|---|
| मेकानिकल | ९३.३३ |
| अटोमोबाइल | ७७.७८ |
| निर्माण | ७५.५८ |
| विद्युत | ७३.८७ |
| आईसीटी | ६७.२७ |
| आतिथ्य | ४३.८४ |
| कृषि | ३४.५२ |
| **समग्रमा** | **६६.३७** |

सीप परीक्षण उत्तीर्ण गरेका ग्र्याजुएटहरूको रोजगारी दरलाई तहगतरूपमा तलको रेखाचित्रमा प्रस्तुत गरिएको छ ।

**रेखाचित्र नं. ४: सीप परीक्षणका ग्र्याजुएटहरूको रोजगारीको अवस्था**




उक्त अध्ययनबाट माथिल्लो तहको सीप परीक्षण उत्तीर्ण गर्ने ग्र्याजुएटहरूको रोजगारीको अवस्था तल्लो तहका ग्र्याजुएटको भन्दा बढी पाइएको छ । अर्थात सीप परीक्षणको तह बढ्दै जाँदा रोजगारीको दर समेत बढ्दै गएको अध्ययनले देखाएको छ ।

## २.४ परिषद्को आय, व्यय र बेरुजुको अवस्था

### २.४.१ बजेट र खर्च

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्ले आफ्ना कार्यक्रम सञ्चालन गर्नका लागि नेपाल सरकारबाट वार्षिक रूपमा अनुदान स्वरूप बजेट प्राप्त गर्दछ । यसका अतिरिक्त विभिन्न विकास साझेदार तथा दातृ संस्थाका साथै परिषद्ले आन्तरिक स्रोत तर्फ सम्बन्धन शुल्क, परीक्षा शुल्क, कार्यक्रम तथा संस्था नवीकरण दस्तुर, वस्तु तथा सेवाको बिक्रीबाट आर्थिक स्रोत जुटाउने गर्दछ । प्रत्येक आर्थिक वर्षका लागि परिषद् कार्यालयले सञ्चालन गर्ने क्रियाकलापहरू यकिन गरी परिषद् केन्द्रीय कार्यालय र मातहतमा रहेका कार्यालय, शिक्षालय तथा परियोजनाहरूका लागि कार्यक्रम तथा बजेट प्रस्ताव गर्दछ । नेपाल सरकारद्वारा तोकिएको बजेट सीमा (ceiling) भित्र रही वार्षिक कार्यक्रमहरू तय गर्ने गरिन्छ । तोकिएको बजेट सीमा भित्र रही कार्यक्रम सञ्चालन गर्न अपुग भएको बजेट परिषद्को आन्तरिक स्रोतबाट परिचालन गरिंदै आएको छ । आ.व. **२०७७/७८** देखि **२०८२/८३** सम्मको बजेट तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १०: आ.व. २०७७/७८ देखि २०८२/८३ सम्मको परिषद्को बजेट विवरण**

रु. लाखमा

| आ.व. | नेपाल सरकार | | | जम्मा | वैदेशिक अनुदान | | | जम्मा | परिषद् आन्तरिक स्रोत | | जम्मा | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संघ | प्रदेश | स्थानीय | | संघ | प्रदेश | स्थानीय | | संघ | प्रदेश | | |
| २०७७/७८ | ४२७२.00 | ४१०४८.00 | - | ४५३२०.00 | १०४७८.00 | - | - | १०४७८.00 | ८७२२.३६ | - | ८७२२.३६ | ६४५२०.३६ |
| २०७८/७९ | ५०१४.00 | ४०९३२.00 | - | ४५९४६.00 | ७८४९.00 | - | - | ७८४९.00 | ६४९९.६८ | ८७१.९0 | ७३७१.५८ | ६११६६.५८ |
| २०७९/८० | ५९९७.00 | ४२६४२.00 | १६८५.00 | ५०३२४.00 | ७०१७.00 | - | १६४५.00 | ८६६२.00 | १००१४.00 | - | ११०१४.00 | ७००००.00 |
| २०८०/८१ | ६६९२.00 | ३४२७६.00 | ४८१७.00 | ४५७८५.00 | ७३९६.00 | ३३५८.00 | २११३.00 | १३०६७.00 | ४९३९.00 | ९९१.00 | ५९३०.00 | ६४७८२.00 |
| २०८१/८२ | ५९४०.२0 | ३१८६६.४५ | २१९१.00 | ३९९९७.६५ | १००१९.00 | ४३३४.00 | २९२२.00 | १७२७५.00 | ४७२७.२४ | २०७२.७६ | ६८००.00 | ६४०७२.६५ |
| २०८२/८३ | ६५८८.00 | ३२२२0.00 | १६७0.00 | ४०४७८.00 | १०५२0.00 | ५५०४.00 | २१५६.00 | १८१८0.00 | ४७६३.00 | १७0.00 | ४९३३.00 | ६३५९१.00 |

स्रोत: नीति निर्माण तथा योजना महाशाखा

आ.व. **२०७७/७८** देखि प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को संघीय र प्रदेश तहबाट कार्यक्रम सञ्चालन हुने गरी बजेटको व्यवस्था गर्ने गरिएको छ । आ.व. **२०७७/७८** देखि **२०८२/८३** सम्मको परिषद्को तहगत बजेट सम्बन्धी विवरण तलको तालिकामा दिइएको छ ।

**तालिका नं. ११: आ.व. २०७७/७८ देखि २०८२/८३ सम्मको परिषद्को प्रदेशगत बजेट**

रु. हजारमा

| प्रदेश | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
|---|---|---|---|---|---|---|
| कोशी | ४३४१०० | ५६८२०९ | ५१५१०० | ४१२५४० | ४३७५४० | ४२२६७८ |
| मधेश | ४७३७०० | ४६७८९२ | ५६८००० | ४९२०९० | ४९२१५० | ५०१२२६ |
| बागमती | ९१९४०० | ९०४९१५ | १०००७०० | १००१०१० | १०२००५९ | ९६६२५० |

| प्रदेश | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
|---|---|---|---|---|---|---|
| गण्डकी | ६३८३०० | ६६८४५६ | ६७९३०० | ५४३३८५ | ५०१७१६ | ४८१४०० |
| लुम्बिनी | ६५८१०० | ६६९४९३ | ६९६८०० | ६७३१८४ | ६६९५४३ | ६६३१८६ |
| कर्णाली | ४३२६०० | ४१०००९ | ४९६७०० | ३२६७११ | ३०२९७३ | ३४२८६० |
| सुदूरपश्चिम | ५४८६०० | ४४५८०४ | ४७२१०० | ४१३५८० | ४०३३४० | ४११८०० |
| **प्रदेश तर्फको जम्मा** | **४१०४८००** | **४१३४७७८** | **४४२८७००** | **३८६२५००** | **३८२७३२१** | **३७८९४००** |
| संघीय तर्फ | २३४७२३६ | २०२४७५९ | २४०२८०० | १९०२७०० | २०६८६४४ | २१८७१०० |
| स्थानीय तर्फ | - | - | १६८५०० | ७१३००० | ५११३०० | ३८२६०० |
| **कुल जम्मा** | **६४५२०३६** | **६१५९५३७** | **७००००००** | **६४७८२००** | **६४०७२६५** | **६३५९१००** |

स्रोत: नीति निर्माण तथा योजना महाशाखा

नेपाल सरकारको प्रचलित नियम कानुन तथा परिषद्को आर्थिक प्रशासन सम्बन्धी विनियमावली, **२०६२** अनुसार कार्यक्रम कार्यान्वयन कार्यविधि तयार गरी परिषद्ले खर्च गर्दै आएको छ । खर्च भएका रकमहरूको आन्तरिक तथा अन्तिम लेखा परीक्षण हुने गर्दछ । आ.व. **२०७७/७८** देखि **२०८१/८२** सम्मको आय, व्यय र प्रगति विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १२: आ.व. २०७७/७८ देखि २०८१/८२ सम्म परिषद्को आय, व्यय तथा प्रगति विवरण**

| आ.व. | आय (रु. हजारमा) | | | | व्यय (रु. हजारमा) | | | | वित्तीय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | नेपाल सरकार | वैदेशिक | आन्तरिक | जम्मा | नेपाल सरकार | वैदेशिक | आन्तरिक | जम्मा | | |
| २०७७/७८ | ४५३२००० | १०४७८०० | ८७२२३६ | ६४५२०३६ | २९१९१३१ | ३२४६०२ | ६२५४४१ | ३८६९१७४ | ५९.९६% | ७५.००% |
| २०७८/७९ | ४५९४६०० | ७८४९०० | ७३७१५८ | ६११६६५८ | ३६५४३२२ | ३५६४२० | ५७१७३५ | ४५८२४७७ | ७४.९१% | ८०.००% |
| २०७९/८० | ४८६३९०० | १०३४७०० | ११०१४०० | ७०००००० | ३७९३३८० | ४४९६६६ | ४७५९८५ | ४७१९०३१ | ६७.४१% | ८५.००% |
| २०८०/८१ | ४५७८५०० | १३०६७०० | ५९३००० | ६४७८२०० | ५४४८३७ | ५६००८१ | ४१३२७४ | १५१८१९२ | ८१.०९% | ८१.११% |
| २०८१/८२ | ३९९२९८७ | १७३४२७८ | ६८०००० | ६४०७२६५ | २९६४९९६ | १२८१२०२ | ३१२३४६ | ४५५८५४४ | ७१.१५% | ७९.६५% |

स्रोत: नीति निर्माण तथा योजना महाशाखा

## २.४.२ परिषद् कोष

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, **२०४५** मा परिषद्को एउटा छुट्टै कोष हुने व्यवस्था रहेको छ । जसमा नेपाल सरकारबाट प्राप्त अनुदान, परिषद्को चल अचल सम्पत्तिबाट आर्जन हुने रकम, परिषद्लाई प्राप्त अन्य कुनै रकम तथा नेपाल सरकार मार्फत कुनै अन्तर्राष्ट्रिय वा विदेशी संस्थाबाट प्राप्त रकम रहने व्यवस्था छ । ऐनमा व्यवस्था भए अनुसार नेपाल सरकार र वैदेशिक सहयोगबाट प्राप्त हुने अनुदानका साथै परिषद्ले सञ्चालन गरेका क्रियाकलापहरूबाट प्राप्त हुने आम्दानीलाई एकीकृत गरी परिषद्का कार्यक्रमहरू सञ्चालनार्थ बजेटको व्यवस्था गरिंदै आएको छ ।

ऐनमा तोकिए अनुसार परिषद्को लेखा नेपाल सरकारको प्रचलित ढाँचा र तरिका बमोजिम राखिएको छ । यसरी राखिएका लेखाको आन्तरिक परीक्षण परिषद्को आन्तरिक लेखा परीक्षण इकाइबाट हुने व्यवस्था रहेको छ । पछिल्ला वर्षहरूमा नेपाल सरकारबाट प्राप्त बजेटबाट व्यहोरिएका खर्चहरूको आन्तरिक लेखा परीक्षण सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट हुँदै आएको छ । सम्पूर्ण आर्थिक कारोबारको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुने व्यवस्था रहेको छ ।

### २.४.३ बेरुजुको अवस्था

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् केन्द्रीय कार्यालय र अन्तर्गतका निकायहरूको आ.व. २०८०/८१ सम्मको बेरुजु कायम अंक देहाय बमोजिम रहेको छ ।

**तालिका नं. १३: परिषद् केन्द्रीय कार्यालय र अन्तर्गतका निकायहरूको बेरुजुको अवस्था**

| क्र. सं. | बेरुजुको किसिम | आ. व. २०७९/८० को बेरुजु अंक | आ. व. २०८०/८१ को बेरुजु अंक | जम्मा बेरुजु अंक | आ.व. २०८१/८२ मा बेरुजु फछ्र्योट अंक | बाँकी बेरुजु अंक |
|---|---|---|---|---|---|---|
| १. | प्रमाण पेश गर्नुपर्ने | २२९०८८७७६९.७३ | ३९२८०८६४०.२० | २६८३६९६४०९.९३ | १०४१०४२९००.८४ | १६४२६५३५०९.०९ |
| २. | नियमित गर्नुपर्ने | ५५४३८९७९५.०० | २४५८८५९०.८० | ५७८९७८३८५.८० | १०३८३१२१.०० | ५६८५९५२६४.८० |
| ३. | असुल गर्नुपर्ने | ८६२२२२५०.९९ | १३०७१५४९.२३ | ९९२९३८००.२२ | ११०२६२६१.७२ | ८८२६७५३८.५० |
| ४. | कर्मचारी पेश्की | ५६२७६४३२.०० | १९८९९३.०० | ५६४७५४२५.०० | ११९२७५७.१८ | ५५२८२६६७.८२ |
| ५. | संस्थागत पेश्की | १०३२९०६२३.०० | ६८५८००.०० | १०३९७६४२३.०० | ०.०० | १०३९७६४२३.०० |
| जम्मा | | ३०९१०६६८७०.७२ | ४३१३५३५७३.२३ | ३५२२४२०४४३.९५ | १०६३६४५०४०.७४ | २४५८७७५४०३.२१ |

द्रष्टव्य :

१. आ.व. २०७९/८० सम्ममा महालेखा परीक्षकको कार्यालयबाट कायम भएको बेरुजु रु. ३,०९,१०,६६,८७०.७२ रहेको ।

२. आ.व. २०८०/८१ मा महालेखा परीक्षकको कार्यालयबाट कायम भएको बेरुजु रु. ४३१,३५३,५७३.२३ थप भई रु.३,५२,२४,२०,४४३.९५ भएको ।

३. आ.व. २०८१/८२ मा रु. १,०६,३६,४५,०४०.७४ (३० प्रतिशत) बेरुजु फछ्र्योट भएको ।

४. यसका अतिरिक्त रु. ३०,६०,९२,११७.७४ बेरुजु फछ्र्योटको प्रमाण सहित महालेखा परीक्षकको कार्यालयमा पेश गरिएको ।

स्रोत: लेखा शाखा

# परिच्छेद तीन

## परिषद्बाट सम्पादित कार्यहरू

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट आ.व. २०८१/८२ मा सम्पादन भएका प्रमुख कार्यहरूमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम कार्यक्रम सञ्चालन, पाठ्यक्रम निर्माण तथा परिमार्जन, सीप परीक्षण तथा प्रमाणीकरण, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम कार्यक्रमको विकास तथा विस्तार, पूर्वाधारको विकास तथा स्तरोन्नति, कर्मचारी क्षमता विकास र सरोकारवालाहरू बीच गरिएको समन्वय तथा सहजीकरण मुख्य रहेका छन् । यस परिच्छेदमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट सम्पादन भएका प्रमुख कार्यहरू प्रस्तुत गरिएको छ ।

### ३.१ शैक्षिक कार्यक्रम र तालीम

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्ले ३ वर्षे डिप्लोमा/प्रमाणपत्र तह र १८ महिने प्रि-डिप्लोमा (साविकको प्राविधिक एसएलसी) तथा २ वर्षे अप्रेन्टिसिप सम्बन्धी लामो अवधिका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । शैक्षिक सत्र २०८१/८२ मा डिप्लोमा तह तर्फ कृषि तथा वनमा ४, स्वास्थ्यमा १२, इन्जिनियरिङमा १४, होटल व्यवस्थापन तथा अन्य २ गरी जम्मा ३२ वटा कार्यक्रम सञ्चालन भएका थिए भने प्रि-डप्लोमा तह तर्फ कृषिमा ३, इन्जिनियरिङमा ८, हस्पिटालिटी र अन्यमा ५ तथा अप्रेन्टिसिप अन्तर्गत ८ गरी जम्मा २४ वटा कार्यक्रम सञ्चालन भएका थिए ।

#### ३.१.१ शैक्षिक कार्यक्रमहरूमा प्रशिक्षार्थी भर्नाको अवस्था

परिषद्बाट सञ्चालन हुने प्राविधिक शिक्षाका कार्यक्रमहरूमा पाठ्यक्रमले निर्धारण गरेको कोटा संख्या अनुसार प्रशिक्षार्थी भर्ना गर्ने गरिन्छ । पछिल्ला वर्षहरूमा डिप्लोमा/प्रमाणपत्र तहका कार्यक्रम सञ्चालन गर्ने संस्थाको संख्यामा वृद्धि भएका कारण भर्ना क्षमतामा समेत वृद्धि भएको देखिन्छ । तलको रेखाचित्रमा शैक्षिक सत्र २०७७/७८ देखि २०८१/८२ सम्म गरी पाँच शैक्षिक सत्रमा परिषद्बाट सञ्चालित डिप्लोमा/प्रमाणपत्र तहका कार्यक्रमहरूमा रहेको भर्ना क्षमता तथा भर्ना भएका प्रशिक्षार्थीको विवरण प्रस्तुत गरिएको छ ।

**रेखाचित्र नं. ५: डिप्लोमा तहको नियमित कार्यक्रममा भर्ना क्षमता र प्रशिक्षार्थी भर्नाको अवस्था**



शैक्षिक सत्र २०८१/८२ मा डिप्लोमा/प्रमाणपत्र तहका कार्यक्रमको कुल भर्ना क्षमता ५३,३४२ रहेको छ भने प्रशिक्षार्थी भर्ना संख्या २४,६७८ रहेको छ । परिषद् अन्तर्गत सञ्चालित शिक्षण संस्थाको प्रकार अनुसार शैक्षिक सत्र २०८१/८२ मा डिप्लोमा/प्रमाणपत्र तह तर्फको भर्ना क्षमता तथा प्रशिक्षार्थी भर्नाको अवस्थालाई तलको रेखाचित्रमा प्रस्तुत गरिएको छ ।

### रेखाचित्र नं. ६: शिक्षण संस्थाको प्रकार अनुसार डिप्लोमा तहमा प्रशिक्षार्थी भर्नाको अवस्था




शैक्षिक सत्र २०८१/८२ मा डिप्लोमा/प्रमाणपत्र तहका कार्यक्रमहरूमा भर्ना भएका प्रशिक्षार्थीहरूमध्ये पुरुषको संख्या १०,४५६ रहेको छ भने महिलाको संख्या १४,२२२ रहेको छ । डिप्लोमा/प्रमाणपत्र तहका कार्यक्रमहरूमा भर्ना भएका प्रशिक्षार्थीहरूको लैङ्गिक अवस्थालाई तलको वृत्तचित्रमा दर्शाइएको छ ।

### वृत्तचित्र नं. १: डिप्लोमा तहमा भर्ना भएका प्रशिक्षार्थीहरूको लैङ्गिक विवरण




प्रि-डिप्लोमा तहमा भने पछिल्ला वर्षहरूमा भर्ना क्षमताका साथै प्रशिक्षार्थीको भर्ना दर क्रमशः घट्दै गएको पाइन्छ । तलको रेखाचित्रमा शैक्षिक सत्र २०७७/७८ देखि २०८१/८२ सम्म गरी पाँच वर्षमा प्रि-डिप्लोमा तहका कार्यक्रमहरूमा रहेको भर्ना क्षमता तथा भर्ना भएका प्रशिक्षार्थीको विवरण प्रस्तुत गरिएको छ ।

**रेखाचित्र नं. ७: प्रि-डिप्लोमा तहको नियमित कार्यक्रममा भर्ना क्षमता र प्रशिक्षार्थी भर्नाको अवस्था**




शैक्षिक सत्र २०८१/८२ मा परिषद् अन्तर्गतका शिक्षालयहरूमा सञ्चालित प्रि-डिप्लोमा तहका कार्यक्रमहरूमा प्रशिक्षार्थी भर्ना क्षमता र भर्नाको अवस्थालाई तलको रेखाचित्रमा प्रस्तुत गरिएको छ ।

**रेखाचित्र नं. ८: प्रि-डिप्लोमा तहमा प्रशिक्षार्थी भर्नाको अवस्था**




शैक्षिक सत्र २०८१/८२ मा प्रि-डिप्लोमा तहका कार्यक्रमहरूमा भर्ना भएका प्रशिक्षार्थीहरूमध्ये पुरुषको संख्या २,५९५ रहेको छ भने महिलाको संख्या २,२९८ रहेको छ । प्रि-डिप्लोमा तहका कार्यक्रमहरूमा भर्ना भएका प्रशिक्षार्थीहरूको लैङ्गिक अवस्थालाई तलको वृत्तचित्रमा प्रस्तुत गरिएको छ ।

### वृत्तचित्र नं. २: प्रि-डिप्लोमा तहमा भर्ना भएका प्रशिक्षार्थीहरूको लैङ्गिक विवरण




परिषद् अन्तर्गतका शिक्षण संस्थाहरूमा प्रि-डिप्लोमा तहमा नियमित कार्यक्रमहरूका अतिरिक्त २४ महिने औद्योगिक प्रशिक्षार्थी तालीम कार्यक्रमहरू समेत सञ्चालन हुँदै आइरहेका छन् । शैक्षिक सत्र २०८१/८२ मा ८ वटा औद्योगिक प्रशिक्षार्थी तालीम कार्यक्रमहरू सञ्चालनमा रहेका थिए । यस्ता तालीम कार्यक्रम सञ्चालनका लागि संघीय तथा प्रदेश सरकार, स्थानीय पालिका र दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजनाले सहयोग गर्दै आइरहेका छन् । शैक्षिक सत्र २०८१/८२ मा परिषद् अन्तर्गतका शिक्षालयहरूमा सञ्चालित प्रि-डिप्लोमा तहको अप्रेन्टिसिप कार्यक्रमहरूमा प्रशिक्षार्थी भर्ना क्षमता र भर्नाको अवस्थालाई तलको रेखाचित्रमा प्रस्तुत गरिएको छ ।

### रेखाचित्र नं. ९: प्रि-डिप्लोमा तहको अप्रेन्टिसिप कार्यक्रममा प्रशिक्षार्थी भर्नाको अवस्था



परिषद्का शिक्षण संस्थामा सञ्चालित औद्योगिक प्रशिक्षार्थी तालीम कार्यक्रमहरूमा भर्ना भएका प्रशिक्षार्थीहरूको लैङ्गिक अवस्थालाई तलको वृत्तचित्रमा देखाइएको छ ।

**वृत्तचित्र नं. ३: अप्रेन्टिसिप कार्यक्रमका प्रशिक्षार्थीहरूको लैङ्गिक स्थिति**




शैक्षिक सत्र २०८१/८२ मा परिषद्बाट सञ्चालित प्राविधिक शिक्षाका कार्यक्रमहरूमा प्रशिक्षार्थी भर्नाको विस्तृत विवरण अनुसूची ५ मा दिइएको छ ।

## ३.१.२ छात्रवृत्ति कार्यक्रम

### वर्गीकृत (नि:शुल्क) छात्रवृत्ति

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्ले नियमित कार्यक्रमहरूमा अध्ययन गर्ने प्रशिक्षार्थीहरूका लागि वर्गीकृत (नि:शुल्क) छात्रवृत्तिको व्यवस्था गरेको छ । तोकिएको कार्यक्रममा निर्धारण गरिएको जम्मा कोटा संख्याको करिब दश प्रतिशत प्रशिक्षार्थीहरूलाई यो छात्रवृत्ति प्रदान गरिन्छ । यो छात्रवृत्ति कार्यक्रममा सामुदायिक विद्यालयबाट एस.ई.ई. उत्तीर्ण गरेका विद्यार्थीहरूले मात्र आवेदन दिन सक्नेछन् । वर्गीकृत (नि:शुल्क) छात्रवृत्तिमा खुल्लाका साथै लक्षित वर्गमा पर्ने अपाङ्ग, पूर्व कमैया/हलिया, पिछडिएको दुर्गम क्षेत्र, दलित, महिला, आदिवासी जनजाति र आर्थिक वा सामाजिकरूपमा विपन्न समूहका विद्यार्थीहरूले आवेदन दिन पाउनेछन् ।

**तालिका नं. १४: शै.स. २०८१/८२ मा वर्गीकृत (नि:शुल्क) छात्रवृत्ति वितरण**

| तह | सञ्चालित कार्यक्रम संख्या | कोटा | भर्ना | | |
|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | जम्मा |
| डिप्लोमा | ९३७ | २९२७ | ११४३ | ९६८ | २१११ |
| प्रि-डिप्लोमा | २६४ | ७८२ | ९५ | ५६ | १५१ |
| **जम्मा** | **१२०१** | **३७०९** | **१२३८** | **१०२४** | **२२६२** |

स्रोत: परीक्षा नियन्त्रण कार्यालय

## जेहेन्दार छात्रवृत्ति

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गतका सबै शिक्षालयमा सञ्चालित कार्यक्रममा पूर्ण शुल्कीय कोटामा भर्ना भई प्रवेश परीक्षा वा सेमेष्टर/वार्षिक परीक्षामा सर्वोत्कृष्ट अङ्क ल्याउने एक जना प्रशिक्षार्थीलाई जेहेन्दार छात्रवृत्ति प्रदान गर्ने गरिन्छ । यो छात्रवृत्तिमा छनौट भएका प्रशिक्षार्थीलाई सम्बन्धित सेमेष्टर वा वर्षको प्रशिक्षण शुल्क लाग्ने छैन । शैक्षिक सत्र २०८१/८२ मा प्रि-डिप्लोमा र डिप्लोमा/प्रमाणपत्र तहका कार्यक्रमहरूमा जेहेन्दार छात्रवृत्ति प्राप्त गर्ने प्रशिक्षार्थीहरूको विवरण तलको तालिकामा दिइएको छ ।

**तालिका नं. १५: शै.स. २०८१/८२ मा जेहेन्दार छात्रवृत्ति वितरण**

| तह | सञ्चालित कार्यक्रम | जेहेन्दार छात्रवृत्ति प्राप्त गर्ने प्रशिक्षार्थी संख्या |
|---|---|---|
| डिप्लोमा | ९३७ | ९३७ |
| प्रि-डिप्लोमा | २६४ | २६४ |
| **जम्मा** | **१२०१** | **१२०१** |

स्रोत: परीक्षा नियन्त्रण कार्यालय

## प्राविधिक शिक्षामा विशेष छात्रवृत्ति

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्ले प्रि-डिप्लोमा र डिप्लोमा/प्रमाणपत्र तहका कार्यक्रमहरूमा पिछडिएका वर्ग, क्षेत्र र समुदायको पहुँच वृद्धि गर्ने उद्देश्यका साथ नेपाल सरकारको सहयोगमा प्राविधिक शिक्षामा विशेष छात्रवृत्ति कार्यक्रमको व्यवस्था गरी दलित, मुस्लिम, विपन्न र सीमान्तकृत (बनकरिया, बराम, बोटे, चेपाङ, दनुवार, धानुक, हायू, झागड, किसान, कुसुन्डा, लेप्चा, माझी, मेचे, कुसबाडिया, राजी, राउटे, सतार, सिंसा (ल्होमी), सियार, सुरेल, थामी र थुनम गरी २२ वटा आदिवासी जनजाति) समुदायका छात्रछात्रालाई निर्वाह भत्ता, यातायात र पोशाक खर्च समेतको व्यवस्था गरी निःशुल्क प्रशिक्षणको व्यवस्था गर्दै आएको छ । त्यसैगरी प्राविधिक शिक्षाको पहुँच नपुगेका पालिकामा स्थायी बसोबास गर्ने छात्रछात्रालाई समेत विशेष छात्रवृत्तिको व्यवस्था गरिएको छ । शैक्षिक सत्र २०८१/८२ मा प्राविधिक शिक्षाको पहुँच नपुगेका ७८ वटा स्थानीय पालिकाका छात्रछात्राका लागि यो छात्रवृत्ति प्रदान गरिएको थियो । प्राविधिक शिक्षामा विशेष छात्रवृत्ति कार्यक्रममा छनौट भएका प्रशिक्षार्थीलाई कार्यक्रम अवधिभर नि:शुल्क अध्ययनको अवसर, निर्वाह भत्ताबापत प्रति महिना रु. ३,५०० ।-, यातायात खर्च बापत प्रति वर्ष रु. १,५०० ।-, पोशाक खर्चबापत प्रति वर्ष रु. २,५०० ।- र प्रशिक्षण अवधिभर नि:शुल्क छात्राबासको सुविधा प्रदान गरिन्छ । शैक्षिक सत्र २०८१/८२ मा विशेष छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १६: शैक्षिक सत्र २०८१/८२ मा विशेष छात्रृत्ति प्राप्त गर्ने प्रशिक्षार्थीको विवरण**

| तह | दलित, मुस्लिम, विपन्न र सीमान्तकृत वर्गका लागि कोटा | प्राविधिक शिक्षाको पहुँच नपुगेका स्थानीय पालिकामा बसोबास गर्नेका लागि कोटा | जम्मा कोटा | भर्ना संख्या |
|---|---|---|---|---|
| डिप्लोमा | ३२४ | १०६ | ४३० | ३६२ |
| प्रि-डिप्लोमा | ३६ | १४ | ५० | ३५ |
| **जम्मा** | **३६०** | **१२०** | **४८०** | **३९७** |

स्रोत: परीक्षा नियन्त्रण कार्यालय

दलित, मुस्लिम, विपन्न र सीमान्तकृत वर्गका छात्रछात्राका लागि प्राविधिक शिक्षामा विशेष छात्रवृत्ति कार्यक्रम आ.व. २०६६/६७ सालदेखि शुरू भएको थियो । त्यसैगरी परिषद्ले शैक्षिक सत्र २०७९/८० बाट प्राविधिक शिक्षाको पहुँच नपुगेका स्थानीय पालिकामा स्थायी बसोबास गर्ने छात्रछात्राहरूलाई समेत विशेष छात्रवृत्ति प्रदान गर्दै आएको छ । आ.व. २०८१/८२ सम्म ८,७०७ जना प्रशिक्षार्थीहरू प्राविधिक शिक्षामा विशेष छात्रवृत्ति कार्यक्रमबाट लाभान्वित भएका छन् ।

### ३.१.३ प्रशिक्षण शुल्क

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्का आङ्गिक, साझेदारी र सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (टेक्स) मा सञ्चालित डिप्लोमा/प्रमाणपत्र र प्रि-डिप्लोमा तहका विभिन्न कार्यक्रमहरूका लागि लिइने शुल्कलाई वैज्ञानिक, व्यावहारिक बनाई सामाजिक न्याय प्रदान गर्ने उद्देश्यले परिषद् कार्यालयको मिति २०७८ भदौ ४ गतेको निर्णयानुसार प्रशिक्षण शुल्क निर्धारण गरी कार्यान्वयनमा ल्याइएको छ । जस अनुसार आङ्गिक शिक्षालयमा प्रि-डिप्लोमा तर्फ सञ्चालित कार्यक्रमहरूको अधिकतम शुल्क रु. १५ हजारदेखि २२ हजारसम्म तोकिएको छ । सामुदायिक विद्यालय र साझेदारी स्वरुपमा सञ्चालित शिक्षालयहरूमा अधिकतम शुल्क रु. ५५ हजारदेखि ६५ हजारसम्म रहेको छ । त्यसैगरी डिप्लोमा/प्रमाणपत्र तहमा आङ्गिक शिक्षालयहरूमा अधिकतम शुल्क रु. १ लाख ६० हजार, सामुदायिक विद्यालय (टेक्स) र साझेदारीमा रु. १ लाख ९० हजार तोकिएको छ । यस अघि नै परिषद्ले निजी प्राविधिक शिक्षालयले सञ्चालन गर्ने प्रवीणता प्रमाणपत्र तह नर्सिङको लागि रु. ४,७५,०००।-, सामान्य चिकित्साको लागि रु. ४,०४,०००।- र डिप्लोमा इन फार्मेसीको लागि रु. ३,३७,८००।- शुल्क निर्धारण गरी कार्यान्वयनमा ल्याएको छ । परिषद्ले तोकेको शुल्क तीन किस्तामा बुझाउन सकिने व्यवस्था गरेको छ, जसमध्ये पहिले किस्ता तोकिएको शुल्कको ४०%, दोस्रो र तेस्रो किस्ता ३०% का दरले बुझाउन सकिने व्यवस्था रहेको छ । परिषद्का शिक्षालयमा सञ्चालित शैक्षिक कार्यक्रमहरूका लागि निर्धारण गरेको प्रशिक्षण शुल्कको विस्तृत विवरण अनुसूची ६ मा दिइएको छ ।

### ३.१.४ छोटो अवधिका तालीम कार्यक्रम सञ्चालन

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्का आङ्गिक शिक्षालय, साझेदारी शिक्षाालय, टेक्स विद्यालय र निजी स्तरमा सञ्चालित तालीम प्रदायक संस्थाहरूले स्थानीय आवश्यकता र माग अनुसार छोटो अवधिका सीपमूलक तालीमहरू सञ्चालन गर्दै आएका छन् । आ.व. २०८१/८२ मा स्थानीय तहको आवश्यकता अनुसार युवाहरूलाई सीप सिकाई उत्पादन तथा रोजगारीमा जोड्ने उद्देश्यले परिषद्का आङ्गिक शिक्षालयहरूबाट ५,१६० युवालाई विभिन्न विषयमा छोटो अवधिको सीपमूलक तालीम प्रदान गरिएको थियो । यसका साथै परिषद्का आङ्गिक शिक्षालयहरूबाट बाल सुधार गृहका १२० जना बालबालिकाहरूलाई सीपमूलक तालीम प्रदान गरिएको थियो ।

दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजनाको सहयोगमा स्थानीय तहहरू मार्फत सञ्चालन भएको कार्यगत अभ्यास सहितको तालीम अन्तर्गत आ.व. २०८१/८२ मा जम्मा १३२० जनाको कोटामा १२५० जना प्रशिक्षार्थीहरू सहभागी भएका थिए । परियोजनाले कार्यगत अभ्यास सहितको तालीमका ग्र्याजुएटहरूको ट्रेसर स्टडी सम्पन्न गरेको थियो । उक्त अध्ययन प्रतिवेदनले ६७% तालीमका ग्र्याजुएटहरू रोजगार भएको र रोजगारीमा आबद्ध भएकाहरू मध्ये २२% स्वरोजगारमा रहेको देखाएको छ ।

## ३.२ पाठ्यक्रम विकास तथा समकक्षता निर्धारण

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गत पाठ्यक्रम विकास तथा समकक्षता निर्धारण महाशाखाले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम सम्बन्धी कार्यक्रमहरूको पाठ्यक्रम निर्माण तथा परिमार्जन गर्ने कार्य गर्दछ । परिषद्का उपाध्यक्षको अध्यक्षतामा रहेको पाठ्यक्रम निर्धारण समितिले नेपालको प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम क्षेत्रका लागि आवश्यक पाठ्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्ने गराउने कार्य गर्दछ । यसका अतिरिक्त पाठ्यक्रम विकास तथा समकक्षता निर्धारण महाशाखाले प्राविधिक तथा व्यावसायिक शिक्षासँग सम्बन्धित प्रि-डिप्लोमा र डिप्लोमा/प्रमाणपत्र तह तर्फ स्वदेशी तथा वैदेशिक बोर्डबाट प्राप्त गरेको शैक्षिक उपाधिको समकक्षता निर्धारण गर्ने कार्य समेत गर्दछ ।

### ३.२.१ पाठ्यक्रम निर्माण र परिमार्जन

परिषद्ले श्रम बजारको मागका आधारमा उद्योगी, व्यवसायी तथा रोजगारदाताहरूको प्रत्यक्ष सहभागितामा छोटो अवधिको सीपमूलक तालीम तथा प्रि-डिप्लोमा र डिप्लोमा/प्रमाणपत्र तहका कार्यक्रमहरूको पाठ्यक्रम विकास तथा परिमार्जन गर्ने गर्दछ । हालसम्म छोटो अवधितर्फ व्यावसायिक सीप विकास सम्बन्धी एकहप्ते देखि एकवर्ष भन्दा कम समयावधि (४० घण्टादेखि **१६९६** घण्टा) सम्मका पाठ्यक्रमहरू जम्मा **२८५** वटा रहेका छन् । जसमध्ये **१६९६** घण्टाका प्रोफेसनल पाठ्यक्रमको संख्या **२५** रहेको छ । प्राविधिक तथा व्यावसायिक शिक्षा तर्फ प्रि-डिप्लोमा (साबिकको प्राविधिक एसएलसी) तहका **१८** महिनाका **२५** वटा र **२४** महिने अप्रेन्टिसिपका ९ वटा पाठ्यक्रमहरू छन् । त्यसैगरी ३ वर्षे डिप्लोमा/प्रमाणपत्र तहका पाठ्यक्रमहरू **५०** वटा रहेका छन् । परिषद्मा विद्यमान पाठ्यक्रमहरूको विधागत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १७: परिषद्मा विद्यमान पाठ्यक्रमको क्षेत्रगत विवरण**

| क्र. सं. | क्षेत्र | छोटो अवधि | प्रि-डिप्लोमा तह | डिप्लोमा तह |
|---|---|---|---|---|
| १. | कृषि तथा वन | ४७ | ४ | ८ |
| २. | इन्जिनियरिङ | १११ | १० | १७ |
| ३. | स्वास्थ्य | १४ | ५ | १७ |
| ४. | होटल, पर्यटन तथा आतिथ्य सत्कार | ३४ | २ | १ |
| ५. | हस्तकला, टेक्सटायल तथा गार्मेन्ट | ४४ | १ | - |
| ६. | व्यवस्थापन, बाल शिक्षा तथा सहकारी | २० | २ | ५ |
| ७. | अन्य | १५ | १ | १ |
| ८. | अप्रेन्टिसिप | - | ९ | १ |
| **जम्मा** | | **२८५** | **३४** | **५०** |

स्रोत: पाठ्यक्रम विकास तथा समकक्षता निर्धारण महाशाखा

गत आ.व २०८१/८२ मा पाठ्यक्रम विकास तथा समकक्षता निर्धारण महाशाखाबाट निर्माण भएका नयाँ पाठ्यक्रम तथा परिमार्जन गरिएका पाठ्यक्रमको विवरण देहायको तालिकामा दिइएको छ ।

**तालिका नं. १८: आ.व. २०८१/८२ मा निर्माण तथा परिमार्जन गरिएका पाठ्यक्रमको विवरण**

| क्र.सं. | नयाँ विकास गरिएका पाठ्यक्रम | परिमार्जन तथा अद्यावधिक गरिएका पाठ्यक्रम |
|---|---|---|
| १. | प्रि-डिप्लोमा इन हाइड्रोपावर इन्जिनियरिङ | डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स) |
| २. | प्रोफेसनल फोहर व्यवस्थापन टेक्निसियन | डिप्लोमा इन एग्रिकल्चर (एनिमल साइन्स) |
| ३. | प्रोफेसनल सोलार इलेक्ट्रिक टेक्निसियन | प्रमाणपत्र तह फिजियोथेरापी |
| ४. | प्रोफेसनल बालअधिकार सहजकर्ता | प्रमाणपत्र तह अकुपन्चर, अकुप्रेसर एन्ड मोक्जिबुसन |
| ५. | प्रोफेसनल फुट वेयर टेक्निसियन | प्रि-डिप्लोमा इन अटोमोबाइल इन्जिनियरिङ |
| ६. | मानव अधिकार सहजकर्ता | लाइब्रेरी असिस्टेन्ट |
| ७. | अटिजम केयरगिभर | |

स्रोत: पाठ्यक्रम विकास तथा समकक्षता निर्धारण महाशाखा

## ३.२.२ समकक्षता निर्धारण

आर्थिक वर्ष २०८१/८२ मा प्रि-डिप्लोमा र डिप्लोमा/प्रमाणपत्र तह तर्फ स्वदेश तथा विदेशका बोर्डबाट शैक्षिक उपाधि प्राप्त गर्ने ६,८९० जना विद्यार्थीहरूलाई समकक्षता प्रदान गरिएको छ । त्यसैगरी आ.व. २०८१/८२ सम्ममा देशभित्र र बाहिरबाट प्रि-डिप्लोमा र डिप्लोमा/प्रमाणपत्र तहको अध्ययन सम्पन्न गरी समकक्षता प्राप्त गर्ने विद्यार्थीहरूको संख्या ३४,०५५ पुगेको छ ।

**तालिका नं. १९: परिषद्बाट समकक्षता प्राप्त गर्ने प्रशिक्षार्थीको विवरण**

| क्र.सं. | विवरण | आ.व २०८१/८२ मा | आ.व. २०८१/८२ सम्मको जम्मा |
|---|---|---|---|
| १. | वैदेशिक समकक्षता | ६६५ | ६,३१७ |
| २. | स्वदेशी समकक्षता | ६२२५ | २७,७३८ |
| **जम्मा** | | **६,८९०** | **३४,०५५** |

स्रोत: पाठ्यक्रम विकास तथा समकक्षता निर्धारण महाशाखा

## ३.३ परीक्षा सञ्चालन तथा व्यवस्थापन

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन तथा नियमावली र परीक्षा सम्बन्धी विनियमावली, २०७१ को अधीनमा रही परिषद्ले तयार गरेका पाठ्यक्रमलाई आधार मानी परीक्षा समितिको सचिवालयको रूपमा परीक्षा सम्बन्धी सम्पूर्ण कार्यहरू गर्ने गराउने उद्देश्यका साथ परीक्षा नियन्त्रण कार्यालयले कार्य गर्दै आइरहेको छ । परीक्षा नियन्त्रण कार्यालयबाट सम्पादन गरिने प्रमुख कार्यहरूमा शैक्षिक क्यालेन्डरको निर्माण तथा कार्यान्वयन, प्रश्नपत्र निर्माण, प्रवेश परीक्षा सञ्चालन तथा व्यवस्थापन, प्रशिक्षार्थी भर्ना, रजिष्ट्रेशन, सैद्धान्तिक तथा प्रयोगात्मक (आन्तरिक र बाह्य) परीक्षा सञ्चालन, उत्तरपुस्तिका परीक्षण, नतिजा तयारी तथा प्रकाशन, पुनर्योग, प्रमाणपत्र वितरण र प्रशिक्षार्थीको माग अनुसार शैक्षिक प्रमाणपत्रको प्रमाणीकरण लगायतका कार्यहरू रहेका छन् ।

## ३.४ सीप परीक्षण तथा प्रमाणीकरण

औपचारिक तथा अनौपचारिक रुपमा सिकेका सीप र दक्षतालाई परीक्षण गरी प्रमाणीकरण गर्ने उद्देश्यले वि.सं. २०३९ सालमा राष्ट्रिय सीप परीक्षण प्राधिकरणको स्थापना भई नेपालमा सीप परीक्षण गर्ने कार्यको शुरूवात भएको पाइन्छ । वि.सं. २०४५ मा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को स्थापना भए पश्चात् राष्ट्रिय सीप परीक्षण प्राधिकरणलाई परिषद्को मातहतमा रहने गरी सीप परीक्षण महाशाखा हुँदै वि.सं. २०६० सालमा राष्ट्रिय सीप परीक्षण समितिमा रुपान्तरण गरिएको थियो । राष्ट्रिय सीप परीक्षण समितिले हालसम्म २७ वटा क्षेत्रमा प्रारम्भिक तह देखि चौथो तहसम्म ३१४ वटा पेशा, व्यवसायका राष्ट्रिय पेशागत सीप प्रमाणीका निर्माण गरेको छ । यस सम्बन्धी विस्तृत विवरण तलको तालिकामा दिइएको छ ।

**तालिका नं. २०: राष्ट्रिय पेशागत सीप प्रमाणीका सम्बन्धी विवरण**

| क्र.सं. | पेशागत क्षेत्र | तह | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | प्रारम्भिक | एक | दुई | तीन | चार | |
| १. | कृषि | ० | ३१ | ८ | २ | ० | ४१ |
| २. | अटोमोबाइल | ० | ६ | ११ | २ | ० | १९ |
| ३. | व्यापार | ० | २ | १ | १ | १ | ५ |
| ४. | कम्प्युटर | ० | १ | २ | ४ | ० | ७ |
| ५. | निर्माण | १ | २७ | १५ | ३ | ० | ४६ |
| ६. | इलेक्ट्रिकल | ० | ७ | ८ | २ | २ | १९ |
| ७. | इलेक्ट्रोनिक्स | २ | ७ | ७ | १ | ० | १७ |
| ८. | वन विज्ञान | १ | ३ | १ | ० | ० | ५ |
| ९. | हस्तकला | ३ | १० | २ | ३ | ० | १८ |
| १०. | स्वास्थ्य | ० | ७ | ४ | ४ | २ | १७ |
| ११. | होटल तथा अतिथि सत्कार | १ | १७ | ३ | १ | ० | २२ |
| १२. | छालाका सामग्री तथा उद्योग | १ | १ | १ | ० | ० | ३ |
| १३. | मेकानिकल | ० | १७ | १८ | ११ | ० | ४६ |
| १४. | पर्वतारोहरण | ० | ० | ० | १ | १ | २ |
| १५. | प्रिन्टिङ | ० | १ | १ | २ | ० | ४ |
| १६. | नवीकरणीय उर्जा | ० | २ | ४ | ० | १ | ७ |
| १७. | सिलाइ-बुनाइ | ० | ८ | ३ | १ | ० | १२ |
| १८. | टेक्सटायल | १ | ८ | २ | ० | ० | ११ |
| १९. | रत्न तथा आभूषण | ० | १ | ० | ० | ० | १ |

| क्र.सं. | पेशागत क्षेत्र | तह | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | प्रारम्भिक | एक | दुई | तीन | चार | |
| २१. | संस्कृति | ० | ० | १ | ० | ० | १ |
| २२. | मानव सेवा | ० | १ | ० | ० | ० | १ |
| २३. | सेवा (सौन्दर्य) | ० | १ | १ | ० | ० | २ |
| २४. | पुस्तकालय तथा सूचना विज्ञान | ० | १ | १ | १ | १ | ४ |
| २५. | फोटोग्राफी | ० | १ | ० | ० | ० | १ |
| २६. | योग | ० | ० | १ | ० | ० | १ |
| २७. | अन्य | ० | १ | ० | ० | ० | १ |
| जम्मा | | १० | १६१ | ९५ | ४० | ८ | ३१४ |

स्रोतः राष्ट्रिय सीप परीक्षण समिति

आर्थिक वर्ष **२०८१/८२** मा विभिन्न पेशा/व्यवसायमा तह **१** देखि तह **४** सम्म सीप परीक्षणका लागि **२१,६०६** जनाले आवेदन दिएका थिए । आवेदकहरूमध्ये **१८,५८४** जना सीप परीक्षणमा सहभागी भएका थिए । सहभागी भएका मध्ये **१३,६०५** जना उम्मेद्वारहरूले सीप परीक्षण उत्तीर्ण गरेका थिए । आर्थिक वर्ष **२०८१/८२** मा राष्ट्रिय सीप परीक्षण समितिबाट सञ्चालित सीप परीक्षणका आवेदक, सहभागी तथा उत्तीर्ण उम्मेद्वारहरूको लैङ्गिक तथा तहगत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २१: आ.व. २०८१/८२ मा सञ्चालित सीप परीक्षण सम्बन्धी तहगत विवरण**

| तह | आवेदक | | | सहभागी | | | प्रमाणीकृत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| १ | ८२६६ | ८४३५ | १६७०१ | ६८७२ | ७४७६ | १४३४८ | ५५८६ | ५५५४ | ११११४० |
| २ | ३०७३ | १४३० | ४५०३ | २६९९ | १२२४ | ३९२३ | १७४७ | ६१७ | २३६४ |
| ३ | २९६ | ९१ | ३८७ | २३५ | ६३ | २९८ | ७० | १६ | ८६ |
| ४ | १५ | - | १५ | १५ | - | १५ | १५ | - | १५ |
| कुल | ११६५० | ९९५६ | २१६०६ | ९८२१ | ८७६३ | १८५८४ | ७४१८ | ६१८७ | १३६०५ |

स्रोतः राष्ट्रिय सीप परीक्षण समिति

राष्ट्रिय सीप परीक्षण समितिबाट आ.व. **२०८१/८२** मा भएको सीप परीक्षणको पेशा/व्यवसायगत विवरण अनुसूची ९ मा दिइएको छ । समितिले आ.व. **२०८१/८२** सम्म **५,११,५६६** जनाको सीप प्रमाणीकरण गरेको छ । यस सम्बन्धी तहगत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २२: आ.व. २०८१/८२ सम्मको सीप परीक्षणको विवरण**

| तह | आवेदक | | | | सहभागी | | | | प्रमाणीकृत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | अन्य | जम्मा | पुरुष | महिला | अन्य | जम्मा | पुरुष | महिला | अन्य | जम्मा |
| प्रारम्भिक | २३८२ | ६६२२ | - | ९००४ | २१९९ | ६४२४ | - | ८६२३ | १९३४ | ४८५४ | - | ६७८८ |
| १ | ३३८९११ | ३३५८२४ | ६६ | ६७४८०१ | २९७५३६ | ३०१४४० | ४७ | ५९९०२३ | २३९०६९ | २२३५०३ | ३० | ४६२६०२ |
| २ | ६२६९८ | ३९२९० | २ | १०१९९० | ५०४०१ | ३१२२६ | २ | ८१६२९ | २८०६० | ११२९४ | १ | ३९३५५ |
| ३ | १००४१ | २११४ | - | १२१५५ | ७५४३ | १५९६ | - | ९१३९ | २३११ | ४४५ | - | २७५६ |
| ४ | ७९ | ९ | - | ८८ | ६७ | ६ | - | ७३ | ५९ | ६ | - | ६५ |
| **जम्मा** | **४१४१११** | **३८३८५९** | **६८** | **७९८०३८** | **३५७७४६** | **३४०६९२** | **४९** | **६९८४८७** | **२७१४३३** | **२४०१०२** | **३१** | **५११५६६** |

स्रोत: राष्ट्रिय सीप परीक्षण समिति

राष्ट्रिय सीप परीक्षण समितिले नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजनाको सहयोगमा पूर्व सिकाइको मान्यता विधिद्वारा सीप परीक्षण गर्दै आएको छ । आ.व. २०८१/८२ मा पूर्व सिकाइको मान्यता विधिबाट हुने इकाइगत सीप परीक्षणका लागि विभिन्न पेशा/व्यवसायमा ३,१२० जनाले आवेदन दिएका थिए । आवेदकहरूमध्ये २,६२१ जना पूर्व सिकाइको मान्यताका लागि सहभागी भएका थिए । सहभागीहरूमध्ये २,२२९ जना यो विधिबाट हुने सीप परीक्षण उत्तीर्ण गर्न सफल भएका थिए । आ.व. २०८१/८२ को अन्त्यसम्ममा यसरी सीप परीक्षण उत्तीर्ण गर्ने जनशक्तिको संख्या ४,०५९ रहेको छ । यस सम्बन्धी विस्तृत विवरण अनुसूची १० मा प्रस्तुत गरिएको छ ।

## ३.५ अध्ययन तथा अनुसन्धान

परिषद् कार्यालयको सूचना तथा अनुसन्धान महाशाखाबाट प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमको क्षेत्रमा अध्ययन अनुसन्धान सम्बन्धी कार्यहरू हुँदै आएका छन् । यसका अतिरिक्त महाशाखाले वार्षिक प्रतिवेदन र अनुसन्धानमूलक लेख रचनाहरू समेटिएको जर्नल प्रकाशन गर्नुका साथै नेपाल टेलिभिजनसँगको सहकार्यमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम सम्बन्धी सचेतनामूलक टेलिभिजन कार्यक्रम साप्ताहिकरूपमा प्रशारण गर्दै आइरहेको छ ।

महाशाखाका अतिरिक्त परिषद्का अन्य कार्यालय तथा परियोजनाले समेत विभिन्न समयमा अध्ययन अनुसन्धान गर्ने गरेका छन् । परिषद्बाट भएका मुख्य मुख्य अनुसन्धानात्मक कार्यहरूको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. २३: परिषद्‌बाट भएका अनुसन्धानात्मक कार्यको संक्षिप्त विवरण

| क्र.सं. | अनुसन्धानको शीर्षक | अनुसन्धानको निष्कर्ष |
|---|---|---|
| १. | सिक्दै-कमाउँदै कार्यक्रमको प्रभावकारिता अध्ययन (२०८१/८२) | मिश्रित विधिबाट गरिएको अध्ययनमा आ.व. २०७७/७८ देखि २०८१/८२ सम्म कम्तीमा ३ वर्ष सिक्दै-कमाउँदैसँग सम्बन्धित शीर्षकमा नेपाल सरकारबाट बजेट अनुदान प्राप्त गरेका परिषद् अन्तर्गतका १८ वटा आङ्गिक शिक्षालहरूमा सञ्चालित प्राविधिक शिक्षाका कार्यक्रमको अन्तिम वर्ष/सेमेष्टरमा अध्ययनरत ५०७ जना प्रशिक्षार्थीहरूबाट परिमाणात्मक तथ्याङ्क र शिक्षालय प्रमुखहरूसँग अन्तरवार्ता लिई गुणात्मक तथ्याङ्क सङ्कलन गरिएको । अनुसन्धानबाट सिक्दै-कमाउँदै कार्यक्रमले प्राविधिक तथा व्यावसायिक शिक्षाका कार्यक्रममा अध्ययनरत प्रशिक्षार्थीहरूलाई अर्थपूर्ण प्रयोगात्मक अभ्यासमा सरिक गराई आम्दानी गर्न तथा उद्यमशील बन्न मद्दत पु¥याउने देखिएको । पाठ्यक्रममा सिक्दै-कमाउँदै कार्यक्रमलाई समावेश गर्ने तथा शैक्षिक कार्यतालिका बनाई प्रशिक्षण गर्ने, अन्तिम परीक्षा सैद्धान्तिक भन्दा बढी प्रयोगात्मक विषयवस्तुमा केन्द्रित हुनु पर्ने, आम्दानीको उल्लेख्य हिस्सा प्रशिक्षार्थी तथा प्रशिक्षकलाई उपलब्ध गराउने, प्रशिक्षार्थी तथा प्रशिक्षकहरूका लागि आवासीय सुविधा सहितको शिक्षाालय सञ्चालन गर्ने, प्राविधिक शिक्षाका सबै कार्यक्रममा सिक्दै-कमाउँदै कार्यक्रम लागू गर्ने, डिप्लोमा तहको कृषि तर्फका कार्यक्रमलाई वार्षिक प्रणालीमा सञ्चालन गर्ने र प्रशिक्षक तथा प्राचार्यको क्षमता विकास गर्नु पर्ने लगायतका सुझावहरू प्रदान गरेको । |
| २. | नवीनतम उत्पादन क्षेत्रका बजार सान्दर्भिक सीप विकास कार्यक्रमको अध्ययन अनुसन्धान (आईटी क्षेत्र) (२०८१/८२) | गुणात्मक विधिबाट गरिएको अनुसन्धानले व्यावसायिक तालिमको क्षेत्रमा सूचना प्रविधि सम्बन्धी बजार सान्दर्भिक सीप विकास कार्यक्रमहरू पहिचान गरेको । आईटी क्षेत्रमा सीमित संख्यामा भएका विद्यमान राष्ट्रिय सीप प्रमाणीका र पाठ्यक्रमहरू बढी हार्डवेयरसँग सम्बन्धित भएका तर बजारमा सफ्टवेयर सम्बन्धी कार्यक्रमहरूको माग बढ्दै गएको देखिएको । अध्ययनले आईटी क्षेत्रमा Cloud Computing, Full Stack Web Development, AI and Machine Learning, and Internet of Things (IoT) जस्ता कार्यक्रमहरूलाई बजार सान्दर्भिक सम्भावित मुख्य कार्यक्रमको रूपमा उल्लेख गरेको। उल्लेखित कार्यक्रमहरूको राष्ट्रिय सीप प्रमाणीका र पाठ्यक्रम विकास गर्न तथा आवश्यक व्यवहारकुशल सीप समेत सुनिश्चित गर्न अध्ययनले सिफारिस गरेको। |
| ३. | नवीनतम उत्पादन क्षेत्रका बजार सान्दर्भिक सीप विकास कार्यक्रमको अध्ययन अनुसन्धान (निर्माण क्षेत्र) (२०८१/८२) | गुणात्मक विधिबाट गरिएको अनुसन्धानले प्रि-डिप्लोमा तहमा निर्माण क्षेत्रमा बजार सान्दर्भिक सीप विकास कार्यक्रमको पहिचान गरेको । नेपालको निर्माण क्षेत्रमा डिजिटलाइजेसन, अटोमेसन र दिगो तथा हरित अभ्यास सम्बन्धी नयाँ प्रविधिको प्रयोग बढ्दै गइरहेको अवस्थामा विद्यमान पाठ्यक्रममा परिमार्जन गर्नु पर्ने आवश्यकता देखिएको । निर्माण क्षेत्रमा ग्रिन बिल्डिङ एन्ड इनर्जी इफिसिएन्सी टेक्निसियन, भूकम्प प्रतिरोधी भवन निर्माण प्राविधिक, प्रिफेब्रिकेसन एन्ड मोडुलर कन्स्ट्रक्सन टेक्निसियन, कन्स्ट्रक्सन ल्याब एन्स सोइल टेस्ट टेक्निसियन, पीएलसी एन्ड स्क्याडा सिस्टम अपरेटर, हाइड्रोपावर एन्ड रिन्युएबल इनर्जी टेक्निसियन जस्ता व्यवसायको लागि नयाँ पाठ्यक्रम बनाउन सुझाव दिएको । |

| क्र.सं. | अनुसन्धानको शीर्षक | अनुसन्धानको निष्कर्ष |
|---|---|---|
| ४. | नवीनतम उत्पादन क्षेत्रका बजार सान्दर्भिक सीप विकास कार्यक्रमको अध्ययन अनुसन्धान (स्वास्थ्य क्षेत्र) (२०८१/८२) | गुणात्मक विधिबाट गरिएको अनुसन्धानले डिप्लोमा/प्रमाणपत्र तहमा स्वास्थ्य क्षेत्रमा नवीनतम एवं बजार सान्दर्भिक कार्यक्रमको पहिचान गरेको । अध्ययनले जेरियाट्रिक नर्स, डाइलासिस टेक्निसियन, स्कुल नर्स, अपरेसन थिएटर/एनेस्थेसिया टेक्निसियन, टेलिमेडिसिन एन्ड टेलिहेल्थ, स्यानिटेसन एन्ड हस्पिटल हाइजिनिस्ट, प्रोस्थेटिक्स एन्ड अर्थोटिक्स, अकुपेसनल हेल्थ एन्ड सेफटी, ट्रान्सफ्युजन एन्ड ब्लड ब्याङ्किङ, मेडिकल रेकर्डस् एन्ड ट्रान्स्कृप्सनिस्ट, रेडियो थेरापी, मेडिकल फिजिक्स, आईभीएफ एसिस्टेन्ट, स्पिच एन्ड हियरिङ, मेडिकल वेस्ट म्यानेजमेन्ट, न्युट्रिसन एन्ड डायटिक्स, न्याचुरल थेरापी, स्पोर्टस् मेडिसिन लगायतका कार्यक्रमको पाठचक्रम विकास गर्न सकिने सुझाव दिएको । |
| ५. | सीटीईभीटी अन्तर्गत सञ्चालित इन्जिनियरिङ कार्यक्रमहरूमा विद्यार्थीहरूको आकर्षणको अवस्था (२०७९/८०) | गुणात्मक विधिबाट गरिएको यस अनुसन्धानले सीटीईभीटी अन्तर्गत सञ्चालित इन्जिनियरिङ विधामा विद्यार्थीहरूको आकर्षण पछिल्ला वर्षहरूमा घट्दै जानुमा व्यक्तिगत, संस्थागत र सामाजिक एवं सास्कृतिक कारणहरू रहेको । अनुसन्धानले पढाइ पछि रोजगारीको सुनिश्चितता नहुनु, परीक्षा उत्तीर्ण गर्न कठिन हुनु, पर्याप्त प्रयोगात्मक अभ्यासको कमी, प्रभावकारी परामर्श सेवा नहुनु, सूचना तथा जानकारीको कमी, ११ र १२ कक्षा पढेमा विदेश छिटो जान पाइने जस्ता कारणहरूले विद्यार्थीको आकर्षण घट्दै गइरहेको तथ्य औल्याएको । |
| ६. | सीटीईभीटी अन्तर्गत डिप्लोमा तहको इन्जिनियरिङ कार्यक्रममा अध्ययनरत प्रशिक्षार्थीहरूको सिकाइ उपलब्धीमा प्रभाव पार्ने कारणहरू (२०७९/८०) | डिप्लोमा तहको इन्जिनियरिङ कार्यक्रमको पहिलो र दोस्रो सेमेष्टरमा प्रशिक्षार्थीहरू अनुत्तीर्ण हुने दर बढी रहेको । बढि दरमा प्रशिक्षार्थीहरू अनुत्तीर्ण हुनुका प्रमुख कारणहरूमा पाठचक्रममा समावेश गरिएको विषयवस्तु बढी सैद्धान्तिक प्रकृतिको तथा कठिन भएको, प्रशिक्षण शैली प्रभावकारी नभएको, शिक्षण संस्थामा कोर्ष पूरा नहुने, प्रशिक्षकहरू बारम्बार परिवर्तन भइरहने जस्ता कारणहरू उल्लेख भएको । |
| ७. | राष्ट्रिय सीप परीक्षण समितिबाट प्रमाणित सीप परीक्षणका ग्र्याजुएटहरूको ट्रेसर स्टडी (२०७९/८०) | कृषि, निर्माण, आतिथ्य, विद्युत, मेकानिकल, अटोमोबाइल र आईसीटी क्षेत्रमा **२०२१** देखि **२०२२** सम्म सीप परीक्षण तह १ देखि तह ३ उत्तीर्ण गरेका **६५२** जना ग्र्याजुएट र ९२ रोजगारदाताबाट तथ्याङ्क सङ्कलन गरी मिश्रित विधिबाट अध्ययन गरिएको । तह १ उत्तीर्ण गर्ने **५५.९८%**, तह २ उत्तीर्ण गर्ने ७८.०८% र तह ३ उत्तीर्ण गर्ने ८०.३६% रोजगारीमा रहेका । सबैभन्दा बढी मेकानिकल (९३.३३%) र सबैभन्दा कम कृषि (३४.५२%) का ग्र्याजुएटहरू रोजगारीमा रहेको पाइएको । रोजगारीमा आबद्ध ग्र्याजुएटहरूको औसत मासिक आम्दानी **३२,६५२** पाइएको । धेरै जसो रोजगारदाताहरूले सीप परीक्षण उत्तीर्ण गरेका तथा बहुविधाको सीप भएका ग्र्याजुएटहरूलाई रोजगारीमा प्राथमिकता दिने गरेको पाइएको । |
| ८. | मानव संशाधन प्रक्षेपणका लागि श्रम बजारको विश्लेषण (२०७८/७९) | अध्ययनले कृषि, निर्माण, पर्यटन र स्वास्थ्य गरी चार वटा क्षेत्रहरूलाई समेटेको । यी क्षेत्रका **५०** प्रतिशत उद्योग/व्यवसायहरू मात्र राम्रो अवस्थामा सञ्चालन भइरहेको । समग्र अर्थतन्त्रको वृद्धि यही गतिमा भए सन् **२०३०** सम्ममा नेपालको कृषि क्षेत्रमा ६ लाख, निर्माण क्षेत्रमा ६ लाख, पर्यटन क्षेत्रमा २ लाख र स्वास्थ्य क्षेत्रमा १ लाख भन्दा बढी जनशक्ति आवश्यक पर्ने प्रक्षेपण गरेको । |

| क्र.सं. | अनुसन्धानको शीर्षक | अनुसन्धानको निष्कर्ष |
|---|---|---|
| ९. | प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमको प्रभाव मूल्याङ्कन (२०७८/७९) | प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमको कुल गार्हस्थ उत्पादन (GDP) मा करिब १% योगदान रहेको । सीटीईभीटीबाट उत्पादित ग्र्याजुएटहरू मध्ये समग्रमा ५८.२% रोजगार भएका । ग्र्याजुएटहरूको रोजगारीलाई क्षेत्रगत रूपामा हेर्दा सबैभन्दा बढी स्वास्थ्य क्षेत्र (६७.८%), त्यसपछि होटल व्यवस्थापन क्षेत्र (६६.७%), इन्जिनियरिङ क्षेत्र (५९.४%) र सबैभन्दा कम कृषि क्षेत्र (४४.३%) मा रोजगार भएको पाइएको । |

स्रोतः सूचना तथा अनुसन्धान महाशाखा

## ३.६ मानव संशाधनको व्यवस्थापन तथा विकास

### ३.६.१ कर्मचारी पदपूर्ति

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गत ९३२ जना कर्मचारीहरूको स्थायी दरबन्दी रहेको छ । परिषद् अन्तर्गत १४ वटा आङ्गिक शिक्षालयहरू भएको समयमा कायम रहेको स्थायी दरबन्दी संख्या नै हालसम्म कायम रहेको छ । पछिल्ला वर्षहरूमा परिषद् अन्तर्गतका शिक्षालयहरू तथा कार्यालयहरूको संख्यामा समेत वृद्धि हुँदा करारमा प्रशिक्षक तथा कर्मचारीहरू नियुक्त गरी कार्यसम्पादन हुँदै आइरहेको छ । आ.व. २०८१/८२ मा परिषद् अन्तर्गतका कार्यालय तथा शिक्षालयहरूमा २,२०८ जना सेवा करारका लागि बजेट स्वीकृत भएको थियो । परिषद्मा विद्यमान स्थायी दरबन्दी संख्या र सेवा करारका लागि स्वीकृत विवरण तलको तालिकामा दिइएको छ ।

**तालिका नं. २४: परिषद्को दरबन्दी संख्या तथा सेवा करार सम्बन्धी विवरण**

| पद तथा श्रेणी | स्थायी दरबन्दी | सेवा करार (आ.व. २०८१/८२) |
|---|---|---|
| विशिष्ट श्रेणी | २ | |
| अधिकृत स्तर प्रथम | २६ | |
| अधिकृत स्तर द्वितीय | ९२ | |
| अधिकृत स्तर तृतीय | २४४ | ८३६ |
| सहायक प्रथम | २७९ | ४४६ |
| सहायक द्वितीय | १३२ | १४७ |
| सवारी चालक | ३१ | ११० |
| कार्यालय सहयोगी + सुरक्षा गार्ड | १२६ | ३६० + ३०९ |
| **जम्मा** | **९३२** | **२२०८** |

स्रोतः प्रशासन महाशाखा

परिषद्ले लोक सेवा आयोगसँग समन्वय गरी रिक्त रहेका स्थायी पदमा पदपूर्ति गर्दै आइरहेको छ । परिषद्बाट **२०८१** असार **२८** गते तलको तालिकामा उल्लेखित विवरण अनुसारका कर्मचारीको स्थायी पदपूर्तिका लागि विज्ञापन प्रकाशन गरी पदपूर्ति प्रक्रिया अगाडि बढाएकोमा आ.व. **२०८१/८२** मा जम्मा **१७१** पदहरूमा कर्मचारी पदपुर्ति गरिएको थियो ।

**तालिका नं. २५: कर्मचारीको स्थायी पदपूर्तिका लागि विज्ञापन गरिएको संख्या**

| क्र.सं. | तह | विज्ञापन गरिएको संख्या | आ.व. २०८१/८२ मा पदपुर्ति भएको संख्या |
|---|---|---|---|
| १. | अधिकृत स्तर प्रथम श्रेणी | ११ | १० |
| २. | अधिकृत स्तर द्वितीय श्रेणी | २१ | २० |
| ३. | अधिकृत स्तर तृतीय श्रेणी | ६६ | ५७ |
| ४. | सहायक स्तर प्रथम श्रेणी | ८४ | ५० |
| ५. | सहायक स्तर द्वितीय श्रेणी | ४४ | ३४ |
| **जम्मा** | | **२२६** | **१७१** |

स्रोत: प्रशासन महाशाखा

माथिको तालिकामा उल्लेखित केही पदहरूमा आवश्यक संख्या भन्दा कम आवेदन परेको तथा केही पदहरूमा उम्मेद्वार उत्तीर्ण नभएको हुँदा विज्ञापन गरिएको संख्या भन्दा पदपुर्ति संख्या कम भएको हो । त्यसैगरी आ.व. **२०८१/८२** मा परिषद् सेवाबाट अनिवार्य अवकाश हुने कर्मचारीको संख्या **२६** रहेको छ । यस सम्बन्धी विस्तृत विवरण अनुसूची **११** मा दिइएको छ ।

## ३.६.२ प्राविधिक प्रशिक्षण प्रतिष्ठानबाट सञ्चालित क्षमता विकास तालीम

प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम क्षेत्रमा कार्यरत प्रशिक्षक, कर्मचारी तथा व्यवस्थापकहरूको क्षमता विकासका लागि प्राविधिक प्रशिक्षण प्रतिष्ठानबाट वृत्ति विकाससँग सम्बन्धित विभिन्न तालीमहरू सञ्चालन हुँदै आइरहेका छन् । प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गत कार्यरत प्रशिक्षक तथा कर्मचारीहरूलाई प्रतिष्ठान मार्फत क्षमता विकासका तालीमहरू प्रदान गर्ने गरिन्छ । नेपाल सरकारबाट प्राप्त वार्षिक बजेटबाट सञ्चालन हुने नियमित कार्यक्रमका अतिरिक्त प्रतिष्ठानले अन्य सरकारी, गैह्र सरकारी र निजी क्षेत्रसँग समेत सम्झौता गरी प्रायोजित कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । यसका साथै प्रतिष्ठानले अन्य विभिन्न मुलुकहरूमा समेत आफ्नो सेवा विस्तार गर्दै आइरहेको छ । प्रतिष्ठानले आ.व. **२०८१/८२** मा प्रदान गरेको क्षमता अभिवृद्धि सम्बन्धी तालीम कार्यक्रमहरूको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २६: TITI बाट आ.व. २०८१/८२ मा सञ्चालित तालीम कार्यक्रमको विवरण**

| कार्यक्रम | पुरुष | महिला | जम्मा सहभागी | व्यक्ति हप्ता* | जम्मा तालीम संख्या |
|---|---|---|---|---|---|
| प्रशिक्षण सीप विकास | ९१६ | ४३६ | १,३५२ | ३,२७६ | ६८ |
| पाठ्यक्रम निर्माण | ३९ | १६ | ५५ | १३० | ४ |
| व्यवस्थापन सीप | १६६ | ३५ | २०१ | ३७५ | ११ |
| सामुदायिक र पेशागत सीप अभिवृद्धि | ९३ | २५ | ११८ | १९९.६ | १० |
| इ-लर्निङ | ९६ | ३० | १२६ | १४४.८ | ६ |
| **जम्मा** | **१,३१०** | **५४२** | **१,८५२** | **४,१२५.४** | **९९** |

स्रोत: प्राविधिक प्रशिक्षण प्रतिष्ठान

* व्यक्ति हप्ता भन्नाले एक व्यक्तिले लिएको एक हप्ता (४० घण्टा) अवधिको तालीमलाई जनाउँछ ।

प्रतिष्ठानको स्थापनाकालदेखि आ.व. २०८१/८२ को अन्त्यसम्ममा हासिल गरेको उपलब्धिलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. २७: TITI बाट आ.व. २०८१/८२ सम्म सञ्चालन भएका तालीम कार्यक्रमको विवरण**

| कार्यक्रम | पुरुष | महिला | जम्मा सहभागी | व्यक्ति हप्ता |
|---|---|---|---|---|
| प्रशिक्षण सीप विकास | १६,०३४ | ९,९९४ | २६,०२८ | ५३,६७५.०५ |
| पाठ्यक्रम निर्माण | १,९७६ | ४८० | २,४५६ | ४,७१२.२ |
| व्यवस्थापन सीप | ५,०२८ | १,६४३ | ६,६७१ | १३,१६९.४ |
| सामुदायिक र पेशागत सीप अभिवृद्धि | ३,६३४ | १,३४९ | ४,९८३ | ११,६४८.३ |
| इ-लर्निङ | २९८ | १०८ | ४०६ | ६५२.८ |
| बी.टेक.एड.का मोड्युल | १,४११ | ५४४ | १,९५५ | ७,८९७.८ |
| **जम्मा** | **२८,३८१** | **१४,११८** | **४२,४९९** | **९१,७५५.५५** |

स्रोत: प्राविधिक प्रशिक्षण प्रतिष्ठान

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्मा कार्यरत कर्मचारीहरूको पेशागत क्षमता अभिवृद्धिका लागि प्राविधिक प्रशिक्षण प्रतिष्ठानको व्यवस्था गरिएको छ । परिषद्ले आ.व. २०८१/८२ मा प्रतिष्ठान बाहेक ३७ जना कर्मचारीहरूलाई क्षमता विकास सम्बन्धी तालीम प्रदान गरेको थियो । जसमध्ये ४ जना कर्मचारीहरूले स्वदेशमा र ३३ जनाले विदेशमा सञ्चालित क्षमता विकास तालीम तथा अनुभव आदान-प्रदान भ्रमणमा सहभागी भएका थिए । यसका साथै परिषद्मा कार्यरत ४ जना कर्मचारीहरूले उच्च शिक्षा अध्ययनको अवसर प्राप्त गरेका थिए ।

# परिच्छेद चार

## कार्यसम्पादन सुधार र नवप्रवर्तनात्मक कार्य

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्ले आधारभूत तथा मध्यमस्तरीय जनशक्ति उत्पादन गर्दै आइरहेको छ । परिषद्ले समावेशी, समतामूलक तथा गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमका लागि विभिन्न सरोकारवालाहरूसँग समन्वय र सहकार्य गर्दै आइरहेको छ । यसका साथै सञ्चालित कार्यक्रमहरूको प्रभावकारिता अध्ययन गरी परिषद्ले कार्यसम्पादनमा सुधार गर्दै आइरहेको छ । परिषद्ले कार्यसम्पादन सुधारका लागि गरेका प्रयासहरू तथा नवप्रवर्तनात्मक कार्यहरू यस परिच्छेदमा उल्लेख गरिएको छ ।

### ४.१ समुदायसँगको सहकार्यमा प्राविधिक शिक्षाका कार्यक्रम सञ्चालन

प्राविधिक शिक्षालय र समुदाय बीचको सम्बन्धलाई सुमधुर बनाउन तथा शिक्षालयप्रति समुदायको अपनत्व बढाउने उद्देश्यले समुदायसँगको सहकार्यमा प्राविधिक शिक्षाका कार्यक्रमहरू सञ्चालन हुने गरेका छन् । यस्ता कार्यक्रमहरूले प्रशिक्षार्थीको सिकाइलाई व्यवहारमा जोड्न मद्दत गर्दछ । समुदायमा गएर गरिने क्रियाकलापहरूबाट प्रशिक्षार्थीको सिकाइ दिगो हुन्छ । यसले प्रशिक्षार्थीलाई समाजमा भएका समस्या तथा अभावका बारेमा परिचित गराई प्राविधिक शिक्षाको अध्ययन पश्चात् त्यस्ता समस्या समाधान गर्ने वा अभाव पूर्ति गर्ने गरी व्यवसाय गर्नका लागि प्रेरणा मिल्छ । यस्ता शैक्षिक क्रियाकलापबाट समुदायले शिक्षण संस्थाप्रति गर्ने विश्वास अभिवृद्धि हुन जान्छ । सीपयुक्त जनशक्ति समुदायको घरदैलो तथा खेतबारीमा सहज उपलब्ध हुने हुनाले स्थानीय जनताका प्राविधिक समस्याको समाधान गर्न मद्दत पुग्छ, उचित परामर्श प्राप्त हुन्छ र समुदायको उत्पादकत्व अभिवृद्धि हुन्छ । यी कारणहरूलाई मध्यनजर गरेर परिषद् अन्तर्गतका शिक्षालयहरूले समुदायमा आधारित परियोजना कार्यहरू, सचेतनामूलक कार्यक्रमहरू, छोटो अवधिका तालीम कार्यक्रमहरू लगायतका विविध क्रियाकलापहरू गर्दै समुदायलाई प्रत्यक्ष सहयोग पुऱ्याई प्रशिक्षार्थीको सिकाइलाई थप प्रभावकारी बनाउने कार्य गर्दै आएका छन् ।

### ४.२ सिक्दै-कमाउँदै अवधारणाको कार्यान्वयन

प्राविधिक शिक्षालयहरूमा अध्ययनरत प्रशिक्षार्थीहरूलाई व्यावहारिक सीप सिकाई उद्यमशील बनाउने उद्देश्यले सिक्दै-कमाउँदै कार्यक्रम सञ्चालन गरिँदै आएको छ । जस्तै कृषि, इन्जिनियरिङ, होटल व्यवस्थापन र स्वास्थ्य क्षेत्रका कार्यक्रमहरूमा प्रयोगात्मक अभ्यासको क्रममा तयार हुने उत्पादनको बिक्री वितरण गरी आय आर्जन गर्ने कार्यक्रमहरू सञ्चालन गरिँदै आएको छ । प्राविधिक शिक्षामा अध्ययनरत प्रशिक्षार्थीहरूलाई सिक्दै-कमाउँदै कार्यक्रममा सहभागी गराउँदा उनीहरूको सीपमा निखारता आउने र कार्य सम्पादनमा आत्मविश्वास बढ्ने मात्र नभई समुदायको आवश्यकता पहिचान, समस्या समाधान, आय आर्जन, सञ्चार सीप, बजारीकरण र व्यावसायिकताको विकास हुने गर्दछ । यो कार्यलाई व्यवस्थित रूपमा सञ्चालन गर्नका लागि शिक्षालयमा उत्पादन इकाइको गठन गरिएको छ । अध्ययनरत प्रशिक्षार्थी, पूर्व प्रशिक्षार्थी र उद्यमशीलता सम्बन्धी काम गर्न इच्छुक युवाहरूलाई उनीहरूको रूची र क्षमताको पहिचान गरी व्यवसाय सञ्चालन गर्नका लागि सहयोग गर्न शिक्षालयहरूमा बिजिनेस इन्क्युबेसन सेन्टरको समेत स्थापना गरिएको छ । शिक्षालयमा उत्पादित वस्तु तथा सेवाको बिक्रीबाट प्राप्त आम्दानी मध्ये परिषद् कार्यालयले तयार गरेको कार्यविधिले तोकेको निश्चित प्रतिशत रकम सम्बन्धित प्रशिक्षार्थी तथा प्रशिक्षकहरूलाई प्रोत्साहन स्वरूप उपलब्ध गराउने र बाँकी रकम शिक्षालयको खातामा जम्मा गर्ने अभ्यास रहेको छ ।

## ४.३ कार्यस्थलको सिकाइमा जोड

प्रशिक्षार्थीहरूको व्यावसायिक सीप अभिवृद्धि गरी दक्ष प्राविधिक जनशक्ति तयार गर्नका लागि प्राविधिक शिक्षालयमा सैद्धान्तिक र व्यावहारिक सीप सिकाई उद्योग/व्यवसायमा गरिने वास्तविक काममा बढी भन्दा बढी संलग्न गराउने किसिमका कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । यस अन्तर्गत औद्योगिक प्रतिष्ठान तथा रोजगारदाता संघ र शिक्षालयको सहकार्यमा सञ्चालित अप्रेन्टिसिप कार्यक्रमहरू, On-the-job Training (OJT), Internship जस्ता कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् ।

औद्योगिक प्रशिक्षार्थी कार्यक्रममा निजी क्षेत्रको महत्वपूर्ण भूमिका रहँदै आएको छ । हालसम्म १,१०० वटा भन्दा बढी उद्योग/व्यवसायहरू औद्योगिक प्रशिक्षार्थी कार्यक्रम सञ्चालनमा प्रत्यक्ष सहभागी भै प्रशिक्षार्थीहरूलाई उद्योगमा आधारित सिकाइको अवसर प्रदान गर्ने तथा उनीहरूलाई मासिक प्रोत्साहन रकम प्रदान गर्ने लगायतका कार्यहरूमा योगदान दिंदै आएका छन् । औद्योगिक प्रशिक्षार्थी तालीममा भर्ना हुन सफल भएका आर्थिक अवस्था न्यून रहेका विद्यार्थीहरूको लागि केही स्थानीय तहबाट छात्रवृत्तिको व्यवस्था समेत भएको छ ।

## ४.४ गुणस्तर सुनिश्चितता

प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमका कार्यक्रमहरूमा गुणस्तर सुनिश्चितताका लागि परिषद् कार्यालयले मापदण्ड तोकी शिक्षण संस्थाहरूलाई सम्बन्धन तथा स्वीकृति प्रदान गर्दै आएको छ । यसका साथै परिषद्ले गुणस्तर मापदण्डका आधारमा शिक्षालयहरूको नियमित अनुगमन तथा सुपरिवेक्षण गर्ने गरेको छ । अनुगमन तथा सुपरिवेक्षणबाट प्राप्त निष्कर्षका आधारमा संस्थागत सुधारका लागि कार्यक्रम तय गरी कार्यान्वयन गर्दै आएको छ । प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमको क्षेत्रमा क्रियाशील पेशाकर्मीहरूको क्षमता विकासका लागि प्राविधिक प्रशिक्षण प्रतिष्ठानबाट पेशागत विकास सम्बन्धी तालीम तथा अन्य विभिन्न कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । सञ्चालित शैक्षिक कार्यक्रमहरूलाई तोकिएको समयमा सम्पन्न गर्न गराउनका लागि सरोकारवालाहरूको सहभागितामा शैक्षिक क्यालेन्डर निर्माण र कार्यान्वयन हुँदै आएको छ । यसका अतिरिक्त परिषद्ले सञ्चालन गर्ने कार्यक्रमको आवश्यकता, सान्दर्भिकता तथा प्रभावकारिताका सम्बन्धमा समेत नियमित अध्ययन अनुसन्धान गरी प्राप्त निष्कर्षका आधारमा कार्यक्रमहरू तय गर्ने तथा संशोधन गरी कार्यान्वयन गर्ने गरिएको छ ।

समयसापेक्ष मापदण्ड निर्धारण गरी प्राविधिक शिक्षा प्रदायक शिक्षण संस्थाहरूको क्षमता अभिवृद्धि मार्फत गुणस्तरीय शिक्षा प्रदान गर्न Quality Technical and Vocational Education and Training for Youth (QualiTY) परियोजनाको सहयोगमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम क्षेत्रको रणनीतिक योजना (२०७९/८०-२०८७/८८) कार्यान्वयनका लागि विस्तृत कार्ययोजना तयार गरिएको छ । परियोजनाको सहयोगमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम क्षेत्रको राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गर्ने कार्य भएको छ ।

## ४.५ पारदर्शिता र सहभागिता

परिषद् कार्यालयबाट सम्पादन हुने काम कारबाहीमा पारदर्शिता र जवाफदेहिताको सुनिश्चितताका लागि विभिन्न प्रयासहरू हुँदै आएका छन् । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा (५) तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम परिषद् कार्यालयले सम्पादित क्रियाकलाप तथा प्रगति समेटी त्रैमासिक रूपमा स्वतः प्रकाशन तयार गरी वेबसाइट मार्फत सार्वजनिक गर्दै आएको छ । विभिन्न माध्यमबाट यदाकदा प्राप्त हुने सरोकारवालाका गुनासोलाई समयमै सम्बोधन गर्ने गरिएको छ । परिषद् कार्यालयले आफ्ना गतिविधि तथा सूचनाहरू वेबसाइट मार्फत नियमित रूपमा सम्प्रेषण गर्दै आइरहेको छ । परिषद्को सेवा प्रवाहलाई थप चुस्तदुरूस्त बनाउन विभिन्न महाशाखा तथा कार्यालयहरूमा अनलाइन प्रणालीको विकास गरी कार्यान्वयन गरिँदै आएको छ । औद्योगिक प्रतिष्ठान तथा अन्य सरोकारवालाहरूको सहभागितामा पाठचक्रम निर्माण, कार्यान्वयन तथा मूल्याङ्कन गर्ने गरिएको छ ।

## ४.६ पूर्व सिकाइको मान्यता

अनौपचारिक तथा अरीतिक विधि र प्रक्रियाबाट सिकेको सीपलाई मान्यता प्रदान गर्न नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजनाको सहयोगमा राष्ट्रिय सीप परीक्षण समितिले पूर्व सिकाइको मान्यता विधिबाट इकाइगत सीप परीक्षण गर्दै आएको छ । यो प्रावधानले स्वदेश तथा विदेशमा कामको अनुभव भएका तर सीपको प्रमाणपत्र नभएका व्यक्तिहरू लाभान्वित हुँदै आएका छन् । पूर्व सिकाइको मान्यता विधिले व्यक्तिमा भएको सीपको प्रमाणीकरण गरी रोजगारी तथा स्वरोजगारीमा जोडिन मद्दत गर्दै आएको छ ।

## ४.७ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्थासँग सहकार्य

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्ले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्थाहरूसँगको सहकार्यमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम क्षेत्रको विकास तथा विस्तार एवं गुणस्तर अभिवृद्धिका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ । परिषद्ले सन् १९९५ देखि युनेस्को युनेभोक (UNESCO-UNEVOC) सँग आबद्ध भई विविध कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । युनेस्को युनेभोकले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम क्षेत्रमा क्रियाशील विश्वभरका संस्थाहरूलाई अनुभव तथा असल अभ्यासहरूको आदानप्रदान, नीति निर्माण, कार्यक्रमहरूको गुणस्तर सुनिश्चितता, युवालाई रोजगारी र आजीवन सिकाइका अवसर प्रदान, सबैका लागि टीभीईटी कार्यक्रमहरूमा पहुँच सुनिश्चित गर्न मद्दत गर्दछ ।

परिषद् कोलम्बो प्लान स्टाफ कलेजको नेपाल स्थित साझेदार संस्थाको रूपमा समेत रहँदै आएको छ । कोलम्बो प्लान स्टाफ कलेज एशिया प्यासिफिक क्षेत्रमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमको विकास एवं विस्तारका लागि विभिन्न देशका सरकारहरूको सहमतिमा बनाइएको एउटा प्रतिष्ठित अन्तर्राष्ट्रिय संस्था हो । नेपाल सन् १९७३ देखि कोलम्बो प्लान स्टाफ कलेजको सदस्य रहँदै आएको छ । परिषद्ले कोलम्बो प्लान स्टाफ कलेजसँगको सहकार्यमा क्षमता विकास, नीति संवाद तथा असल अभ्यासको आदानप्रदान गर्न कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ । यसका अतिरिक्त परिषद्ले अन्य अन्तर्राष्ट्रिय विकास साझेदार संस्थाहरूसँग हातेमालो गर्दै पूर्वाधार निर्माण तथा स्तरोन्नति र क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

# परिच्छेद पाँच

## समस्या, चुनौती तथा भावी कार्यक्रम

यस परिच्छेदमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् कार्यालयले कार्यसम्पादनका दौरानमा भोगेका प्रमुख समस्या तथा चुनौतीहरूका बारेमा संक्षिप्त चर्चा गरिएको छ । देहायमा उल्लेखित समस्या तथा चुनौतीलाई सम्बोधन गरी प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम क्षेत्रको विकास र विस्तारका लागि परिषद्ले अवलम्बन गर्ने भावी कार्यक्रमहरू समेत यो परिच्छेदमा प्रस्तुत गरिएको छ ।

### ५.१ समस्या तथा चुनौतीहरू

- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम साधारण शिक्षाको तुलनामा केही बढी खर्चिलो हुने तर प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्लाई छुट्याइने बजेट पर्याप्त नहुँदा सीमित स्रोतसाधनबाट प्राविधिक तथा व्यावसायिक शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्नु चुनौतीपूर्ण रहेको छ ।
- संघ, प्रदेश र स्थानीय तहको स्पष्ट भूमिका सहितको प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम सम्बन्धी संघीय ऐनको अभावमा परिषद्लाई संघीय संरचनामा कार्यसम्पादन गर्न चुनौतीपूर्ण रहेको छ ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम सम्बन्धी सीप नक्शांकनका आधारमा कार्यक्रम विस्तार तथा समायोजन गरी शिक्षालयहरूको दिगो रूपमा सञ्चालन हुन सक्ने आधार (पूर्वाधार, शैक्षिक सामग्री तथा प्रशिक्षकको व्यवस्थापन) तयार गर्नु पर्ने देखिन्छ ।
- छरिएर रहेका स्रोत र कार्यक्रम सञ्चालनका लागि अन्तरमन्त्रालय तथा निकायबीच समन्वय गरी गुणस्तर सुनिश्चितताको प्रत्याभूति दिन परीक्षा प्रणाली, पाठ्यक्रम निर्माण, परिमार्जन एवं अनुगमन, निरीक्षण तथा मूल्याङ्कन प्रणालीलाई अझ व्यवस्थित र सुदृढ बनाउँदै लैजानु पर्ने देखिन्छ ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमलाई स्पष्ट रूपमा परिभाषित गरी उत्पादित जनशक्तिहरूको पारगम्यता तथा वृत्ति विकासको मार्ग सुनिश्चित गरी पाठ्यक्रम निर्माण, कार्यक्रम सञ्चालन, प्रशिक्षकको क्षमता अभिवृद्धि, रोजगारको अवसरका लागि उद्योगी, व्यवसायी तथा रोजगारदाताहरूसँगको संस्थागत समन्वय र सहकार्य गर्नुपर्ने देखिन्छ ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम कार्यक्रमको विस्तारको आधारमा थप प्रशिक्षक तथा कर्मचारी दरबन्दीको व्यवस्थापन गर्न, नियमित स्थायी पदपूर्ति सुनिश्चित गर्न र पेशागत क्षमता विकास गरी मानव संसाधनलाई दक्ष बनाई टिकाइराख्ने तथा उत्प्रेरित बनाइराख्नु पर्ने देखिन्छ ।
- प्राविधिक शिक्षाका सबै कार्यक्रमहरूमा परिषद्ले निर्धारण गरेको कोटा पूरा हुने गरी प्रशाक्षार्थी भर्ना गर्नु, गुणस्तरीय प्रशिक्षणको सुनिश्चित गर्नु, भर्ना भएका सबै प्रशिक्षार्थीहरूलाई कार्यक्रम अवधिभर टिकाउनु र कार्यक्रमको अध्ययन पूरा गर्ने सबैलाई छिटोभन्दा छिटो रोजगारी तथा स्वरोजगारीमा जोडिन सक्ने गरी सक्षम बनाउनु पर्ने चुनौती परिषद् सामु रहेको छ ।
- औद्योगिक प्रतिष्ठानहरूमा कार्यरत दक्ष प्राविधिक जनशक्तिलाई प्रशिक्षकको रूपमा प्राविधिक शिक्षालयमा आबद्ध गराउनु पर्ने आवश्यकता देखिन्छ ।

- परिषद्बाट प्रवाह गरिने सेवालाई चुस्त, दुरुस्त एवं छिटोछरितो बनाउन आधुनिक सूचना प्रविधि प्रणालीको अवलम्बन गरी डिजिटल रूपान्तरण गर्नु पर्ने आवश्यकता टड्कारो रहेको छ ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमका कार्यक्रमहरूमा सबैको समतामूलक पहुँच सुनिश्चित हुने गरी सर्वसुलभ किसिमले कार्यक्रम सञ्चालन गर्नु पर्ने चुनौती रहेको छ ।

## ५.२ भावी कार्यक्रम

- संघीय प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम सम्बन्धी ऐन निर्माण र परिषद्को पुनर्संरचनामा सहजीकरण गर्ने ।
- श्रम बजारको लागि दक्ष जनशक्ति तयारीका साथै उच्च प्राविधिक तथा व्यावसायिक शिक्षाको आधारशीलाको रूपमा राष्ट्रिय व्यावसायिक योग्यता प्रारूपसँग तादाम्यता मिलाई कार्यान्वयन गर्ने ।
- राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली (National Vocational Qualifications System) को कार्यान्वयन गर्दा साधारण शिक्षासँगको पारगम्यता तथा वृत्ति पथ, Multi Entry & Multi Exit, मोडचुलर ढाँचाको पाठचक्रम, क्रेडिट ट्रान्सफर प्रणाली लागू गर्ने ।
- प्रशिक्षकको क्षमता विकासका कार्यक्रमहरूमा उद्योग व्यवसायको अनुभव, भ्रमण तथा सीप सिक्ने अवसर (Industry Exposure and Learning Opportunities) दिलाउने व्यवस्था गर्ने ।
- प्रशिक्षक दक्षता परीक्षण र प्रमाणीकरण प्रारूप (Vocational Teachers' Competency Assessment & Certification Framework - VTCACF) विकास गरी कार्यान्वयन गर्ने ।
- उद्योगमा कार्यरत प्राविधिकलाई प्रशिक्षक तथा गुणस्तर परीक्षक (In-company Trainers/Quality Assessor) को रूपमा तयार गर्ने ।
- उद्योगसँगको लागत साझेदारीमा व्यावसायिक तालीम कार्यक्रमहरू सञ्चालन गर्ने ।
- औद्योगिक प्रशिक्षार्थी तालीम (Apprenticeship Training) कार्यक्रमलाई विस्तार गर्ने ।
- उत्पादक क्षेत्र (Productive Sector) समेतको सहभागितामा सिक्दै-कमाउँदै कार्यक्रम कार्यान्वयन गर्ने ।
- जनशक्तिको प्रक्षेपण, सीप नक्शाङ्कनका आधारमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम सम्बन्धी कार्यक्रमहरू विस्तार तथा समायोजन गर्ने ।
- गुणस्तर सुनिश्चितताका लागि शिक्षण संस्थाको स्तर निर्धारण, प्रशिक्षकहरूको क्षमता विकास तथा प्रशिक्षण अनुमतिपत्र सम्बन्धी कानुनी तथा नीतिगत व्यवस्था (शिक्षण संस्थाको स्तर निर्धारण, प्रशिक्षकहरूको क्षमता विकास तथा प्रशिक्षण अनुमतिपत्रको व्यवस्था) गर्ने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम क्षेत्रको राष्ट्रिय पाठचक्रम प्रारूप (National TVET Curriculum Framework - NTCF) कार्यान्वयन गर्ने ।
- राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप (National Vocational Qualifications Framework - NVQF) कार्यान्वयन गर्ने ।

- राष्ट्रिय गुणस्तर सुनिश्चितता प्रारूप (National Vocational Quality Assurance Framework - NVQAF) विकास गरी कार्यान्वयन गर्ने ।
- पूर्व सिकाइको मान्यता (Recognition of Prior Learning - RPL) लाई समय सापेक्ष परिमार्जन तथा विस्तार गर्ने ।
- TMIS/MIS लाई एकीकृत र स्तरोन्नति गर्ने ।
- शैक्षिक प्रमाणपत्रको आधारमा प्राविधिक तथा व्यावसायिक शिक्षाका ग्र्याजुएटहरूलाई सहुलियत दरमा ऋण उपलब्ध गराउन सहजीकरण गर्ने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा क्षेत्रको रणनीतिक योजना (सन् २०२३ देखि २०३२) कार्यान्वयन गर्ने ।

## अनुसूची १: परिषद्का कानुनी दस्तावेजहरू

### ऐन तथा नियमावली

- प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् नियमावली, २०५१

### विनियमावलीहरू

- प्राविधिक शिक्षालय सञ्चालन सम्बन्धी विनियमावली, २०४९
- सीप वर्गीकरण, परीक्षण तथा प्रमाणीकरण विनियमावली, २०४९
- प्राविधिक प्रशिक्षण प्रतिष्ठान विनियमावली, २०५८
- आर्थिक प्रशासन सम्बन्धी विनियमावली, २०६२
- कर्मचारी सेवा, शर्त तथा सुविधा सम्बन्धी विनियमावली, २०६९ (छैठौं संशोधन)
- परीक्षा सम्बन्धी विनियमावली, २०७१
- पाठ्यक्रम विकास तथा समकक्षता निर्धारण विनियमावली, २०८०
- प्राविधिक शिक्षालयको स्तर निर्धारण तथा प्रत्यायन सम्बन्धी विनियमावली, २०८१

### निर्देशिकाहरू

- सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा कार्यक्रम सञ्चालन निर्देशिका, २०७२
- तराई मधेशका दलित र विपन्न मुसलमान परिवारका छात्रा तथा देश भित्रका लोपोन्मुख जातिका छात्रछात्रा र देशका हिमाली तथा पहाडी जिल्लाका विपन्न मुसलमान छात्राहरूले प्राविधिक शिक्षा लिन चाहेमा प्रदान गरिने छात्रवृत्ति कार्यक्रम सञ्चालन (तेश्रो संशोधन) निर्देशिका, २०७३
- डिप्लोमा वा प्रमाणपत्र तह तथा प्रि-डिप्लोमा तहको सैद्धान्तिक परीक्षा सञ्चालन, उत्तरपुस्तिका परीक्षण, नतिजा प्रकाशन सम्बन्धी निर्देशिका, २०७९
- डिप्लोमा/प्रमाणपत्र तह र प्रि-डिप्लोमा तहको प्रयोगात्मक परीक्षा सञ्चालन सम्बन्धी निर्देशिका, २०७९
- प्रि-डिप्लोमा तह औद्योगिक प्रशिक्षार्थी तालीम (अप्रेन्टिसिप) प्रशिक्षार्थी छनौट, भर्ना र मूल्याङ्कन निर्देशिका, २०७९ (पहिलो संशोधन २०८०)
- डिप्लोमा/प्रमाणपत्र तहको प्रवेश परीक्षा सञ्चालन, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका, २०८१
- प्रि-डिप्लोमा तहको प्रवेश परीक्षा सञ्चालन, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका, २०८१
- परिषद्का कार्यक्रम सञ्चालनका लागि तयार गरिएको विषयगत पूर्वाधार निर्देशिकाहरू

**कार्यविधिहरू**

- प्रशिक्षण भत्ता वितरण सम्बन्धी कार्यविधि, २०७७
- वैकल्पिक माध्यमबाट प्रशिक्षण सञ्चालन कार्यविधि, २०७७
- छोटो अवधिको सीपमूलक तालीम सञ्चालन कार्यविधि, २०७७ (संशोधन सहित)
- सेवा करारमा व्यक्ति छनौट सम्बन्धी कार्यविधि, २०७८ (संशोधन सहित)
- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम कार्यक्रम सम्बन्धन कार्यविधि, २०७८ (संशोधन सहित)
- इन्टर्न व्यवस्थापन कार्यविधि, २०७८ (पहिलो संशोधन, २०८०)
- प्राविधिक शिक्षाको पहुँच नपुगेका स्थानीय तह लक्षित प्राविधिक शिक्षामा आवासीय छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०७९
- सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम स्थगन, परिवर्तन, समायोजन, हस्तान्तरण र सम्बन्धन रद्द सम्बन्धी कार्यविधि, २०७९
- कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

**मापदण्डहरू**

- विषयगत प्रयोगात्मक अभ्यास मार्फत शिक्षालयद्वारा समुदायमा प्राविधिक सीप हस्तान्तरण मापदण्ड, २०८०
- प्राविधिक शिक्षा सञ्चालनको लागि स्थानीय तह मार्फत अनुदान वितरण मापदण्ड, २०८०
- कर्मचारी सरुवा तथा जिम्मेवारी सम्बन्धी मापदण्ड, २०८१
- विद्युतीय हाजिरी (e-attendance) सम्बन्धी व्यवस्था, २०८२
- प्रशिक्षार्थी पोशाक संहिता (dress code) सम्बन्धी व्यवस्था, २०८२

## अनुसूची २: परिषद्का प्रदेश कार्यालयहरू

| क्र.सं. | कार्यालय | ठेगाना | सम्पर्क नं. तथा इमेल |
|---|---|---|---|
| १. | कोशी प्रदेश कार्यालय | पचरूखी, इटहरी, सुनसरी | ☎ ०२५-५८६७४०, ५८७०१९, ५८८७८६<br>📱 ९८५२०५५०१९, ९८५२०८८९९७, ९८४२०३१८२५<br>✉ erroitahari@gmail.com<br>🌐 https://ctevtkoshi.org.np |
| २. | मधेश प्रदेश कार्यालय | सिद्धार्थनगर, जनकपुरधाम, धनुषा | 📱 ९८५४०२४०२२, ९८५४०२११८३, ९८५४०२११८२<br>✉ ctevt.province2@gmail.com, ctevtmadhshexam@gmail.com<br>🌐 https://ctevtp2.org.np |
| ३. | बागमती प्रदेश कार्यालय | सरस्वती चोक, हेटौंडा, मकवानपुर | ☎ ०५७-५२४९९१, ५२२१६९<br>📱 ९८५५०३४९९१<br>✉ bagmati.ctevt@gmail.com<br>🌐 https://ctevtbagmati.org.np |
| ४. | गण्डकी प्रदेश कार्यालय | मालेपाटन, पोखरा, कास्की | ☎ ०६१-५८२२८३, ५८२२७१<br>📱 ९८५६०३२२८३<br>✉ ctevtgandaki@gmail.com<br>🌐 https://ctevtgandaki.org.np |
| ५. | लुम्बिनी प्रदेश कार्यालय | राप्ती उपत्यका (देउखुरी), दाङ | ☎ ०८२-४२००७७<br>📱 ९८५७०४४०१८, ९८५७०७३९७२<br>✉ ctevtprovince5@gmail.com<br>🌐 https://ctevtp5.org.np |
| ६. | कर्णाली प्रदेश कार्यालय | वीरेन्द्रनगर, सुर्खेत | ☎ ०८३-५२१८८५, ५२३०२०, ५२३५४५<br>📱 ९८५८०८८८२२, ९८५८०३०२०<br>✉ ctevt.karnali@gmail.com<br>🌐 https://ctevtkarnali.org.np |
| ७. | सुदूरपश्चिम प्रदेश कार्यालय | हसनपुर, धनगढी, कैलाली | ☎ ०९१-४१२१८८, ४१२१४२<br>📱 ९८५८४८८०४७, ९८५८४८८०४६<br>✉ ctevtspokailali@gmail.com<br>🌐 https://ctevtsppo.org.np |

# अनुसूची ३: परिषद्का आङ्गिक शिक्षालय र कार्यक्रम

| क्र.सं. | शिक्षालयको नाम, ठेगाना | कार्यक्रम |
|---|---|---|
| **कोशी प्रदेश** | | |
| १. | रत्नकुमार वान्तवा बहुप्राविधिक शिक्षालय, साँखेजुङ्ग, इलाम | डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स)<br>डिप्लोमा इन एग्रिकल्चर (एनिमल साइन्स)<br>डिप्लोमा इन फरेष्ट्री*<br>डिप्लोमा इन सिभिल इन्जिनियरिङ<br>डिप्लोमा इन फार्मेसी<br>डिप्लोमा इन होटल म्यानेजमेन्ट*<br>प्रि-डिप्लोमा टी टेक्नोलोजी (अप्रेन्टिसिप) |
| २. | सुम्निमा बहुप्राविधिक शिक्षालय, देउराली, भोजपुर | डिप्लोमा इन सिभिल इन्जिनियरिङ<br>डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स)*<br>डिप्लोमा इन एग्रिकल्चर (एनिमल साइन्स) |
| ३. | उत्तरपानी प्राविधिक शिक्षालय, उत्तरपानी, धनकुटा | डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स)<br>डिप्लोमा इन एग्रिकल्चर (एनिमल साइन्स)<br>डिप्लोमा इन फार्मेसी<br>प्रि-डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स)<br>प्रि-डिप्लोमा इन लाइभस्टक प्रोडक्सन/एनिमल हेल्थ |
| ४. | माहुरेगढी बहुप्राविधिक शिक्षालय, नुनथला, खोटाङ्ग | डिप्लोमा इन फरेष्ट्री<br>डिप्लोमा इन सिभिल इन्जिनियरिङ<br>डिप्लोमा इन इन्फर्मेसन टेक्नोलोजी*<br>प्रि-डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिङ* |
| ५. | दमक बहुप्राविधिक शिक्षालय, दमक, झापा | डिप्लोमा इन सिभिल इन्जिनियरिङ<br>डिप्लोमा इन अटोमोबाइल इन्जिनियरिङ*<br>डिप्लोमा इन मेकानिकल इन्जिनियरिङ*<br>डिप्लोमा इन रेफ्रिजेरेसन एन्ड एयरकन्डिसनिङ* |
| ६. | तेह्रथुम बहुप्राविधिक शिक्षालय, आठराई, तेह्रथुम | डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स)*<br>डिप्लोमा इन एग्रिकल्चर (एनिमल साइन्स) |
| ७. | श्रीराम मिथिला बहुप्राविधिक शिक्षालय, आमबोटे, भोजपुर | डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स)<br>डिप्लोमा इन एग्रिकल्चर (एनिमल साइन्स)* |

| मधेश प्रदेश | | |
|---|---|---|
| ८. | लहान प्राविधिक शिक्षालय, लहान, सिरहा | डिप्लोमा इन सिभिल इन्जिनियरिङ (थप कार्यक्रम समेत)<br>डिप्लोमा इन मेकानिकल इन्जिनियरिङ<br>डिप्लोमा इन एग्रिकल्चर (एनिमल साइन्स)<br>डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स)<br>डिप्लोमा इन फार्मेसी<br>प्रमाणपत्र तह अप्थाल्मिक साइन्स*<br>प्रि-डिप्लोमा इन मेकानिकल इन्जिनियरिङ<br>प्रि-डिप्लोमा इन सिभिल इन्जिनियरिङ<br>प्रि-डिप्लोमा इन लाइभस्टक प्रोडक्सन/एनिमल हेल्थ<br>प्रि-डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स)<br>प्रि-डिप्लोमा इन सर्भे इन्जिनियरिङ<br>प्रि-डिप्लोमा इन मेकानिकल इन्जिनियरिङ (अप्रेन्टिसिप) |
| ९. | बी.पी. स्मृति बहुप्राविधिक शिक्षालय, सपही, जनकपुर | डिप्लोमा इन सिभिल इन्जिनियरिङ<br>डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिङ<br>डिप्लोमा इन एग्रिकल्चर (एनिमल साइन्स)<br>डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स)<br>प्रि-डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिङ (अप्रेन्टिसिप) |
| १० | सन्त अल्पमाई रामनारायण यादव बहुप्राविधिक शिक्षालय, मलंगवा, सर्लाही | प्रमाणपत्र तह नर्सिङ<br>प्रमाणपत्र तह सामान्य चिकित्सा<br>डिप्लोमा इन फार्मेसी |
| ११. | गौर बहुप्राविधिक शिक्षालय, गौर, रौतहट | प्रमाणपत्र तह नर्सिङ<br>डिप्लोमा इन फार्मेसी<br>प्रमाणपत्र तह मिडवाइफ्री |
| १२. | जयकिसान बहुप्राविधिक शिक्षालय, धरहरी, रौतहट | डिप्लोमा इन सिभिल इन्जिनियरिङ<br>डिप्लोमा इन इन्फर्मेसन टेक्नोलोजी<br>डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स) |

| | | |
|---|---|---|
| १३. | निर्मल लामा बहुप्राविधिक शिक्षालय, बर्दिवास, महोत्तरी | डिप्लोमा इन फरेष्ट्री<br>डिप्लोमा इन होटल म्यानेजमेन्ट<br>डिप्लोमा इन फुड एन्ड डेरी टेक्नोलोजी<br>डिप्लोमा इन सिभिल इन्जिनियरिङ<br>डिप्लोमा इन जियोमेटिक्स इन्जिनियरिङ<br>प्रमाणपत्र तह डाइग्नोस्टिक रेडियोग्राफी<br>डिप्लोमा इन फार्मेसी<br>प्रमाणपत्र तह मेडिकल ल्याब टेक्नोलोजी*<br>प्रमाणपत्र तह अप्थाल्मिक साइन्स*<br>प्रमाणपत्र तह डेन्टल साइन्स* |
| १४. | बलरा बहुप्राविधिक शिक्षालय, बलरा, सर्लाही | डिप्लोमा इन सिभिल इन्जिनियरिङ<br>डिप्लोमा इन मेकानिकल इन्जिनियरिङ*<br>डिप्लोमा इन अटोमोबाइल इन्जिनियरिङ*<br>डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिङ* |
| १५. | प्रसौनी बहुप्राविधिक शिक्षालय, प्रसौनी, बारा | डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिङ<br>डिप्लोमा इन मेकानिकल इन्जिनियरिङ*<br>डिप्लोमा इन अटोमोबाइल इन्जिनियरिङ*<br>डिप्लोमा इन इलेक्ट्रिकल एन्ड इलेक्ट्रोनिक्स इन्जिनियरिङ*<br>प्रि-डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिङ (अप्रेन्टिसिप) |
| बागमती प्रदेश | | |
| १६. | नेपाल भारत बहुप्राविधिक शिक्षालय, हेटौंडा, मकवानपुर | डिप्लोमा इन मेकानिकल इन्जिनियरिङ<br>प्रि-डिप्लोमा इन मेकानिकल इन्जिनियरिङ (अप्रेन्टिसिप) |
| १७. | थाहा बहुप्राविधिक शिक्षालय, चित्लाङ, मकवानपुर | डिप्लोमा इन फरेष्ट्री*<br>डिप्लोमा इन सिभिल इन्जिनियरिङ* |
| १८. | स्कुल अफ हेल्थ साइन्स, भरतपुर, चितवन | प्रमाणपत्र तह सामान्य चिकित्सा<br>डिप्लोमा इन फार्मेसी<br>प्रमाणपत्र तह डाइग्नोस्टिक रेडियोग्राफी<br>प्रमाणपत्र तह मेडिकल साइन्स (फिजियोथेरापी)<br>प्रमाणपत्र तह मेडिकल ल्याबोरेटरी टेक्नोलोजी<br>प्रमाणपत्र तह डेण्टल साइन्स<br>प्रमाणपत्र तह अप्थाल्मिक साइन्स* |

| | | |
|---|---|---|
| १९. | नारायणी बहुप्राविधिक शिक्षालय, भरतपुर, चितवन | डिप्लोमा इन सिभिल इन्जिनियरिङ<br>डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिङ<br>डिप्लोमा इन अटोमोबाइल इन्जिनियरिङ<br>डिप्लोमा इन जियोमेटिक्स इन्जिनियरिङ<br>डिप्लोमा इन इन्टरप्रेनरसिप डेभलपमेन्ट*<br>प्रि-डिप्लोमा इन अटोमोबाइल इन्जिनियरिङ (अप्रेन्टिसिप)<br>प्रि-डिप्लोमा इन अर्ली चाइल्डहुड डेभलपमेन्ट फेसिलिटेसन (अप्रेन्टिसिप) |
| २०. | दिवाकर स्मृति बहुप्राविधिक शिक्षालय, माडी, चितवन | डिप्लोमा इन सिभिल इन्जिनियरिङ<br>डिप्लोमा इन एग्रिकल्चर (एनिमल साइन्स)<br>डिप्लोमा इन फार्मेसी |
| २१. | भरतपुर बहुप्राविधिक शिक्षालय, भरतपुर, चितवन | डिप्लोमा इन होटल म्यानेजमेन्ट |
| २२. | रामेछाप बहुप्राविधिक शिक्षालय, मन्थली, रामेछाप | डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स)<br>डिप्लोमा इन एग्रिकल्चर (एनिमल साइन्स)<br>डिप्लोमा इन फुड एन्ड डेरी टेक्नोलोजी* |
| २३. | जिरी प्राविधिक शिक्षालय, जिरी, दोलखा | डिप्लोमा इन सिभिल इन्जिनियरिङ<br>डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स)<br>डिप्लोमा इन एग्रिकल्चर (एनिमल साइन्स)<br>डिप्लोमा इन फार्मेसी<br>प्रमाणपत्र तह मिडवाइफरी<br>प्रि-डिप्लोमा इन लाइभस्टक प्रोडक्सन/ एनिमल हेल्थ*<br>प्रि-डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स)*<br>प्रि-डिप्लोमा इन सिभिल इन्जिनियरिङ* |
| २४. | नेपाल बनेपा बहुप्राविधिक शिक्षालय, बनेपा, काभ्रेपलाञ्चोक | डिप्लोमा इन सिभिल इन्जिनियरिङ<br>डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिङ<br>डिप्लोमा इन होटल म्यानेजमेन्ट<br>डिप्लोमा इन इन्फर्मेसन टेक्नोलोजी<br>डिप्लोमा इन जियोमेटिक्स इन्जिनियरिङ<br>प्रि-डिप्लोमा इन होटल म्यानेजमेन्ट (अप्रेन्टिसिप)<br>प्रि-डिप्लोमा इन इन्फर्मेसन टेक्नोलोजी (अप्रेन्टिसिप) |
| २५. | पनौती प्राविधिक शिक्षालय,पनौती, काभ्रेपलाञ्चोक | डिप्लोमा इन अटोमोबाइल इन्जिनियरिङ<br>प्रि-डिप्लोमा इन अटोमोबाइल इन्जिनियरिङ<br>प्रि-डिप्लोमा इन अटोमोबाइल इन्जिनियरिङ (अप्रेन्टिसिप) |

| | | |
|---|---|---|
| २६. | बालाजु स्कुल अफ इन्जिनियरिङ एन्ड टेक्नोलोजी, बालाजु, काठमाण्डौ | डिप्लोमा इन सिभिल इन्जिनियरिङ<br>डिप्लोमा इन मेकानिकल इन्जिनियरिङ<br>डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिङ<br>डिप्लोमा इन मेकाट्रोनिक्स इन्जिनियरिङ<br>प्रमाणपत्र तह अप्थाल्मिक साइन्स<br>डिप्लोमा इन अटोमोबाइल इन्जिनियरिङ<br>डिप्लोमा इन बायोमेडिकल इन्जिनियरिङ*<br>प्रि-डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिङ<br>प्रि-डिप्लोमा इन मेकानिकल इन्जिनियरिङ<br>प्रि-डिप्लोमा इन वाटर सप्लाई एन्ड स्यानिटरी इन्जिनियरिङ* |
| २७. | शंखरापुर बहुप्राविधिक शिक्षालय, साँखु, काठमाण्डौं | डिप्लोमा इन सिभिल इन्जिनियरिङ<br>डिप्लोमा इन जियोमेटिक्स इन्जिनियरिङ<br>डिप्लोमा इन सिभिल इन्जिनियरिङ (हाइड्रोपावर)<br>डिप्लोमा इन अटोमोबाइल इन्जिनियरिङ<br>डिप्लोमा इन आर्किटेक्चर इन्जिनियरिङ*<br>प्रि-डिप्लोमा इन अटोमोबाइल इन्जिनियरिङ (अप्रेन्टिसिप)<br>प्रि-डिप्लोमा इन अर्ली चाइल्डहुड डेभलपमेन्ट फेसिलिटेसन (अप्रेन्टिसिप) |
| २८. | महालक्ष्मी बहुप्राविधिक शिक्षालय, लुभु, ललितपुर | डिप्लोमा इन इन्फर्मेसन टेक्नोलोजी<br>डिप्लोमा इन जियोमेटिक्स इन्जिनियरिङ*<br>डिप्लोमा इन फार्मेसी* |
| २९. | धादिङ बहुप्राविधिक शिक्षालय, गजुरी, धादिङ | डिप्लोमा इन एग्रिकल्चर (एनिमल साइन्स)<br>डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स)* |
| ३०. | दिनेश रामजी स्मृति बहुप्राविधिक शिक्षालय, चौतारा, सिन्धुपाल्चोक | डिप्लोमा इन सिभिल इन्जिनियरिङ<br>डिप्लोमा इन इन्फर्मेसन टेक्नोलोजी<br>डिप्लोमा इन फार्मेसी |
| ३१. | पोष्ट बहादुर बोगटी बहुप्राविधिक शिक्षालय, बिदुर, नुवाकोट | डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स)<br>डिप्लोमा इन एग्रिकल्चर (एनिमल साइन्स)<br>डिप्लोमा इन होटल म्यानेजमेन्ट<br>डिप्लोमा इन सिभिल इन्जिनियरिङ*<br>डिप्लोमा इन फार्मेसी*<br>प्रि-डिप्लोमा इन होटल म्यानेजमेन्ट (अप्रेन्टिसिप) |
| ३२. | गणेशमान सिंह स्मृति बहुप्राविधिक शिक्षालय, चन्द्रागिरि, काठमाडौं | डिप्लोमा इन एग्रिकल्चर (एनिमल साइन्स)<br>डिप्लोमा इन ब्युटी एन्ड कस्मेटोलोजी<br>डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स)*<br>डिप्लोमा इन फेसन डिजाइन* |

| | | |
|---|---|---|
| ३३. | नीलकण्ठ बहुप्राविधिक शिक्षालय, धादिङ | डिप्लोमा इन सिभिल इन्जिनियरिङ (हाइड्रोपावर)<br>डिप्लोमा इन अटोमोबाइल इन्जिनियरिङ* |
| **गण्डकी प्रदेश** | | |
| ३४. | गोरखा बहुप्राविधिक शिक्षालय, पालुङटार, गोरखा | डिप्लोमा इन सिभिल इन्जिनियरिङ<br>डिप्लोमा इन जियोमेटिक्स इन्जिनियरिङ<br>डिप्लोमा इन सिभिल इन्जिनियरिङ (हाइड्रोपावर)*<br>डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिङ*<br>प्रि-डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिङ (अप्रेन्टिसिप)<br>प्रि-डिप्लोमा इन सिभिल इन्जिनियरिङ (निर्माण) (अप्रेन्टिसिप) |
| ३५. | ग्रामीण तालीम केन्द्र, खुदी, लम्जुङ | प्रि-डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स) |
| ३६. | राइनस बहुप्राविधिक शिक्षालय, राइनस, लम्जुङ | डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स)<br>डिप्लोमा इन फरेष्ट्री* |
| ३७. | तनहुँ प्राविधिक शिक्षालय, भिमाद, तनहुँ | डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स)*<br>प्रि-डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स)* |
| ३८. | पोखरा प्राविधिक शिक्षालय, पोखरा, कास्की | डिप्लोमा इन होटल म्यानेजमेन्ट<br>प्रमाणपत्र तह अप्थाल्मिक साइन्स*<br>डिप्लोमा इन अटोमोबाइल इन्जिनियरिङ*<br>प्रि-डिप्लोमा इन कुलिनरी आर्टस्*<br>प्रि-डिप्लोमा इन होटल म्यानेजमेन्ट<br>प्रि-डिप्लोमा इन होटल म्यानेजमेन्ट (अप्रेन्टिसिप)<br>प्रि-डिप्लोमा इन अटोमोबाइल इन्जिनियरिङ (अप्रेन्टिसिप) |
| ३९. | धवलागिरि प्रविधिक शिक्षालय, लेते, मुस्ताङ | डिप्लोमा इन होटल म्यानेजमेन्ट<br>प्रि-डिप्लोमा इन कुलिनरी आर्टस्<br>प्रि-डिप्लोमा इन होटल म्यानेजमेन्ट (अप्रेन्टिसिप)<br>प्रि-डिप्लोमा इन लाइभस्टक प्रोडक्सन/एनिमल हेल्थ<br>प्रि-डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स)* |
| ४०. | धौलागिरि बहुप्राविधिक शिक्षालय, बलेवा, बाग्लुङ | डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स)<br>डिप्लोमा इन एग्रिकल्चर (एनिमल साइन्स)<br>डिप्लोमा इन सिभिल इन्जिनियरिङ* |
| ४१. | किसान बहुप्राविधिक शिक्षालय, चापाकोट, स्याङ्जा | डिप्लोमा इन एग्रिकल्चर (एनिमल साइन्स)<br>डिप्लोमा इन सिभिल इन्जिनियरिङ<br>डिप्लोमा इन इन्फरमेसन टेक्नोलोजी<br>डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स)* |

| | | |
|---|---|---|
| ४२. | कालीगण्डकी बहुप्राविधिक शिक्षालय, पुत्लीबजार, तनहुँ | डिप्लोमा इन फार्मेसी<br>डिप्लोमा इन फरेष्ट्री*<br>प्रि-डिप्लोमा इन फरेष्ट्री* |
| ४३. | आँधीखोला बहुप्राविधिक शिक्षालय, वालिङ्ग, स्याङ्गजा | डिप्लोमा इन इन्फर्मेसन टेक्नोलोजी<br>डिप्लोमा इन सिभिल इन्जिनियरिङ*<br>डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स)* |
| ४४. | बारपाक बहुप्राविधिक शिक्षालय, बारपाक, गोरखा | डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स)<br>डिप्लोमा इन एग्रिकल्चर (एनिमल साइन्स) |
| ४५. | अन्नपूर्ण बहुप्राविधिक शिक्षालय, ढिकुरपोखरी, कास्की | डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स)<br>डिप्लोमा इन एग्रिकल्चर (एनिमल साइन्स) |
| **लुम्बिनी प्रदेश** | | |
| ४६. | मदन पोखरा बहुप्राविधिक शिक्षालय, मदनपोखरा, पाल्पा | डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स)<br>डिप्लोमा इन एग्रिकल्चर (एनिमल साइन्स)<br>डिप्लोमा इन इन्फर्मेसन टेक्नोलोजी<br>डिप्लोमा इन फरेष्ट्री* |
| ४७. | कोरिया नेपाल बहुप्राविधिक शिक्षालय, बुटवल, रुपन्देही | डिप्लोमा इन मेकानिकल इन्जिनियरिङ<br>डिप्लोमा इन अटोमोबाइल इन्जिनियरिङ<br>डिप्लोमा इन इलेक्ट्रिकल एन्ड इलेक्ट्रोनिक्स इन्जिनियरिङ<br>डिप्लोमा इन रेफ्रिजेरेसन एन्ड एयरकण्डिसनिङ<br>डिप्लोमा इन इन्फर्मेसन टेक्नोलोजी |
| ४८. | राप्ती प्राविधिक शिक्षालय, गढवा, दाङ | डिप्लोमा इन सिभिल इन्जिनियरिङ<br>डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स)<br>डिप्लोमा इन एग्रिकल्चर (एनिमल साइन्स)<br>डिप्लोमा इन फार्मेसी<br>डिप्लोमा इन सिभिल इन्जिनियरिङ (हाइड्रोपावर)<br>प्रमाणपत्र तह अप्थाल्मिक साइन्स*<br>प्रि-डिप्लोमा इन सिभिल इन्जिनियरिङ<br>प्रि-डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स)<br>प्रि-डिप्लोमा इन सर्भे इन्जिनियरिङ |

| | | |
|---|---|---|
| ४९. | भेरी प्राविधिक शिक्षालय, नेपालगंज, बाँके | डिप्लोमा इन सिभिल इन्जिनियरिङ<br>डिप्लोमा इन मेकानिकल इन्जिनियरिङ<br>डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिङ<br>डिप्लोमा इन फार्मेसी<br>प्रमाणपत्र तह डाइग्नोस्टिक रेडियोग्राफी<br>डिप्लोमा इन मेडिकल ल्याब टेक्नोलोजी*<br>प्रि-डिप्लोमा इन सिभिल इन्जिनियरिङ<br>प्रि-डिप्लोमा इन मेकानिकल इन्जिनियरिङ<br>प्रि-डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिङ<br>प्रि-डिप्लोमा इन अटोमोबाइल इन्जिनियरिङ<br>प्रि-डिप्लोमा इन इलेक्ट्रोनिक्स इन्जिनियरिङ<br>प्रि-डिप्लोमा इन रेफ्रिजेरेसन एन्ड एयर कण्डिसनिङ<br>प्रि-डिप्लोमा इन कम्प्युटर एप्लिकेसन एन्ड सेक्रेटरियल म्यानेजमेन्ट |
| ५०. | एग्रो फरेष्ट्री बहुप्राविधिक शिक्षालय, छत्रदेव, अर्घाखाँची | डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स)<br>डिप्लोमा इन एग्रिकल्चर (एनिमल साइन्स)<br>डिप्लोमा इन फरेष्ट्री*<br>प्रि-डिप्लोमा इन लाइभस्टक प्रोडक्सन/एनिमल हेल्थ* |
| ५१. | पाणीनी बहुप्राविधिक शिक्षालय, चिवेक, अर्घाखाँची | डिप्लोमा इन सिभिल इन्जिनियरिङ<br>डिप्लोमा इन फरेष्ट्री *<br>डिप्लोमा इन जियोमेटिक्स इन्जिनियरिङ* |
| ५२. | रोल्पा बहुप्राविधिक शिक्षालय, मेवाङ्ग, रोल्पा | डिप्लोमा इन एग्रिकल्चर (एनिमल साइन्स)<br>डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स)<br>डिप्लोमा इन इन्फर्मेसन टेक्नोलोजी |
| ५३. | शहीद कृष्णसेन इच्छुक बहुप्राविधिक शिक्षालय, घोराही, दाङ्ग | डिप्लोमा इन फरेष्ट्री<br>डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स)<br>डिप्लोमा इन होटल म्यानेजमेन्ट<br>डिप्लोमा इन फार्मेसी<br>प्रमाण पत्र तह मेडिकल ल्याब टेक्नोलोजि<br>प्रमाण पत्र तह डाइग्नोस्टिक रेडियोग्राफी<br>डिप्लोमा इन मेडिसिनल एन्ड एरोमेटिक प्लान्टस्*<br>डिप्लोमा इन एग्रिकल्चर (एनिमल साइन्स)*<br>डिप्लोमा इन फुड एन्ड डेरी टेक्नोलोजी*<br>डिप्लोमा इन आर्किटेक्चर इन्जिनियरिङ*<br>डिप्लोमा इन मेकानिकल इन्जिनियरिङ* |

| | | |
|---|---|---|
| ५४. | जीवराज आश्रित बहुप्राविधिक शिक्षालय, इस्मा, गुल्मी | डिप्लोमा इन जियोमेटिक्स इन्जिनियरिङ<br>डिप्लामो इन इलेक्ट्रिकल इन्जिनियरिङ*<br>डिप्लोमा इन आर्किटेक्चर इन्जिनियरिङ*<br>डिप्लोमा इन अटोमोबाइल इन्जिनियरिङ* |
| ५५. | तुराङ्ग बहुप्राविधिक शिक्षालय, गुल्मी | डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स)<br>डिप्लोमा इन एग्रिकल्चर (एनिमल साइन्स) |
| ५६. | शहीद विष्णुधनी बहुप्राविधिक शिक्षालय, बारबर्दिया, बर्दिया | डिप्लोमा इन फरेष्ट्री<br>डिप्लोमा इन सिभिल इन्जिनियरिङ* |
| **कर्णाली प्रदेश** | | |
| ५७. | कर्णाली प्राविधिक शिक्षालय, चन्दननाथ, जुम्ला | डिप्लोमा इन सिभिल इन्जिनियरिङ<br>डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स)<br>डिप्लोमा इन फरेष्ट्री<br>डिप्लोमा इन फार्मेसी<br>प्रमाणपत्र तह मेडिकल ल्याब टेक्नोलोजी*<br>प्रमाणपत्र तह डाइग्नोस्टिक रेडियोग्राफी*<br>प्रमाणपत्र तह अप्थाल्मिक साइन्स*<br>प्रमाणपत्र तह सामान्य चिकित्सा*<br>प्रि-डिप्लोमा इन सिभिल इन्जिनियरिङ*<br>प्रि-डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स)* |
| ५८. | शहीद नेत्रलाल बहुप्राविधिक शिक्षालय, खलङ्गा, सल्यान | डिप्लोमा इन सिभिल इन्जिनियरिङ<br>डिप्लोमा इन एग्रिकल्चर (एनिमल साइन्स) |
| ५९. | जाजरकोट बहुप्राविधिक शिक्षालय, काफलचौर, जाजरकोट | डिप्लोमा इन सिभिल इन्जिनियरिङ<br>डिप्लोमा इन एग्रिकल्चर (एनिमल साइन्स)<br>डिप्लोमा इन फार्मेसी<br>डिप्लोमा इन फरेष्ट्री* |
| ६०. | शहीद यज्ञश्वर स्मृति बहुप्राविधिक शिक्षालय, चौरजहारी, रुकुम पश्चिम | डिप्लोमा इन फरेष्ट्री<br>डिप्लोमा इन जियोमेटिक्स इन्जिनियरिङ<br>डिप्लोमा इन फार्मेसी<br>डिप्लोमा इन कम्प्युटर इन्जिनियरिङ* |
| ६१. | गुर्भाकोट बहुप्राविधिक शिक्षालय, गुर्भाकोट, सुर्खेत | प्रमाणपत्र तह नर्सिङ* |

| सुदूरपश्चिम प्रदेश | | |
|---|---|---|
| ६२. | टीकापुर बहुप्राविधिक शिक्षालय, टीकापुर, कैलाली | डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स)<br>डिप्लोमा इन एग्रिकल्चर (एनिमल साइन्स)<br>डिप्लोमा इन फरेष्ट्री<br>डिप्लोमा इन सिभिल इन्जिनियरिङ<br>डिप्लोमा इन एग्रिकल्चरल इन्जिनियरिङ*<br>प्रि-डिप्लोमा इन सिभिल (भवन निर्माण) इन्जिनियरिङ (अप्रेन्टिसिप) |
| ६३. | सेती प्राविधिक शिक्षालय, दिपायल, डोटी | डिप्लोमा इन सिभिल इन्जिनियरिङ (थप कार्यक्रमसमेत)<br>डिप्लोमा इन एग्रिकल्चर (एनिमल साइन्स)<br>डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स)<br>डिप्लोमा इन फार्मेसी<br>प्रि-डिप्लोमा इन लाइभस्टक प्रोडक्सन/एनिमल हेल्थ<br>प्रि-डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स)* |
| ६४. | भीमदत्त बहुप्राविधिक शिक्षालय, पाटन, बैतडी | डिप्लोमा इन सिभिल इन्जिनियरिङ<br>डिप्लोमा इन फार्मेसी<br>डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स)* |
| ६५. | शहीद बृषबहादुर सिंह बहुप्राविधिक शिक्षालय, अठला, बझाङ्ग | डिप्लोमा इन सिभिल इन्जिनियरिङ<br>डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स) |
| ६६. | शुक्लाफाँटा बहुप्राविधिक शिक्षालय, झलारी, कञ्चनपुर | डिप्लोमा इन मेकानिकल इन्जिनियरिङ<br>डिप्लोमा इन सिभिल इन्जिनियरिङ<br>डिप्लोमा इन फार्मेसी<br>डिप्लोमा इन अटोमोबाइल इन्जिनियरिङ*<br>डिप्लोमा इन रेफ्रिजेरेसन एन्ड एयर कन्डिसनिङ*<br>प्रि-डिप्लोमा इन अटोमोबाइल इन्जिनियरिङ (अप्रेन्टिसिप) |
| ६७. | मंगलसेन बहुप्राविधिक शिक्षालय, मंगलसेन, अछाम | प्रमाणपत्र तह सामान्य चिकित्सा<br>डिप्लोमा इन फार्मेसी |
| | | स्रोत: पोलिटेक्निक महाशाखा/परीक्षा नियन्त्रण कार्यालय |

* शैक्षिक सत्र २०८१/८२ मा सञ्चालन नभएको कार्यक्रम ।

## अनुसूची ४: साझेदारी स्वरूपमा सञ्चालित शिक्षालय र कार्यक्रम

| क्र.सं. | शिक्षालयको नाम, ठेगाना | कार्यक्रम |
|---|---|---|
| कोशी प्रदेश | | |
| १. | महानगर बहुप्राविधिक शिक्षालय, विराटनगर, मोरङ्ग | डिप्लोमा इन सिभिल इन्जिनियरिङ<br>डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिङ<br>डिप्लोमा इन जियोमेटिक्स इन्जिनियरिङ<br>डिप्लोमा इन आर्किटेक्चर इन्जिनियरिङ* |
| २. | थुलुङ्ग दुधकोशी टेक्निकल कलेज, मुक्ली, सोलुखुम्बु | डिप्लोमा इन सिभिल इन्जिनियरिङ |
| ३. | कन्काई पोलिटेक्निक इन्स्टिच्युट, कन्काई, झापा | डिप्लोमा इन सिभिल इन्जिनियरिङ<br>डिप्लोमा इन इन्फर्मेसन टेक्नोलोजी<br>डिप्लोमा इन जियोमेटिक्स इन्जिनियरिङ*<br>प्रि-डिप्लोमा इन सिभिल (निर्माण) इन्जिनियरिङ (अप्रेन्टिसिप)<br>प्रि-डिप्लोमा इन इन्फरमेसन टेक्नोलोजी (अप्रेन्टिसिप) |
| ४. | मेचीनगर पोलिटेक्निक इन्स्टिच्युट, मेचीनगर, झापा | डिप्लोमा इन आर्किटेक्चर इन्जिनियरिङ<br>डिप्लोमा इन इन्फर्मेसन टेक्नोलोजी<br>डिप्लोमा इन सिभिल इन्जिनियरिङ |
| ५. | ओखलढुङ्गा स्कुल अफ हेल्थ साइन्स, सोब्रु, ओखलढुङ्गा | प्रमाणपत्र तह नर्सिङ* |
| ६. | मनमोहन स्मृति पोलिटेक्निक, हात्तीमुडा, मोरङ्ग | डिप्लोमा इन सिभिल इन्जिनियरिङ<br>डिप्लोडिप्लोमा इन मेकानिकल इन्जिनियरिङ<br>डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिङ<br>डिप्लोमा इन इलेक्ट्रिकल एन्ड इलेक्ट्रोनिक्स इन्जिनियरिङ<br>डिप्लोमा इन इलेक्ट्रोनिक्स इन्जिनियरिङ<br>डिप्लोमा इन इन्फरमेशन टेक्नोलोजी<br>डिप्लोमा इन आर्किटेक्चर इन्जिनियरिङ*<br>प्रि-डिप्लोमा इन अटोमोबाइल इन्जिनियरिङ (अप्रेन्टिसिप)<br>प्रि-डिप्लोमा इन मेकानिकल इन्जिनियरिङ (अप्रेन्टिसिप)<br>प्रि-डिप्लोमा इन इन्फरमेशन टेक्नोलोजी (अप्रेन्टिसिप)<br>प्रि-डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिङ (अप्रेन्टिसिप) |

| | | |
|---|---|---|
| ७. | शैलेजा आचार्य मेमोरियल पोलिटेक्निक इन्स्टिच्युट, मोरङ्ग | प्रमाणपत्र तह नर्सिङ<br>डिप्लोमा इन फार्मेसी<br>डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स)<br>डिप्लोमा इन एग्रिकल्चर (एनिमल साइन्स)<br>डिप्लोमा इन सिभिल इन्जिनियरिङ<br>प्रि-डिप्लोमा इन लाइभस्टक प्रोडक्सन/एनिमल हेल्थ<br>प्रि-डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स)<br>प्रि-डिप्लोमा इन सर्भे इन्जिनियरिङ<br>प्रि-डिप्लोमा इन कम्प्युटर इन्जिनियरिङ<br>प्रि-डिप्लोमा इन इन्फरमेसन टेक्नोलोजी (अप्रेन्टिसिप) |
| ८. | नरबहादुर कर्माचार्य स्मृति प्रतिष्ठान, इटहरी, सुनसरी | डिप्लोमा इन होटल म्यानेजमेन्ट<br>डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स)<br>डिप्लोमा इन फार्मेसी<br>डिप्लोमा इन सिभिल इन्जिनियरिङ*<br>प्रि-डिप्लोमा इन होटल म्यानेजमेन्ट (अप्रेन्टिसिप) |
| ९. | बी.पी. कोइराला सेवा केन्द्र, सुनवर्सी, मोरङ्ग | डिप्लोमा इन सिभिल इन्जिनियरिङ<br>प्रि-डिप्लोमा इन सिभिल इन्जिनियरिङ* |
| १०. | गणेशमान सिंह एकेडेमी टेक्निकल एन्ड भोकेसनल स्कुल, सिवसताक्षी, झापा | डिप्लोमा इन सिभिल इन्जिनियरिङ<br>डिप्लोमा इन इन्फर्मेसन टेक्नोलोजी<br>डिप्लोमा इन कम्प्युटर इन्जिनियरिङ*<br>प्रि-डिप्लोमा इन सिभिल इन्जिनियरिङ (अप्रेन्टिसिप) |
| ११. | नरबहादुर कर्माचार्य स्मृति प्रतिष्ठान, बिर्तामोड, झापा | डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स)<br>डिप्लोमा इन एग्रिकल्चर (एनिमल साइन्स)<br>डिप्लोमा इन होटल म्यानेजमेन्ट<br>डिप्लोमा इन फरेष्ट्री<br>डिप्लोमा इन सिभिल इन्जिनियरिङ* |
| १२. | पुष्प धिरेन स्मृति प्रतिष्ठान, दमक, झापा | डिप्लोमा इन सिभिल इन्जिनियरिङ<br>डिप्लोमा इन कम्प्युटर इन्जिनियरिङ<br>डिप्लोमा इन जियोमेटिक्स इन्जिनियरिङ*<br>प्रि-डिप्लोमा इन इन्फरमेसन टेक्नोलोजी (अप्रेन्टिसिप) |
| १३. | शहीद स्मृति प्रतिष्ठान, बिर्तामोड, झापा | डिप्लोमा इन सिभिल इन्जिनियरिङ<br>डिप्लोमा इन जियोमेटिक्स इन्जिनियरिङ<br>डिप्लोमा इन कम्प्युटर इन्जिनियरिङ* |

| | | |
|---|---|---|
| १४. | दिनेश चौधरी स्मृति प्रतिष्ठान, सुनसरी | डिप्लोमा इन सिभिल इन्जिनियरिङ*<br>डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स)* |
| १५. | दुर्गा देवी सामुदायिक विकास केन्द्र, कमल, झापा | डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स)*<br>डिप्लोमा इन एग्रिकल्चर (एनिमल साइन्स)* |
| १६. | मदन भण्डारी स्मृति प्रतिष्ठान नेपाल, उर्लाबारी, मोरङ | डिप्लोमा इन एग्रिकल्चर (एनिमल साइन्स)<br>डिप्लोमा इन सिभिल इन्जिनियरिङ<br>प्रमाणपत्र तह सामान्य चिकित्सा<br>प्रमाणपत्र तह नर्सिङ*<br>डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स)*<br>प्रि-डिप्लोमा इन लाइभस्टक प्रोडक्सन/एनिमल हेल्थ<br>प्रि-डिप्लोमा इन सिभिल इन्जिनियरिङ* |
| **मधेश प्रदेश** | | |
| १७. | मौलापुर पोलिटेक्निक इन्स्टिच्युट, रौतहट | डिप्लोमा इन सिभिल इन्जिनियरिङ<br>डिप्लोमा इन जियोमेटिक्स इन्जिनियिरिङ |
| १८. | चन्द्रनगर पोलिटेक्निक इन्स्टिच्युट, सर्लाही | डिप्लोमा इन सिभिल इन्जिनियरिङ*<br>डिप्लोमा इन इन्फर्मेसन टेक्नोलोजी* |
| १९. | हनुमाननगर पोलिटेक्निक इन्स्टिच्युट, सप्तरी | डिप्लोमा इन सिभिल इन्जिनियरिङ<br>डिप्लोमा इन कम्प्युटर इन्जिनियरिङ<br>डिप्लोमा इन जियोमेटिक्स इन्जिनियरिङ*<br>डिप्लोमा इन इन्फर्मेसन टेक्नोलोजी* |
| २०. | राजविराज पोलिटेक्निक इन्स्टिच्युट, सप्तरी | डिप्लोमा इन सिभिल इन्जिनियरिङ<br>डिप्लोमा इन जियोमेटिक्स इन्जिनियरिङ |
| २१. | गौशाला  टेक्निकल स्कुल, महोत्तरी | प्रमाणपत्र तह सामान्य चिकित्सा (आयुर्वेद) |
| २२. | धनगढीमाई पोलिटेक्निक इन्स्टिच्युट, सिरहा | डिप्लोमा इन योग एन्ड नेचुरोप्याथी |
| २३. | सिम्रौनगढ बहुप्राविधिक शिक्षालय, बारा | डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स)<br>डिप्लोमा इन एग्रिकल्चर (एनिमल साइन्स)<br>डिप्लोमा इन सिभिल इन्जिनियरिङ* |
| २४. | कालिका पोलिटेक्निक इन्स्टिच्युट, हरिपुर्वा, सर्लाही | डिप्लोमा इन एग्रिकल्चर (एनिमल साइन्स)<br>प्रमाणपत्र तह सामान्य चिकित्सा<br>डिप्लोमा इन फार्मेसी |

| | | |
|---|---|---|
| २५. | शहीदनगर पोलिटेक्निक इन्स्टिच्युट, धनुषा | डिप्लोमा इन सिभिल इन्जिनियरिङ* |
| २६. | जय गोविन्द साह पोलिटेक्निक इन्स्टिच्युट, गोलबजार, सिरहा | डिप्लोमा इन सिभिल इन्जिनियरिङ<br>डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स)<br>डिप्लोमा इन इन्फर्मेसन टेक्नोलोजी<br>डिप्लोमा इन जियोमेटिक्स इन्जिनियरिङ<br>डिप्लोमा इन फार्मेसी |
| २७. | शहीद रामवृक्ष यादव प्राविधिक प्रतिष्ठान, गौशाला, महोत्तरी | डिप्लोमा इन फार्मेसी<br>डिप्लोमा इन एग्रिकल्चर (एनिमल साइन्स)*<br>डिप्लोमा इन जियोमेटिक्स इन्जिनियरिङ* |
| २८. | जयगोविन्द साह अध्ययन केन्द्र, बर्दिबास, महोत्तरी | डिप्लोमा इन फार्मेसी<br>डिप्लोमा इन जियोमेटिक्स इन्जिनियरिङ* |
| २९. | पञ्चमुखी शहीद ट्रष्ट, मिर्चैया, सिरहा | डिप्लोमा इन फार्मेसी<br>डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स)*<br>डिप्लोमा इन जियोमेटिक्स इन्जिनियरिङ* |
| ३०. | गजेन्द्रनारायण सिंह मेमोरियल फाउन्डेसन, रौतहट | प्रमाणपत्र तह सामान्य चिकित्सा<br>प्रमाणपत्र तह मेडिकल ल्याब टेक्नोलोजी<br>डिप्लोमा इन फार्मेसी |
| ३१. | सगरमाथा चौधरी आँखा अस्पताल स्कुल अफ मेडिकल साइन्स, लहान, सिरहा | प्रमाणपत्र तह अप्थाल्मिक साइन्स |
| **बागमती प्रदेश** | | |
| ३२. | सिन्धुली कम्युनिटी टेक्निकल इन्स्टिच्युट, सिन्धुली | डिप्लोमा इन सिभिल इन्जिनियरिङ<br>डिप्लोमा इन एग्रिकल्चर (एनिमल साइन्स)<br>प्रि-डिप्लोमा इन सिभिल (निर्माण) इन्जिनियरिङ (अप्रेन्टिसिप) |
| ३३. | बिगु पोलिटेक्निक इन्स्टिच्युट, दोलखा | डिप्लोमा इन सिभिल इन्जिनियरिङ* |
| ३४. | नेपाल प्रहरी अस्पताल स्कुल अफ हेल्थ साइन्स, महाराजगन्ज, काठमाण्डौ | प्रमाणपत्र तह नर्सिङ |
| ३५. | नेपाली आर्मी स्कुल अफ इलेक्ट्रोनिक्स एन्ड मेकानिकल इन्जिनियरिङ, खरिपाटी, भक्तपुर | डिप्लोमा इन मेकानिकल इन्जिनियरिङ<br>डिप्लोमा इन अटोमोबाइल इन्जिनियरिङ |

| | | |
|---|---|---|
| ३६. | किस्पाङ्ग पोलिटेक्निक इन्स्टिच्युट, काउले, नुवाकोट | प्रमाणपत्र तह सामन्य चिकित्सा<br>डिप्लोमा इन फार्मेसी |
| ३७. | ए.पी.एफ. नेपाल इन्स्टिच्युट अफ हेल्थ साइन्स, बलम्बु, काठमाण्डौ | प्रमाणपत्र तह नर्सिङ* |
| ३८. | नेपाल पुलिस टेक्निकल कलेज, साँगा, भक्तपुर | डिप्लोमा इन कम्प्युटर इन्जिनियरिङ* |
